वर्ष : १६, अंक : ३१, काठमाडौं, २०७७ मंसिर ५ गते शुक्रबार, 20 November 2020, Friday पृष्ठ : ८, मूल्य रू : १०

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
| --- | --- |
| रू. ५०००।– (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस
हनुमानस्थानचोक, अनामनगर, काठमाडौं
फोन नं. : ०१-५७०६१४१, ९८०८१२५०२४
ई-मेल : madheshmediahouse @gmail.com

## घरमै छठ मनाउन आग्रह

जनकपुरधाम । प्रदेश २ का जिल्ला प्रशासन कार्यालयहरुले आ-आफ्नै घरमा छठ पर्व मनाउन आग्रह गरेका छन् । कतिपय जिल्लामा जलासयमै मनाइए एउटा परिवारबाट ब्रतालुसहित दुई जनासम्म मात्रै जान आग्रह गरिएको छ ।

प्रशासन कार्यालयले घरमै पर्व मनाउन आग्रह गरेपनि सार्वजनिक र निजी जलाशयहरूमा घाट निर्माणको काम सुरू भएको देखिन्छ । जनकपुरधामको गंगासागरसहितका पोखरीमा घाट बनाउने काम सुरू भएको छ । रौतहटको चन्द्रनिगाहपुरस्थित चाँदी नदीको किनार, गौरस्थित बरहबा तालसहितका जलासयमा घाट बनाउन सुरू गरिएको छ भने वीरगञ्जको घडीअर्बालगायतका पोखरीमा पनि घाट तयार पार्ने काम प्रारम्भ गरिएको छ ।

सप्तरी, महोत्तरी, सर्लाही, बारा र सिराहा जिल्लाका जलासयमा पनि घाट निर्माण गर्न शुरु गरिएको छ । घाट निर्माण गरिएपनि यस पटकको छठ पर्व भने खल्लो रहने स्थानीयवासी बताउँछन् ।

प्रदेश २ का प्रजिअहरूले सकेसम्म घरमै बनाउन र जलासयमै जाने भए भीडभाड नगर्न आग्रह गरेको छ । धनुषाका प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद भट्टराई छठ पर्व घरमै मनाउन आग्रह गरिएको जानकारी दिए । जलासयमा जानेहरूलाई पानीमा नडुबिकन छठ मनाउन समेत भट्टराईले आग्रह गरे ।

बाराका प्रजिअ दीपकराज नेपालले सुरक्षा समितिको बैठक बसेर भिडभाड नगरीदिन आग्रह गरिएको बताउँछन् । उनी भन्छन्, 'संस्कृति मनाउन हामी रोक्दैनौं, तर कोरोना संक्रमणको अवस्थालाई ख्याल गर्नु आग्रह गर्छु ।'

महोत्तरीका प्रजिअ कृष्णबहादुर कटुवाल छठ मनाउँदा अनिवार्य भौतिक दूरी कायम गर्नुपर्ने बताउँछन् । 'यस्तो महामारीका बेला श्रद्धालुहरूले आफ्नो स्वास्थ्य सुरक्षाबारे ख्याल गर्नुहुन्छ भन्ने विश्वास छ' कटुवाल भन्छन् ।

सर्लाहीका प्रमुख जिल्ला अधिकारी सुरेन्द्र पौडेल छठ पर्वको घाटसम्म ब्रतालु र उनको साथमा एक जनालाई मात्रै जान आग्रह गरिएको बताए । उनले छठ पर्वलाई हेर्ने र भिडभाड भएको ठाउँमा स्वयंसेवक र प्रहरी परिचालन गर्ने जानकारी दिए ।

सिराहा जिल्लामा स्थानीय प्रशासनले घर घरमै धारा राखेर छठ पर्व मनाउन अनुरोध गरेको छ । त्यहाँका प्रजिअ प्रदीपराज कँणेल भन्छन्, 'कतिपयले हाम्रो अनुरोधलाई स्वीकार गर्नु भएको छ, कतिपयले भने परम्परागत चाडपर्व मनाउनुपर्छ भनेका छन् ।'

## सीमाको सकस

# लामो बन्दले अन्तर-सांस्कृतिक सम्बन्ध जटिल बन्दै


गौर, रौतहट



मलंगवा, सर्लाही


दुहवी, धनुषा

नेपाल–भारत सीमा नाका खोल्नुपर्ने माग राख्दै रौतहट, सर्लाही, धनुषालगायतका ठाउँहरूमा स्थानीय जनप्रतिनिधिहरूसहित नागरिक समाजका अगुवाहरू धर्नामा ।

**मधेशवाणी डेस्क**

काठमाडौं । नेपाल-भारत सीमा नाका खोल्नुपर्ने माग राख्दै सर्लाही, रौतहट, धनुषासहितका ठाउँमा स्थानीय जनप्रतिनिधिहरुहरुले दिएर दबाब सिर्जना गरेका छन् । कोरोना भाइरस (कोभिड १९) को संक्रमण नियन्त्रण गर्न भन्दै आठ महिनादेखि बन्द रहेको भारतीय सीमा खुलाउन सीमा क्षेत्रमा धर्ना कार्यक्रम सुरु भएको छ । सरकारले कोरोना नियन्त्रणका लागि गत चैत ११ गते देशव्यापी लकडाउन तथा सीमा बन्द गरेयता भारतसँग जोडिएका सीमा नाकाऔपचारिक रूपमा खोलिएको छैन ।

कोभिड-१९ रोकथाम र नियन्त्रणका नाममा आठ महिनादेखि नेपाल-भारत सीमा वारिपारि आउजाउमा रोक लगाइँदा सीमावर्ती क्षेत्रमा आर्थिक, सामाजिक र सांस्कृतिक गतिविधि प्रभावित बनेका छन् । सीमा वारिपारिको सम्बन्धमा लगाइएको 'ब्रेक' ले दैनिक जीवनमा प्रभाव परेको भन्दै सीमा क्षेत्रका मानिसले आक्रोशसमेत पोख्ने गरेका छन् ।

सरकारले देशैभर भारतबाट नेपाल प्रवेशका लागि पछिल्लो समय १० वटा नाकालाई मात्रै अनुमति दिएको छ/ । प्रवेश गर्न भनिएका स्थानमा पनि आउजाउ सहज छैन/ ।

मलंगवा-सोनवर्षा सीमा नजिक सर्लाहीका जनप्रतिनिधिहरुले धर्ना दिएका हुन् । भारतसँग सिमाना जोडिएका नगरपालिकाका मेयर, गाउँपालिकाका अध्यक्ष, प्रदेश सभा सदस्यहरु पनि धर्नामा बसेका थिए ।

चाडपर्व र विहेबारीको समयमा नाका बन्द हुँदा सीमा नजिकैका स्थानीयहरुको जनजीवन प्रभावित भएको भन्दै उनीहरुले नाका खोल्नुपर्ने माग राख्दै धर्ना दिएका हुन् । सरकारलाई ध्यानाकर्षण गराउन धर्ना कार्याक्रमको आयोजना गरिएको सर्वपक्षीय जिल्ला संघर्ष समिति सर्लाहीका संयोजक एवं जिल्ला समन्वय समिति सर्लाहीका सभापति मेथुर चौधरीले जानकारी दिए ।

'सरकारले कोरोना महामारीको नाममा जनतालाई दुख दिने काम गरेको छ । धर्ना कार्यक्रमबाट कुनै सुनुवाइ भएन भने आन्दोलनको अर्को चरणको कार्यक्रम गर्नेछौं,' चौधरीले बताए । सिमानाका खोल्यो भने कोरोना भित्रिने भन्दै सरकारले अघोाषित नाकाबन्दी गरेको प्रदेशसभा सदस्य अशोक यादवले आरोप लगाएका छन् ।

धर्नाबाट सुनुवाइ भएन भने कडा आन्दोलन गर्न आफूहरु बाध्य हुने प्रदेशसभा सदस्य यादवले चेतावनी दिएका छन् । यस्तै गोडैता नगरपालिकाका मेयर देवेन्द्र कुमार यादवले सरकार पूर्वाग्राही भएर नाका बन्द गरेको आरोप लगाए । साथै बिहेबारीको समयमा सीमा बन्द हुँदा कतिपय मानिसको बिहेबारी समेत रोकिएको उनीहरुको गुनासो छ ।

कोरोना सङ्क्रमण नियन्त्रणका लागि लामो समयदेखि बन्द रहेको नेपाल-भारत सो नाकाका कारण दुवै देशका सीमावर्ती क्षेत्रका बासिन्दाले आफूहरु समस्यामा परेको भन्दै नाका नखोलिए आन्दोलन गर्ने चेतावनी दिएका हुन् । यता। रौतहट । कोरोना महामारीका कारण लामो समयदेखि बन्द रहेको नेपाल-भारत सीमा नाका खुलाउन माग गर्दै रौतहटको गौरमा स्थानीयले प्रदर्शन गरेका छन् ।

रौतहटको मुख्य नाका गौर भन्सार अगाडिबाट नेपाल-भारत आवतजावत गर्न दिन र पहिलेजस्तै सीमा नाका सञ्चालन गर्न माग गर्दै स्थानीयले प्रदर्शन गरेका हुन् ।

चाडपर्वका बेला किनमेलका गर्न भारतीय बजारसम्म जान नपाएको प्रदर्शनकारीले बताएका छन् । बजार, कलकारखाना, विद्यालय र यातायात सबै संचालन भइसक्दा पनि सीमा नाका बन्द गर्नु उचित नहुने उनीहरुको भनाइ छ ।

चाडबाडका बेला किनमेलका लागि सीमावर्ती बजारहरुमा भीड लाग्ने गर्थ्यो । पहिलेजस्तै सामान्य रुपमा मुख्य नाका सञ्चालन गर्न राजनीतिक दलका प्रतिनिधिले प्रमुख जिल्ला अधिकारीलाई ज्ञापनपत्र समेत बुझाएका छन् ।

धनुषामा भएको धर्ना कार्यक्रममा प्रदेश सांसद एवं सत्तारुढ दल जनता समाजवादी पार्टी संसदीय दलका उपनेता रामआशिष यादव पनि सहभागी भए । कोरोनाको बहाना बनाएर सीमावर्ती क्षेत्रमा बसोबास गर्ने दुवैतिरका जनताबीच सम्बन्ध विगार्ने मनसाय बनाएर नेपाल सरकारले एकतर्फी सीमा बन्द जारी राखेको आरोप सांसद यादवको छ ।

सीमापारी कोरोना कहर शान्त भएर भारतीय सरकारले सीमा खोलिसके पनि नेपाल सरकारले एकतर्फी सीमा बन्द लम्ब्याउनु गलत भएको उनको जिकिर छ ।

नेपाल भारत खुला सीमा संवाद समूहको अगुवाइमा सुरु गरिएको धर्ना कार्यक्रम सीमा खुला नगरिएसम्म जारी रहने समूहका संयोजक राजिव झाले बताए । 'कोरोना नियन्त्रणकै लागि बन्द गरिएको थियो भने भारततर्फ जनजीवन समान्य भइसक्यो । उताबाट सीमा नाका खुला पनि गरिसक्यो' झाले भने, 'नेपालतर्फबाट एक महिनाको नाउँमा अनिश्चितकालसम्म सीमा बन्द गरेर दुई देशबीचको बेटीरोटीको सम्बन्धमा समेत खलल् पुग्ने अवस्था आउँदैछ ।'

नेपाल सरकारले कोरोनाको नाउँमा सीमा वारी र पारीका बासिन्दाबीच दूरी बढाउने षडयन्त्र गरेको आरोप धर्नामा बसेकाहरुको छ । सीमा बन्द भएर अवरुद्ध भएको व्यापारले मुलुकलाई ठूलो आर्थिक क्षति भएपनि अनिश्चितकालीन सीमा बन्द गर्ने निर्णयले सरकारको उद्धेश्यमाथि शंका उत्पन्न भएको जसपा नेपालका केन्द्रिय सदस्य चन्दन दुवेले बताए ।

सीमावर्ती क्षेत्रमा वारिपारि विवाहको चलन पुस्तौंदेखिको हो । विगतको तुलनामा हालका वर्षमा यो चलन केही कम भए पनि यस वर्ष लकडाउन र नाका बन्द हुँदा झनै समस्या भएको छ । भारतबाट आउनमात्रै होइन, भारततर्फ जन्ती जान पनि विभिन्न झमेलाहरू छन् । जिल्ला प्रशासन कार्यालयको सिफारिससँगै सीमित संख्यामा जन्ती लैजान पाउने गरिएको छ । अहिले जिल्ला प्रशासनमा भारततर्फ जन्ती जानका लागि तीनवटा सिफारिस माग गरिएको कञ्चनपुरका प्रमुख जिल्ला अधिकारी रामकुमार महतोले बताए । 'सामाजिक कार्य भएकाले स्वास्थ्य सुरक्षाका मापदण्ड अपनाउने जन्तीलाई आउनजान दिने भन्ने भएको छ,' उनले भने, 'भारतबाट आउने जन्तीका लागि भने हामीले पीसीआर अनिवार्य भनेका छौं ।'

कोभिड-१९ को जोखिम न्यूनीकरणका

बाँकी अन्तिम पृष्ठमा

## 'गौर हत्याकाण्डका अपराधीहरूलाई कारवाही हुनुपर्छ'

रौतहट । नेपाल कम्युनिष्ट पार्टीका नेता तथा सांसद प्रभु साहले गौर हत्याकाण्डका अपराधीहरुलाई कारवाही गर्न विलम्ब गर्न नहुने बताएका छन् ।

बुधबार दिपावली तथा छठ पर्वको अवसरमा रौतहटको बौधीमाई नगरपालिका-४, इनरवारीमा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै नेकपा प्रदेश २ का अध्यक्ष समेत रहेका नेता साहले रौतहटको कलंकको रुपमा राजपुर बम काण्ड र गौर हत्याकाण्ड रहेको बताए । उनले राजपुर बम काण्डको पीडितले न्याय पाउने स्थिति रहेको तर गौर हत्याकाण्डको अपराधी खुलेआम घुम्नु दुःखद रहेको बताए । हत्याकाण्डका योजनाकार तथा हत्याराविरुद्ध जाहेरी दर्ता भएको वर्षौं बितिसक्दा पनि पीडित न्यायको पर्खाइमा रहेको भन्दै नेता साहले अपराधीलाई कारवाही गरि रौतहटमाथि लागेको कंलक हटाउन ध्यानाकर्षण गराएका हुन् ।

घटनाको छानबिनका लागि गठन गरिएको आयोगसमेतले अपराधीहरुको बारेमा स्पष्ट प्रमाण दिइसकेको वर्षौं बितिसकेकोले अब हत्याराहरुलाई

बाँकी अन्तिम पृष्ठमा

### समय–सन्दर्भ

## छठ : महत्व र विशेषता

श्रद्धा, भक्ति र सम्पूर्ण मधेशको साझा सांस्कृतिक प्रतिबिम्बको रुपमा मनाइने छठ पर्व धार्मिक परम्पराअनुसार हर्षोल्लासका साथ मनाइन्छ । सत्य र अहिंसाप्रति मानवको रुचि बढाउने र सबै जीवप्रति सहानुभूति राख्न अभिप्रेरित गर्ने महान् चाड हो, छठ पर्व । सबै जातजातिले साझा रुपमा मनाउने यस पर्वको विशेषता हो । सूर्य उपासना परम्पराको मोहक पद्दति मानिएको संसारमा यही एक यस्तो पर्व हो जसमा अस्ताउँदो र उदाउदो सूर्यलाई पूजा गरिन्छ । यस पर्वमा चाहिने भाँडाकुँडा वस्तुजातको बन्दोबस्त एक महिना अगाडिदेखि नै गर्न थालिन्छ । विशेष गरेर कात्तिक शुक्लपक्षमा मनाउने यो पर्व चार दिनसम्म मनाइन्छ । कात्तिक महिनाको चौथीदेखि ब्रतालु भई यो पर्व मनाउन सुरु गरिन्छ र सप्तमीको बिहान यो पर्वको समापन गरिन्छ । पहिलो दिन अर्थात् चतुर्थीका दिनलाई 'अरबा-अरबाइन' वा नहान खान भन्ने गरिएको छ । यो दिनमा व्रतालुहरुले खोला, नाला, नदी, पोखरी र तलाउलगायतका जलाशयमा गई नुहाइधुवाई गरेर शुद्ध भई चोखो खाना खाने गर्छन् । व्रतीले भोजनमा माछामासु, लसुन, प्याज र कोदो जस्तो वस्तु परित्याग गरी यसै दिनदेखि व्रत बस्न थाल्छन् । यो दिनलाई व्रतालुहरुले आँखा पनि भन्ने गन्ने गर्छन् । पञ्चमी तिथि दोस्रो दिनलाई 'खरना' (संरक्षण) अर्थात् पापको क्षय भनिन्छ । खरना छठ पर्वको अघिल्लो दिन भएकाले यो दिन व्रतालुहरु दिनभरि निर्जला व्रत बस्छन् र साँझ पख नुहाएर चोखो भई आफ्नो कुल देवता स्थापना गरेको पूजा कोठामा नयाँ चुलो स्थापना गरी प्रसाद बनाउने गरिन्छ । प्रसादका रुपमा विशेष गरी पाकेको केरा र खीरलाई लिने गरिन्छ । त्यसपछि गाईको गोबरले लिपपोत गरी अरबा चामलको पिठोबाट तयार पारिएको झोलले भूमि सुशोभित गरेर व्रतीले राति चन्द्रोदयपछि चन्द्रमालाई पायस अर्थात् खीर चढाई सोही प्रसाद ग्रहण गर्छन् । यस दिनपछि व्रतीले पूर्ण व्रत लिनुपर्दछ । षष्ठीका दिन अर्थात् तेस्रो दिन गहुँ र चामल ओखल, जाँतो वा ढिकीमा कुटान-पिसान गरी त्यसबाट निस्केको पिठोबाट विभिन्न गुलियो खाद्य सामग्री बनाइन्छ । छठ पूजाका सामग्री तयार पार्दा विशेष चनाखो हुनुपर्छ । पूजाका सामग्री चोखो र शुद्ध हुनुपर्दछ, जुठो हुन गएमा अनिष्ट हुने जनविश्वास छ । त्यसैले पूजा सामग्री तयार पार्दा महिलाले श्रद्धापूर्वक गीत गाउने गर्छिन् ।

छठ मातालाई चढाउने फलफूल जुठो हुनुहुँदैन । छठ मातालाई चढाउने केरा सुगाले नखाऊँन् भनेर गीतबाटै सचेत गराउन खोजिएको छ । सोही दिन अन्नबाहेक फलफूल, ठकुआ, भुसवा, खजुरी, पेरुकिया तथा मुला, गाजर, बेसारको गाँठो, ज्यामिर, नरिवल, सुन्तला, केरा, नाङ्लो, कोनिया, सरबा, ढाकन, माटोको हाथी ठूलो ढक्कीमा राखी परिवारका सम्पूर्ण सदस्य विभिन्न भक्ति एवम् लोकगीत गाउँदै निर्धारित जलाशयसम्म पुग्ने

बाँकी अन्तिम पृष्ठमा



## सम्पादकीय

# एकताको महापर्व

दशैं र दिपावली पछि महान पर्व छठ पर्व आज मैथिली समुदायले हर्षोलासका मनाउँदै छ। सूर्य र उनको देवी रूप उषालाई छठी मैयाँको रूपमा षष्ठी तिथिमा मुख्य पूजा गरिने हुनाले यो पर्वको नाम छठ पर्न गएको हो। आस्था र सहअस्तित्वको पर्व छठको तेस्रो दिन, जसलाई लोकबोलीमा 'सझियाँ घाट' भन्ने गरिन्छ आज गरिँदैछ। मानव र प्रकृतिबीचको सम्बन्धलाई छठले प्रत्येक बर्ष प्रगाड बनाउँदै आइरहेको छ। मानव जातिको पीडाप्रति सजग गरी छठ पर्वले हरेक बर्ष दीपावली समाप्तिपछि मानव र प्रकृतिबीच हराउँदै, बिलाउँदै, लोप हुँदै गइरहेको संवेदनशील रागात्मक, अटुट संवाद–सम्बन्धको सुत्रधारलाई सबलीकरण गर्दै मानव र प्रकृतिबीच सम्बन्धलाई डोरीको गाँठो जस्तो बाँधने काम गर्छ। यो नै एउटा पर्व हो, जसमा पुजारी र पुरोहित आवश्यक पर्दैन। छठमा अर्घ दिइने सूर्य भगवान प्रत्यक्ष देखिन्छ। त्यसैले पुजारी चाहिदैन। छठ उत्सव मनाउँदा परिवारका युवा सदस्यले धार्मिक विधि अवलोकन गरिरहेका हुन्छन्।

छठ समाजिक सद्भावको पर्व पनि हो। हाम्रो समाजमा छुवाछूत, भेदभाव, तल्लो जाति-माथिल्लो जातिबीच पानी बराबारको अवस्था अझै कायमै छ। कानुनी रुपमा छुवाछुतको अन्त्य भएपनि समाजमा छुवाछुत भने कायमै छ। तर छठ पर्वले सामाजिक भेदभावको बाँध भने परापूर्व कालदेखिनै भत्काइएको देखिन्छ। हाम्रो समाजमा सबैभन्दा अपहेलित जात डोम हो। तर छठ पर्वका डोम बिना सम्भवै छैन। उनीहरुले पसिना बगाएर बनाएको ढक्की, नाङ्लो, सुपा, डलिया, सुपली आदिमा छठी मैयालाई चढाउन प्रसाद राख्न ब्रतालुहरु प्रयोग गर्छन्। पूजा सामाग्री

**छठपूजाले मनोकामना पुरा हुने विश्वासले जुनसुकै तह, तप्का र क्षेत्रका व्यक्ति तथा समुदायमा आस्था दिनानुदिन बढेको पाइन्छ। त्यसैले छठपर्वलाई आस्था र विश्वासको पर्वसँगै सद्भावको पर्व पनि भनिन्छ।**

सजाउनाले ती पिछडिएका दलित पनि हाम्रो समाजको अंग हुन र तिनको पनि समाज विकास, संस्कृति संरक्षणमा महत्वपूर्ण योगदान रहेको तथ्यलाई यहाँ स्वीकार गरिएको देखिन्छ। त्यसैगरी यो पर्व मनाउने सनातन धर्मावलम्बीबीच समुदायगत, जातिगत, भाषागत भिन्नता पनि छन्। धार्मिक भिन्नता पनि छन् तर यो व्रत गर्ने व्रतालु वा सघाउने श्रद्धालुबीच त्यसका आधारमा कुनै बैमनश्यता वा द्वन्द्व कहिल्यै हुने गरेको छैन। कुनै जात जाति हुन, तिनको दौरा, छैंटी श्रीपताको अगाडि मिलेर, मिलाएरै राखिएका हुन्छन, सबै एउटा गोलमा अटाएको दृश्य हेर्दा राजनीतिले छुट्याएको पहाडी, मधेशी, जातजाति भेद यहाँ सबै टुंगिन पुग्छ। तसर्थ यो व्रतले सामाजिक सद्भाव र मानवीय एकतालाई अझ मजबुत बनाएको देखिन्छ। यसले के प्रमाणित गर्छ भने हाम्रो समाजलाई एकताको सूत्रमा बाँध्न यस्ता पर्वहरूको ठूलो योगदान छ।

सबै मिलेर घाट बनाउने, सजाउने, सरसफाइ गर्ने, सुरक्षा दिने, रमाउने गतिविधिले मानवीय भाईचारा, सामाजिक एकता र सामाजिक सद्भावलाई दह्रो बनाउन छठ पर्वले मद्दत गरेको छ। तराई-मधेसमा बस्ने हिन्दु धर्मावलम्बीले मनाउने यो पर्वले छिमेकमा बस्ने इस्लाम, बुद्ध धर्म मान्नेलाई पनि आफ्नो प्रभावमा राख्दै आएको छ।

बहुसांस्कृतिक, बहुभाषिक र बहुजाति प्रकृतिका समावेशी पर्व छठको सौन्दर्यका लागि मधेश, पडाड र हिमालसंग छठको प्रेम छ। लोकतन्त्रमा सबै बराबर हुन्छ भने जस्तै छठ पर्वले आफूलाई लोकतान्त्रिक पर्व हो भनेर सदियौंदेखि चिनाउँदै आएको छ। सूर्य आफैंमा लोकतान्त्रिक देवता हुन्, उनी कुनै विभेद नगरी गरिव र धनी सबैलाई समान रुपले प्रकाश छर्छन। सूर्यको प्रकाश विना मानव, जीवजन्तु र प्रकृतिको अस्तित्व रहदैंन। छठ पर्वले संसारमा सबै जीवजन्तुको रक्षा गर्छ। दशैंमा जस्तो बली प्रथालाई यस पर्वले निषेध गरेको छ। शाकाहारी र अहिंसा भाव र शुद्धतालाई निकै महत्व दिई छठपूजा गरिन्छ।

छठपूजाले मनोकामना पुरा हुने विश्वासले जुनसुकै तह, तप्का र क्षेत्रका व्यक्ति तथा समुदायमा आस्था दिनानुदिन बढेको पाइन्छ। त्यसैले छठपर्वलाई आस्था र विश्वासको पर्वसँगै सद्भावको पर्व पनि भनिन्छ।

छठको सुरुदेखि अन्त्यसम्म सबै विधिविधानहरु गीतबाटै बुझ्न सकिन्छ। छठ पर्व आउन २० दिन अघिदेखि नै छठको गीत संगीत घरघरमा गुञ्जिन्छ। जसले छठ आएको भान हुन्छ। गीतले 'छठ आउँदैछ, तयारीमा जुट' पनि भन्छन्।

छठ पर्वले कृषि उत्पादनको महत्वलाई स्वीकार गरेको छ। जीवन र प्रकृति एकअर्काका पूरक हुन। प्राकृतिक सम्पदाका संरक्षण गर्नु जीवनको सम्पन्नताको साँचो हो भन्ने तथ्य यो पर्वमा सधैं प्रयोग गरिनेभन्दा फरक उत्पादन चढाउनुले पुष्टि गर्छ। गवडी धान (साठी) सुथनी, अदुवा, बोडी, उखु, नरिवल, सखर(मिट्ठा), कागती, केराको थम्बा, गहुँ आदिको प्रयोगले किसानको श्रमको कदर गरेको छ।

# राष्ट्रवादी सरकारको लज्जास्पद भूमिका

**विचार-विश्लेषण** भाग-७३



उपेन्द्र झा

**विगतमा ओलीले पाएको राजनीतिक सफलतालाई संयोग नभनी आफ्नो पराक्रम ठानेर विजयोन्मादमा रमाई रहँदा आफ्ना सहकर्मीमाथि एक्शन लिनुभन्दा अपराधीले जनतालाई दुःख दिई रहँदा एक्शन लिनु वेश हुन्थ्यो कि। संसारमा कुनै कुरा शाश्वत छैन। कीर्ति मात्र शाश्वत हुन्छ र त्यो आफ्नो स्वार्थ छोडेको अवस्थामा पाइन्छ।**

विगतको चुनावमा एमालेले अप्रत्याशित रुपमा जितेको प्रतिनिधिसभाको यति धेरै सीट, माओवादीसँग एकीकरण गरेर झण्डै दुईतिहाई नजिक पुगेको शक्तिशाली र स्थिर सरकार बनाउन सफल, सम्भवत: नेपाली राजनीतिमा पहिलो पल्ट होला। राजनीतिभन्दा कूटनीतिमा खप्पिस केपी शर्मा ओलीले विगतको घटनाबाट आफ्नो कुशलता प्रदर्शन गरेकै हो। एकथरिको लागि यो धेरै ठूलो विजय थियो भने अर्को थरिको लागि दुर्भाग्य। अनुकूल अवसरको फायदा लुट्दै केपी शर्मा ओलीले शक्तिशाली सरकार बनाएर सम्राट जस्तो अहंकारका साथ पदासीन भए। पगपगको विजयले शक्तिको मद बढ्नु स्वाभाविक रहेपनि यसलाई सन्तुलित गरि विवेकका साथ सरकार चलाउनुको सट्टा दुर्योधन शैलीमा पार्टी र सरकार दुवै चलाउन थाल्दा ओली दुबै ठाउँमा आलोच्य हुन पुग्यो।

अहिले नेकपामा ओली गुट र प्रचण्ड गुटबीच ठूलो रडाको मच्चिएको छ। तत्कालीन एमालेका शीर्ष नेताहरु माधव नेपाल, झलनाथ खनाल, वामदेख गौतम आदि प्रचण्डतिरबाट वकालत गरिरहेका छन्। हुनत वामदेवलाई फकाउन ओली लागिपरेको छ तर बामदेवले बैठकबाटै समस्याको छिनोफानो हुनु पर्ने पक्षमा देखिन्छन्। ओलीलाई लगाइएको आरोपको ओलीले कुनै जवाफ नदिने कुरा भनिसकेका छन्। यो पंक्ति लेख्दासम्म "आफ्नो आफ्नो बाटो लाग्ने" ओलीको पार्टी विभाजनको अडान कायम नै देखिएको छ। ओलीले आफ्नो अनावश्यक दम्भपूर्ण हठ छोडेर बैठकहरुले गरेको निर्णय अनुसार हिंड्न मंजूर गर्‍यो भने सम्भवत: नेकपाको विभाजन रोकिने छ।

भारतलाई गाली गरेर राष्ट्रवादी शक्तिलाई संगठित गरि भोट लिनु, नेपाली काँग्रेसको पनि मत लिएर किनारा लगाउनु, "संविधान संशोधनबिना सरकारले चुनाव गरायो भने महाभारत हुन्छ", "देश विखण्डनमा जान्छ", "कुनै पनि हालतमा चुनाव हुन दिदैनौं" आदि आदि क्रान्तिकारी नाराहरु दिँदै चुनाव बहिष्कार गर्ने संघीय समाजवादी फोरमका अध्यक्ष उपेन्द्र यादव तथा राजपालाई सजिलै बिनाशर्त चुनावमा पठाएर आफ्नो समर्थनमा ल्याउनु, माओवादीलाई एमालेसँग एकीकरण गराउनु आदि यिनका उल्लेखनीय कार्य सफलता थियो।

उपरोक्त सबै कुरा राज्यसत्ता हितका लागि रहेकोले तथा चीनको सशक्त सहयोगका कारण ओली कदम-कदममा सफल हुँदै गएकोबाट शक्तिमद पनि सोहीअनुसार चढ्दै गयो। केपी शर्मा ओली प्रधानमन्त्रीको रुपमा आएपछि उनको विजयोन्माद चरम सीमामा पुग्यो। ओलीको मनपरितन्त्र निर्वाध बढ्न थालेपछि अरुभन्दा पार्टीकै सहकर्मीहरुले ओलीको विरोध शुरु गर्‍यो। विस्तारै आमजनतामा ओलीको अलोकप्रियता छर्लङ्ग हुँदै गयो।

शक्तिशाली सरकारको प्रधानमन्त्री तथा दुर्योधन जस्तो अहंकारका साथ जब ओली राज्यसत्तालाई आफ्नो मनोकाँक्षा अनुरुप चलाउन थाल्यो अनि ठूला ठूला आन्दोलन सडकमा देखा पर्‍यो। "म भ्रष्टाचार गर्दिन अरुलाई पनि गर्न दिन्न" भन्ने प्रधानमन्त्री केपी शर्मा ओलीले भ्रष्टाचारमा हात हाल्दा राज्यसत्ताको कोपको भाजन हुने भएपछि उनले यथास्थितिलाई नै स्वीकार गरि चल्न थाल्यो। राज्यसत्तालाई छुने बित्तिकै झट्का लाग्ने भएपछि गर्न चाहेका जनपक्षीय कामहरु सबै थला परे। क्रमिक रुपमा ओलीको सरकारले गर्ने कामकारवाहीप्रति उदासीनता बढ्न थाल्यो। प्रधानमन्त्री ओलीको निष्क्रियता बढेपछि देशमा भ्रष्टाचारका घटनाहरु तीव्र रुपमा बढ्न थाल्यो।

सुरक्षण छापाखाना खरीदमा बहालवाला संचारमन्त्रीको टेप प्रकरण, नेकपाका महासचिव विष्णु पौडेल समेतको नाम बालुवाटार ललिता निवासको जग्गा प्रकरणमा अख्तियारको कारवाहीमा नाम सार्वजनिक हुँदा प्रधानमन्त्रीको मर्यादालाई बिर्सेर केपी शर्मा ओलीले तिनीहरुको पक्षमा वकालत गरेपछि यिनको साख यहींबाट घटेको हो। शक्तिशाली सरकारको दायित्व के हुनु पर्ने र प्रधानमन्त्री के गर्न थालेको भन्ने विषयले बुद्धिजीवी मात्र होइन, पार्टीका सहकर्मीलगायत आमजनता पनि असन्तुष्ट भएका छन्। त्यसपछिका दिनमा यिनलाई दायित्वबोध गराउन पार्टीले अंकुश लगाउन खोज्दा पार्टीको तथा सरकारको अध्यक्ष आफै भएपछि दुइटै संस्था मेरो हो यसमा मलाई अंकुश लगाउने अरु को हुन् भन्ने अहंकारले यिनको निरंकूशतालाई छर्लङ्ग पारि दियो।

पार्टीको आचार संहिताविपरीत ओलीको निरंकूता प्रदर्शनलाई नियन्त्रण गर्ने उद्देश्यले पार्टीले केपी शर्मा ओलीको पार्टी अध्यक्ष तथा प्रधानमन्त्री पद दुबै ठाउँबाट राजीनामा मागेपछि त भुसको आगो त ज्वालामुखी जस्तै दन्किन थाल्यो। बडो परिश्रमबाट आफूले खडा गरेको अहंकारको भव्य महलमा आफ्नै सहकर्मीले डोजर लगाएपछि सपनाको महल धाराशायी हुने भयले केपी शर्मा ओली पार्टीको चिन्ता छाडेर आफ्नो अहंकारको महल बचाउने चेष्टामा लागेपछि यिनले नेपाली जनताबाट प्राप्त गरेको सबै सहानुभूति खरानी भयो।

त्यसपछि कुनै घटनाको प्रतिक्रियात्मक रुपमा पनि होइन, आफै-आफै दिनपिच्छै अनावश्यक रुपले केपी शर्मा ओली महत्वहीन अभिव्यक्ति दिन शुरु गर्‍यो। एक दिन - "कर्णालीका मन्त्रीहरु हटाएमा त्यही संख्यामा केन्द्रमा पनि मन्त्री हटाउँछु।" दोश्रो दिन - "तत्काल बैठक बस्न आवश्यक छैन। बहुमतको बलमा बैठक बसाले त्यस्को निर्णय अस्वीकार गर्छु र त्यसको बदलामा ठूलै एक्शन लिन्छु।"

आफै बर्बराई रहने क्रममा तेश्रो दिन - "मैले राजीनामा दिनु भनेको देशलाई बर्बादीतिर जान दिनु हो। यसकारण म राजिनामादिनेवाला छैन।" चौथो दिन - "अविश्वासको प्रस्ताव कहाँ कसरी तयारी भइरहेको छ, जानकारी छ। म ती सबै सामना गर्छु प्रतिरोध गर्दै चकनाचुर पार्छु।" पाँचौं दिन - "सरकार असफल पार्ने र पार्टी फुटाउने काममा लाग्नु भएको छ। विवाद, गुटबन्दी र विघटनको बाटो छोड्नुस। त्यसपछि सल्लाहबाटै बैठक भई हाल्छ।"

छैठौं दिन - "दोश्रो पटक किडनी फेरेपछि त सेता जुँङ्गा पनि काला भए। जोश बढि रहेको छ। कपाल पनि कालै भइरहेको छ।" सातौं दिन - "बैठक बसालेर भिड्न खोज्नु भएको हो भने भिडौं। म तयार छु। पहिला पनि भनेको छु एउटा कुनै एक्शन लिनु भयो भने म त्यसभन्दा ठूलो एक्शन लिन्छु। आठौं दिन - "म मानिस सानो र खुट्टाहरु समेत साना साना भएपनि अझै देशको कार्यभार बोक्न सक्ने अटल विश्वास र क्षमता छ।" कार्तिक १६ गतेदेखि २६ गतेसम्मको यो अर्थहीन अभिव्यक्ति दिनुभन्दा पार्टीको नियम कानून आचार संहिता मानेर असन्तुष्ट पक्षलाई सहमतिमा लिएर अगाडी बढ्दा न ओलीलाई राजीनामा दिनु पर्ने अवस्था आउँछ न कुनै पहाड खस्ने सम्भावना छ। बरु ओलीको निरंकूशताले पार्टी विभाजन रेखाकोरी दिएको स्पष्ट हुन्छ।

असन्तुष्ट पक्षले वाइडबडी खरीद, छापाखाना खरीद, संचारमन्त्रीको टेप प्रकरण, यती होल्डिङ्सको शंकास्पद कारोवार, चिनी आयात घोटाला, ओम्नी समूहसँग मिलेर स्वास्थ्य उपकरण खरीदमा अनियमितता, राजस्वका दररेट परिवर्तन आदिमा सरकारको संलग्नता रहेको आरोप लगाएको छ।

ओली सरकार हत्या हिंसा, भ्रष्टाचार, दूराचार, व्यभिचार र कमीशनखोरीलाई बढावा दिएको आरोपसँगै केपी शर्मा ओली गुट संचालन गरि पार्टी फुटाउन खोजेको गम्भीर ओरोप लगाएका छन्। यो सत्य पनि हो। माओवादीलाई पार्टीबाट बाहिर गर्ने नियतले प्रदेश प्रदेशका तत्कालीन जबज साथीहरुलाई संगठित पार्नुको अर्थ के ? "आफ्नो आफ्नो बाटो लागौं" स्पष्ट रुपमा ओलीको भनाईको अर्थ के हो ? अर्थात् ओली माओवादीलाई पार्टीबाटै अलग गर्ने आन्तरिक मनसायकै आधारमा यस्ता अभिव्यक्ति र व्यवहार प्रदर्शित गरेको हो। अहिले माओवादीसँग रहेका तत्कालीन एमालेका शीर्ष नेताहरु माओवादीसँग जान्छन् कि एमाले पार्टीमा बस्छन् हेरेर व्यवहार गर्न ओली जानेको छ।

तर ओलीले सोचेका योजनाहरु सफल नहुने सम्भावना पनि छ। ओलीको दोश्रो दिनको "बहुमतको बलमा बैठक बसाले त्यसको निर्णय अस्वीकार गर्छु र त्यसको बदलामा ठूलै एक्शन लिन्छु" अभिव्यक्तिमा बहुमतको झलक आफैले दिएको कुरा प्रष्ट छ। ओली आफ्नो हठका कारण विध्वंश मच्चाउनेतिर गयो भने त्यसको परिणाम ओलीले मात्र भोग्ने पनि प्रष्ट देखिन्छ। पार्टीमा ओली अल्पमतमा रहेको कुरा आफैले स्वीकारेको छ। एक्शन लिने कुरा यति सजिलो पनि देखिदैन।

देशमा विद्यमान कोरोनाको प्रकोपलाई रोक्न र व्यवस्थित गर्न, उत्पादनशीलतालाई सुचारु गर्न, भ्रष्टाचारलाई नियन्त्रण गर्न, देशमा भइरहेको हत्या हिंसा र बलात्कारपछि हत्या गर्ने, एसिड छयाप्ने जस्ता अपराधी गतिविधि तीव्ररुपमा बढिरहेको अवस्थामा सरकारको निष्क्रियता किन रहेको जनता बुझ्न सकेको छैन। देश राजनीतिक रुपले अराजक अवस्थामा गएको महसुस गरिएको छ। अपराधीहरु निर्वाध रुपमा गतिविधि संचालन गर्दा सरकारको उपस्थिति नदेखिनु आश्चर्यको विषय हो।

विगतमा ओलीले पाएको राजनीतिक सफलतालाई संयोग नभनी आफ्नो पराक्रम ठानेर विजयोन्मादमा रमाई रहँदा आफ्ना सहकर्मीमाथि एक्शन लिनुभन्दा अपराधीले जनतालाई दुःख दिई रहँदा एक्शन लिनु वेश हुन्थ्यो कि। संसारमा कुनै कुरा शाश्वत छैन। कीर्ति मात्र शाश्वत हुन्छ र त्यो आफ्नो स्वार्थ छोडेको अवस्थामा पाइन्छ। यहीं धुल धुरसित भएका कतिपय शासकहरु जिउँदै छन्। त्यही पंक्तिमा उभिने विचार हो भने त भन्नु केही छैन। पराक्रमकै बलमा आएको शक्ति हो भने देश र जनताका लागि प्रयोग गर्नुस्, ठूलो नाम हुन्छ। बिना सरकारको देश महसूस हुनलाग्दा जनताको आस्थालाई बचाउनुस्।

janukjha24@gmail.com

# बारा-३ मा २८ मध्ये २० योजना सम्पन्न

बारा। आर्थिक वर्ष २०७६/७७ मा स्थानीय पूर्वाधार विकास साझेदारी अन्तर्गत बारा-३ मा २८ वटा योजना छनौट गरिएकोमा २० वटा सम्पन्न भएको छ।

कलैया उपमहानगरपालिका- १० मटिअर्वामा प्रवेशद्वार बनाउन १६ लाख, कलैया-६ र ७ मा विपन्न वर्गको २ वटा घर बनाउन ११ लाख, कलैया-८ र १२ मा सिँचाइ र विद्युतिकरणका लागि छुट्याइएको २० लाख, कलैया-६ स्थित कलैया अस्पतालको प्रसुति गृह, महिला तथा बालबालिकाका लागि आईसीयूसहितको भेन्टिलेटर जडान गर्न १० लाख, डायलायसिस सेवाका लागि १० लाख, कलैया-३ मा खेलकुदका लागि छुट्याइएको ११ लाख ४० हजार, कलैया-११, १४ र २० स्थित शिवराधिका प्रावि भोडहा, नेपाल राष्ट्रिय प्रावि भवरा र नेपाल राष्ट्रिय प्रावि बसतपुरमा भौतिक पूर्वाधारका लागि ५० लाखको छुट्याइएकोमा कलैया-११ र २० मा काम हुन नसकेको हो।

एम्बुलेन्स खरिद, विद्यालयको भौतिक पूर्वाधार, तेली कल्याण समाजको भवन, सामुदायिक भवन निर्माण, मठ मन्दिर तथा मस्जिद निर्माण तथा सौन्दर्यीकरण, सडक ढलान, सिँचाइ तथा नदी नियन्त्रण लगायतका २० वटा योजना भने सम्पन्न भएका छन्। यी आयोजनाहरुमा १० लाखदेखि १ करोडसम्म बजेट विनियोजना गरिएको थियो।

आर्थिक वर्ष २०७५/७६ मा स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम अन्तर्गत बारा-३ मा १० देखि ५० लाख रुपैयाँसम्मका कलैया-५ बरेवास्थित रामराजा मोहन बिक्रम शाह क्याम्पस भवन निर्माण, ३ वटा धर्मशाला निर्माण, कलैया उपमहानगरपालिका र जितपुर सिमरा उपमहानगरपालिका १२ र १३ मा शौचालय निर्माणलगायतका २० वटा योजना सम्पन्न भएका थिए। कार्यक्रम कार्यान्वयनमा सांसदको भूमिका कमजोर बनाइएकोले पनि यस्तो समस्या आएको स्थानीय जनप्रतिनिधिहरुको तर्क छ।

# हवाईजहाजबाट मान्छे आउँदा कोरोना नसर्ने तर सीमाबाट संक्रमण बढ्ने ?



## बाबुलाल साह

### प्रदेशसभा सदस्य, प्रदेश २

### जनता समाजवादी पार्टी नेपाल

**० कोभिड नियन्त्रणका लागि बन्द गरिएको नेपाल-भारत सीमा खुलाउन आन्दोलन किन गर्नुपर्‍यो ?**

– नेपाल-भारत सीमा बन्द हुँदा मेचीदेखि महाकालीसम्मका बासिन्दाहरुका लागि एकदम असहज वातावरण सिर्जना भएको छ। नाकाबन्दी त होइन तर आवतजावत नै बन्द गरिएको छ। सामानहरु आइहरेका छन्, तर सीमा खोलिएको छैन। जनतालाई ओहोरदोहोर गर्ने बाटो मात्रै किन बन्द गरिएको छ भन्ने कुरा हामीले बुझ्न चाहिरहेका छौं। सरकारले भन्छ कि कोभिडको कारण बन्द गरिएको हो। सरकारले पहिला भन्थ्यो कि भारतबाट मान्छेहरु आएर नेपालमा कोभिड फैलाउँछ तर त्यो स्थिति अहिले छैन। भारतमा पनि हरेक प्रदेशमा खुल्ला छ, दैनिकी सामान्य भइसकेको छ। नेपालमा पनि सबैथोक खुल्ला भइसकेको अवस्था छ। तर सीमा क्षेत्रका जनताका असामान्य अवस्था बनिरहेको छ।

**० सीमा बन्द हुँदा के-कस्ता कठिनाई भएको छ ?**

– सीमा बन्दले यस क्षेत्रका जनताको जीवनलाई नै लकडाउन गरेको छ। आवतजावत गर्नेहरु त गरिरहेकै छन् त्यो पनि पैदलयात्रीहरु मात्रै। सवारी साधनहरु चल्न नदिएर यहाँ एकदम कठिनाईहरु भइरहेका छन्।

**० सीमा खुलाउन सरकारलाई दिन दिन के कस्ता कार्यक्रमहरू छन् ?**

– हामीले सरकारलाई अनुरोध गरिरहेका छौं। जनताका यावत् समस्याहरुलाई सरकार समक्ष राख्ने हाम्रो दायित्व हो। यहाँका जनताको माग र चाहना छ के छ भने उनीहरु निर्वाधरुपमा वारीपारी आउन जान पाउनुपर्छ। हामी निर्वाधरुपमा आफ्नो सम्बन्धलाई निरन्तरता दिनुपर्छ। यताको विरामी उता जान पाउनुपर्ने, यता नपाउने मेडिसिनहरु उताबाट ल्याउन पाउनुपर्छ। यस्तै, अन्य दैनिक उपभोगका सामग्रीहरु ल्याउन पाउनुपर्छ। यस्ता कुराहरु गर्न नसकिरहेकोले यहाँका जनता पीडामा छन्। छठ मधेशको महान पर्व हो। यो पर्वमा उताका नातागोता यता आउने गर्छन्, यताका उता जाने गर्छन्। हाम्रा छोरी चेलीहरु उता छन् भने यता आउँछन्, यता छन् भने उता जाने गर्छन्। तर यी सम्बन्धलाई पनि बाध्यात्मकरुपले सरकारको पक्षबाट रोक्ने प्रयास भइरहेको छ। यो निश्चय नै संस्कृति, सम्बन्ध र धार्मिक आस्थामाथि पनि आघात हो। यी सबै कुराहरुले गर्दा हामी जनताको पीरमर्का बुझेर स्थानीय प्रशासनमार्फत् नेपाल सरकारलाई अनुरोध गरेका छौं। सरकार कानमा तेल हालेर सुतेको छ र जनतालाई जन्तु सम्झेर आफै-आफैमा लडाई गरिरहेका छन्। जनता अहिले जागेका छन्। अहिले हामी धर्नाको रुपमा कार्यक्रमहरु गरिरहेका छौं कि जनताको कुरा कमसेकम सरकार समक्ष पुगोस्, सरकारले हाम्रो कुरामाथि ध्यान दिओस्। छठसम्म सरकारले हाम्रो आवाज सुनेन भने त्यसपछि ठूलो आन्दोलनको स्वरुप दिनेछौं। आन्दोलन गरेर अवरुद्ध भएको बाटो खुलाउने छौं र जनताको पक्षमा काम गर्नेछौं।

**० तर, सरकारले त जानी-जानी सीमा बन्द गरेको छैन नि। जबसम्म कोभिड नियन्त्रण हुँदैन र सीमा खोलियो भने त्यसपछि उत्पन्न हुने भयावह स्थितिको अनुमान गर्नुभएको छैन ?**

– कोभिड एउटा बहाना मात्र हो। कोभिड नेपालमा मात्रै छैन, कोभिड भनेको संसारका हरेक देशको सीमा क्षेत्र र ठाउँमा छ। संसार नै कोभिडबाट पीडित छन्। हरेक देशमा जब सबै कुरा खुला भइसकेको छ भने यहाँ पनि सबै क्षेत्र खुला हुँदाहुँदै सीमा क्षेत्रमा आवतजावत गर्न किन नसकिने ? यो बहाना हो। भारतसँग बिग्रेको सम्बन्ध सुधार्न गर्न नसकेर आफ्नो गल्ती लुकाउनका लागि हो कि। जनताको मौलिक अधिकारमाथि सिधै कुठारात भइरहेको छ। त्यसैले सरकारले नियतवश सीमा क्षेत्रका जनतालाई दु:ख दिन खोजिरहेको छ।

**० सीमा क्षेत्रमा नेपाल सरकारले मात्रै बन्द त गरेको छैन। भारत सरकारले पनि सीमा खोलेको छैन। दुवै सरकारबीच समन्वय नभई एकतर्फीरूपमा नेपाल सरकारले मात्रै कसरी सीमा खोल्न सक्छ त ?**

– अन्तर्राष्ट्रिय सीमाको कुरा स्थानीय वा प्रदेश सरकारको माध्यमबाट हुन सक्ने हो र ? केन्द्रीय सरकारको माध्यमबाट नै सीमा बन्द गर्ने वा खोल्ने निर्णय गर्ने हो। परराष्ट्र मन्त्रालय संघीय सरकारको मातहतमा छ। दुवै देशबीच उच्चस्तरीय सम्वाद गरेर सीमा खुलाउन सकिन्छ। त्यो प्रयास संघीय सरकारको तर्फबाट नभएको हो कि ? त्यो प्रयास सरकारले गर्न नचाहेको हो कि ? मेचीदेखि महाकालीसम्मका सीमा क्षेत्रमा बस्ने जनताको पीडा सरकारले बुझ्नुपर्छ।

**० सीमा खोल्दा संक्रमण बढ्यो भने यसको जिम्मेवारी कसले लिने ?**

– संक्रमण रोक्न यदि सरकारले इमान्दारीपूर्वक प्रयास गरेको भए जनतालाई आफ्नो उपचार आफै गराउनु भन्ने अभिव्यक्ति सरकारको तर्फबाट आउने नै थिएन। सरकारको यो निर्णय लज्जास्पद हो। जनताले आफ्नो जीवनको रक्षा आफैले गरिरहेका छन्। सरकारको तर्फबाट यो कोभिड-१९ को विषयमा भएका प्रयासहरु निरर्थक मात्रै हो। कोभिड-१९ नियन्त्रणमा सरकार पूर्णरुपमा असफल छ। अहिलेसम्म कोभिड-१९ नियन्त्रणमा जेजति गरेको छ स्थानीय र प्रादेशिक सरकारले मात्रै गरेको छ। त्यसले गर्दा संघीय सरकार आफ्नो गल्ती लुकाउन सीमा बन्द गर्ने, दुई देशको बीचमा सम्बन्ध बिग्रेको छ भन्ने बहाना देखाएर, संक्रमण फैल्ने भन्ने बहाना देखाएर सीमा बन्द गरेको छ यो सरकारको कमजोरी हो। हवाई यातायातबाट मान्छे ओसारपसार हुन सक्ने तर नेपाल-भारत सीमाबाट आवतजावत हुँदा संक्रमण बढ्ने ? यो त सरकारको एकदम निकम्मापन हो। यस्ता कार्यले देश कहिल्यै पनि उभो लाग्दैन। अब सीमा क्षेत्रका सबै नागरिक समाज र जनताले सीमा खोल्नुपर्छ भन्ने आवाज उठाउन थालेका छन्। यो जायज पनि हो। जनतालाई कति पीडामा राख्ने, जनताको दैनिकी जनजीवन कति बिगारेर बस्ने ? जनताको दैनिकी जीवन नबझेर पीडा मात्रै दिने यो कस्तो सरकार हो ? सरकार भनेको छ जनताका अभिभावक हो।

**० सीमा खोलाउँदा संक्रमण नियन्त्रण गर्न तपाईंहरूको सुझावहरू के-के छन् ?**

– कोभिड नियन्त्रण गर्न अहिलेसम्म कुनै पनि औषधि वा भ्याक्सिन आइसकेको छैन। भगवानको भरोसे जनताहरु बाँचिरहेका छन्। यसबाट बच्नका लागि विश्व स्वास्थ्य संगठनले निर्देशन गरेको मापदण्ड अपनाउनुपर्ने हो। बाहिर निस्किँदा मास्क लगाउने, भौतिक दूरी कायम गर्ने, पटक-पटक हात धुने लगायत कुराहरु जनताले अहिले पनि पालना गरिरहेका छन् र भोली पनि पालना गर्छन्।

**० तपाईंहरूले सरकारलाई दबाब दिइरहँदा पनि सरकारले सीमा खोलाउन पहल गरेन भने कस्तो आन्दोलन हुनेछ ?**

– अब हामी प्रदर्शनमा जान्छौं, त्यसबाट पनि सरकारले सुनेन भने कार्यालयहरु बन्द गराउँछौं, त्यसबाट पनि सुनेन भने भन्सारहरुमा जुन बेरियरहरु छन् ती सबैलाई उखेलेर फाल्छौं। जनताको आन्दोलनलाई त कसैले पनि रोक्न सक्दैन। जनता त ठूलो परिवर्तनकारी शक्ति हो। जनताकै आन्दोलन आजसम्म नेपालमा ठूलठूला परिवर्तनहरु भएका छन्, राज्यसत्ता परिवर्तन भएको छ। जनता अहिले पीडामा छन्, यसै पनि मरिरहेका छन्, उसै पनि मर्न तयार छन्। आफ्नो ज्यानको बाजी लगाएर भएपनि जनताले आफ्नो मौलिक हक प्राप्न गर्नेछन्।

**० भनेपछि अब फेरि ठूलो विद्रोहको सम्भावना छ ?**

– यदि जनताको जनजीवनमा सहजता ल्याउन सकिएन भने निश्चितरुपमा ठूलो विद्रोह गर्न बाध्य हुन्छन्। जनता अहिले पनि सडक ओर्लन तयार छन्, हामी जनप्रतिनिधिहरुले नै रोकिरहेका छौं। सरकारलाई हामी घचघचाउँदेछौं भनेर जनतालाई रोकिरहेका छौं। जनताले भनिरहेका छन् कि जाऔं बेरियरहरु भाँचेर फालौं भन्ने ठूलो आक्रोश छ। त्यो आक्रोशलाई हामी र नागरिक समाजले थामथुम गरेर राखेको छ। अहिले मधेशको आस्थाको केन्द्र मानिने छठ पर्वको बेला हो, अहिले त्यस्तो कुनै घटना नहोस्। छठ सम्पन्न भइसकेपछि पनि यदि सरकारले सुनेन भने कठोर कदम चाल्न बाध्य हुन्छौं।

# सनातन संस्कृतिप्रति सरकारले द्वैध चरित्र देखायो



## विनय यादव

### राष्ट्रिय संयोजक

### राष्ट्रिय एकता अभियान

सरकारले छद्म धर्म निरपेक्षताको आडमा हिन्दू संस्कृतिमाथि दमन गर्न खोजिरहेको छ, समाप्त पार्ने जुन कुचेष्टा छ, त्यहींअनुसार सरकार चलिरहेको छ। विदेशी धर्म संस्थाहरुले सरकारलाई डलरको लोभ देखाएर हाम्रो धर्म संस्कृतिमाथि प्रहार भइरहेको छ। सरकारले यी कुराहरुलाई सच्याउनुपर्छ।

**० कोभिड-१९ को विषम् परिस्थितिका कारण भीडभाड गरेर स्थानीय प्रशासनहरूले छठ पर्व नमनाउन रोक लगाउँदा तपाईंहरूको आपत्ति किन ?**

– यो कोभिड-१९ को बहानामा सनातन धर्मप्रति कम्युनिष्ट सरकारको चरित्र देखिएको छ। हिन्दू धर्म संस्कृति र सनातनमाथि मात्रै बन्देज लगाउन खोज्ने, पाठपूजा र इन्द्रजात्रालाई रोक लगाउन खोज्ने र अन्य धर्मावलम्बीहरुलाई निर्वाधरुपमा हुन दिने काम हुँदै आएको छ। राजनीतिक पार्टीहरुले आमसभा, पार्टी प्रवेश, शुभकामना आदानप्रदानको नाममा भीड जम्मा गर्न दिने तर हिन्दू र सनातन संस्कृतिको पर्व त्योहारहरु गर्न बन्देज लगाउने कम्युनिष्ट सरकारको दोहोरो चरित्र र सनातन संस्कृतिप्रति दुर्भावना उनीहरुको देखियो। त्यसकारण सनातन संस्कृतिमाथि कसैले कुठाराघात गर्छ भने हामी त्यसको विरोध गर्छौं।

**० तर अहिले दिनप्रति कोरोना संक्रमण फैलिरहेको छ, यसलाई कसरी नजरअन्दाज गर्न मिल्छ त ?**

– अहिले कोभिडको संक्रमण फैलिनुमा सरकारको नै कमीकमजोरी र असफलता हो। कोभिड नियन्त्रणका लागि सरकारले गर्नुपर्ने कामहरु नगरेर आफ्नो असफलता लुकाउनका लागि हिन्दू सनातन धर्मको मठमन्दिर, चाडपर्वमाथि बन्देज गरेर हिन्दू धर्ममाथि प्रहार गर्ने यो कम्युनिष्ट सरकारले प्रयास गरिरहेको छ। अहिले छठ पर्व आइरहेको छ, यसअघि इन्द्रजात्रा थियो। यदि सरकारले चाहेको भए इन्द्रजात्रामा झडप हुँदैनथ्यो। तर सरकारले यात्रा नै रोक्ने काम गर्‍यो। त्यस्तै, भगवान पशुपतिनाथको दर्शनका लागि यदि सरकारले चाहेको भए भौतिक दूरी कायम गरेर खुल्ला गर्न सक्थ्यो। यस्तै, छठ पर्वका लागि सरकारले सुरक्षाकर्मी खटाएर व्यवस्थापन मिलाइयो भने समस्या आउँदैन। तर आस्थावान जनताले त छठ गर्छन्। सरकारले आफ्नो असफलता लुकाउनका लागि संस्कृति र पूजापाठ गर्न नै रोक लगाउँदैछ। यो आपत्तिजनक कार्य हो, यसको घोर भर्त्सना गर्छौं। जनताले सरकारलाई चुनौती दिएर छठ मनाउँछन्।

**० तर सरकारले पर्व नमनाउनु भनेको छैन नि ?**

– सरकारले पर्व नमनाउनु भनेको छैन तर एक ठाउँमा जम्मा भएर नमनाउनु भनेको हो छ नि। छठ पर्व घरमा मनाउन सकिँदैन। सनातन प्रथा हो, सरकारले यो कुरा बुझिरहेको छ। प्रशासन र सरकार यदि चनाखो भइदिएको भए प्रहरी लगाएर भौतिक दूरी कसरी कायम गरेर पूजापाठ गर्ने भन्ने कुराको व्यवस्थापन गरिदिएको भए कोभिड पनि नियन्त्रण हुन्थ्यो। त्यसकारणले काठमाडौंको कमलपोखरी, रानीपोखरी लगायत जहाँ जहाँ छठको घाटहरु छन्, त्यहाँ सरकारले प्रहरी परिचालन गरेर कसरी व्यवस्थित गर्न सकिन्छ भन्ने कुरातिर अग्रसरता लिनुपर्ने थियो। यसमा सरकार उदासीन देखियो। सरकारको यो ठूलो लापरवाही हो, यसले गर्दा कोभिड फैलिरहेका छन्। केपी ओलीको पक्षमा प्रदर्शन र जुलुस हुँदा कहाँ हरायो सरकार ? त्यसबाट कोरोना फैलिँदैन ? आज मधेशमा हेर्नुस्, सबै राजनीतिक दलहरुले ठूलो-ठूलो आमसभाहरु गर्दैछन्, त्यसबाट कोरोना फैलिँदैन ? मस्जिदमा नमाज अदा गर्न गइरहेका छन्, त्यसबाट कोरोना फैलिएको छैन, चर्चमा प्रार्थना गर्न जाँदा कोरोना फैलिँदैन तर हिन्दूहरु आफ्नो पुजापाठ गर्न यदि सामूहिकरुपमा एकट्ठा भए भने त्यसबाट कोरोना फैलिने भन्ने जुन कुरा छ, यो सरासर हिन्दू समाजलाई दबाउने कार्य हो। यो कार्य असहनीय छ, हिन्दू समाजले यसको प्रतिकार गर्छ।

**० भनेपछि सरकारले हिन्दू धर्मलाई मात्रै टारगेट गरेको हो ?**

– सरकारले छद्म धर्म निरपेक्षताको आडमा हिन्दू संस्कृतिमाथि दमन गर्न खोजिरहेको छ, समाप्त पार्ने जुन कुचेष्टा छ, त्यहींअनुसार सरकार चलिरहेको छ। विदेशी धर्म संस्थाहरुले सरकारलाई डलरको लोभ देखाएर हाम्रो धर्म संस्कृतिमाथि प्रहार भइरहेको छ। सरकारले यी कुराहरुलाई सच्याउनुपर्छ। हिन्दू मठमन्दिरहरु, तीर्थस्थलहरु खोलिनुपर्छ। कोभिडको महामारी छ भने भौतिक दूरी कायम गराएर पूजापाठ गराउने सरकारको जिम्मेवारी हो।

**० अन्य धर्मावलम्बीहरूको दबाबमा सरकारले यस्तो गरिरहेको हो ?**

– विदेशीहरुको चलखेल चलिरहेको कुरा सञ्चारमाध्यमहरुमा आइरहेकै छ। यो सरकारमाथि विदेशी पश्चिमाहरु अथवा बेधर्मीहरुको दबाब छ। एक कम्युनिष्टहरुले आफैमा धर्मलाई मान्दैन। यिनी भन्छन् कि सबै धर्मलाई हामी समान दृष्टिले हेर्छौं तर खोई यहाँ समान दृष्टिले हेरेको त ? यदि समान दृष्टि भएको भए चर्च खोल्न पाउने, मस्जिद खोल्न पाउने, पार्टीको कार्यक्रम गर्न पाउने, केपी ओलीको पक्षमा नारा जुलुस गर्न पाउने तर हिन्दूहरुको मठमन्दिरहरु खोल्न नपाउने यो कस्तो धर्म निरपेक्षता हो ? कम्युनिष्ट सरकारको यो दोहोरो चरित्र हो। धर्मनिरपेक्षताको नाममा हिन्दूलाई अपमानित गर्ने, संस्कृतिलाई समाप्त पार्ने यो षड्यन्त्र हो।

**० प्रदेश २ का जिल्ला प्रशासन कार्यालयहरूले घर-घरमै छठ मनाउन भनेको छ, यसलाई कसरी हेर्नुहुन्छ ?**

– सरकारको यो नाकामी हो कि यस्तो निर्देशन जारी गर्छ। सरकारले विकल्प दिन सक्थ्यो। विकल्प भनेको घाटहरुलाई व्यवस्थित गर्ने, भौतिक दूरी कसरी कायम गरेर छठ मनाउन सकिन्छ भन्ने कुरामा केही कार्य गर्नुपर्दथ्यो। घर-घरमा छठ मनाउनुस् भन्ने निर्देशन जारी गर्दा पनि आमजनताले त मान्दैन। छठ घाटहरुलाई कसरी व्यवस्थापन गर्ने यो विषयमा स्थानीय प्रशासनहरुले ध्यान दिनुपर्ने थियो। तर स्थानीय प्रशासनले रोक लगाउने जुन निर्देशन दिए, यो कुरा लागू हुँदैन। रोक लगाउने जुन निर्देशन दिएको छ यो आपत्तिको विषय हो, यसको हामी भर्त्सना गर्छौं। हामी छठ व्रतालुसँग छौं, छठ पर्व गर्न पाउनुपर्छ। आमजनता कोभिडसँग चेतनशील छन्। हामी आग्रह पनि गर्न चाहन्छौं कि सामाजिक दूरी कायम गरेर सतर्कताका साथ छठ पर्व मनाऔं र आफ्नो परम्परालाई जोगाऔं।

**० छठ पर्वमा पोखरी, नदीनालाको घाटमा निश्चितरूपमा भीडभाड हुन्छ नै, वैश्विक महामारीको जोखिमबीच पर्व कसरी मनाउने त ?**

– हामीले आफ्नो स्वयम्‌सेवक तथा आमनागरिकलाई आग्रह गर्न चाहन्छु कि यो विषम् परिस्थिति भएपनि उच्च सतर्कताका साथ सामाजिक दूरी काम गर्ने वातावरण बनाइ आफ्नो परम्परालाई निरन्तरता दिऔं। म सरकारलाई पनि आग्रह गर्दछु कि निर्देशनको नौटंकी छोड्नुस्, बन्देजको नौटंकी छोड्नुस्। सनातन परम्परा यो देशमा जोगिरह्यो भने धार्मिक पर्यटन आउँछन्, धार्मिक पर्यटन आए भने देशको आर्थिक स्थिति उभोतिर लाग्छ। त्यसकारणले हाम्रो परम्परासँग सरकारले छेडछाड नगरोस्। त्यसकारणले यो महामारीमा पनि परम्परालाई कसरी जोगाउने, आफ्नो परम्परालाई विश्व सामु पुर्‍याउने भन्ने कुरामा ध्यान दिन सरकारसँग आग्रह गर्न चाहन्छु।

**० तपाईंहरूले नेपाल पुनः हिन्दू राष्ट्र हुनुपर्ने माग गरिरहनु भएको छ, धर्मनिरपेक्षता हुँदा के बिग्रियो ?**

– संविधान जारी हुँदा म आफैले संविधानमा रहेको धर्मनिरपेक्षता बुँदालाई सडकमा जलाएको थिएँ। त्यहीं बेलादेखि नेपाल पुन: हिन्दू राष्ट्र कायम गराउनका निरन्तर आन्दोलनमा छु। देश संघीय लोकतान्त्रिक हिन्दू गणतन्त्र राष्ट्र हुनुपर्छ। किनभने यो देशको जुन सनातन पहिचान हो त्यसलाई मासेर हुँदैन, त्यो पहिचानलाई हामी विश्व सामु पुर्‍याउन सक्यौं विश्वभरिका एक अर्ब हिन्दूहरुको तिर्थस्थल बन्न सक्छ। त्यसबाट हाम्रो देशको आय स्थिति सुध्रिन्छ। अर्को कुरा यहाँको हिन्दूत्व देशको राष्ट्रियतासँग जोडिएको विषय हो। हिन्दूत्व नै यो देशको राष्ट्रियता हो। आफ्नो संस्कृति छोडेर कुनै पनि देश अगाडि बढ्न सकेको छैन। जुन-जुन देश आफ्नो संस्कृति गुमायो, ती देशहरु आज कंगाल भएका छन्। नेपाल पनि त्यो बाटोमा नजाओस्। गणतन्त्र दुनियाँको सबभन्दा राम्रो व्यवस्था हो। त्यसकारण हामी संघीय लोकतान्त्रिक हिन्दू गणतन्त्रको परिकल्पना गर्छौं। विश्वसामु यहाँको संस्कार, संस्कृति र परम्पराहरुलाई चिनाउँछौं।

*(मधेशवाणीका लागि रामसुकुल मण्डलले गरेको कुराकानीको सम्पादित अंश)*

# मेरो पहिचानमै अछुतो



**मौसमी कुमारी कुशवाहा**

म हिन्दु हुँ ! म मुस्लिम हुँ ! म बौद्धमार्गी हुँ ! म इसाइ हुँ ! म सिख हुँ ! यस्तै-यस्तै धर्मका सीमित नामाङ्कित परिभाषा मानिसहरुले गरिरहेको म सुन्छु । जब सीमित मानसिक सोच भएको मानिसहरुको कुरा गरेको सुन्छु अनि उनीहरुलाई म खुब नियाल्छु । एकछिन त म आफ्नो मस्तिष्कलाई भ्याए जति दवाब दिन्छु र सोच्दछु के फरक छ यो धर्मझन्डुवाहरुमा ! सब काट्ने, ढाँट्ने र बाँड्ने कुरा मात्र गर्छन् । एक धर्मले अर्को धर्मको कुरा काट्छन् वा बाँड्ने नै कुरा गरेको हुन्छ । हामी यस्तो छौं, हाम्रोमा उस्तो हुन्छ । जस्ता विभिन्न नीति नियम र संस्कारका नाममा बटवारा गराइरहेको हुन्छ । म त यो भन्छु-यो जति संसारमा धर्मझण्डुवाहरु छन्, सब मात्र ढाँट्ने, काट्ने कुरा मात्र गर्छन् । जो यस्तो काट्ने, ढाँट्ने र बाँट्ने कुरा गर्दैछन् भने त्यो धर्म धर्म होइन । धर्मको नाममा आडम्बर मात्र हो ।

धर्म भनेको धारण गर्नु हो । स्वतन्त्र रुपले जो कहिल्यै बदलिदैन । जुन प्राकृतिक रुपले जन्मदेखि हामी लिएर आएको छौं असलमा त्यही धर्म हो । जस्तै यो स्वास, यो हावा, यो सूर्य जे भए पनि आफ्नो नित्य दिनको कर्म आफ्नो छोड्दैनौ त्यही धर्म हो । यो समाजको हिन्दु, मुस्लिम, बौद्ध जातिलाई हामी धर्म भन्छौं, साँच्चिकै भन्ने हो भने त्यो धर्म होइन । त्यो सब समाजको रुढिवादी र हिंसाको मूल जरो हो । त्यहीबाट सुरु हुन्छ अनेकौं दंगा, हत्या, हिंसा ! यी माथिका सम्पूर्ण धर्म समाजको रुढिवादी र हिंसाको बिउ हो । जुन बिउ मानवको कोमल निर्दोष हृदय माटामा परेर दिन प्रतिदिन बिरुवाको आकारमा वृद्धि विकाससँगै समाजमा मूल जरो बनाएर बसेको छ । जसको दुष्परिणाम आजको हाम्रो समाज राष्ट्र लगायत सम्पूर्ण संसारमा त्राहीमाम भएको छ । दिनहुँ धर्मको नाममा मारामार, काटाकाट भइरहेको छ ।

यो जीवन एउटा गाडी हो । जुन नानाकथित अघि बढिरहेको छ । ९९.९ प्रतिशत मानिसहरुको मात्र गाँस, बाँस, कपास नै जीवनको उद्देश्य रहेको हुन्छ । मात्र १ प्रतिशत हुन्छ, जुन जीवनको गाँस, बाँस, कपास बाहेक अरु पनि उद्देश्य राखेका हुन्छन् । हाम्रो यो नाशवान मानव शरीर संस्कारमाथि आश्रित हो र संस्कार मनमाथि आधारित हुन्छ । अर्थात हाम्रो शरीर एउटा दशढोका र दुई पंग्रे लोभलाग्दो गाडी चालक, त्यो चालकको आत्मालाई चलाउने वा डोऱ्याउने संस्कार हुन्छ । संस्कार कै आधिपत्य जहिले रहेको हुन्छ । त्यहि भएर हाम्रो समाजमा अनेकौं पाप, रुढीवादी, हत्या, द्वन्द्व, हिंसा, भेदभाव व्याप्त छ । किनकी आफ्नो मनको आधारमा, इच्छाअनुसार अनेकौं संस्कारको नाममा कुसंस्कार र विकृति भित्रियाइन्छ । हामी वा हाम्रो पुर्वज, अग्रजहरु आफ्नो सुविधा र सुखअनुसार संस्कार र नियमहरु बनाएको छ । युगैयुगदेखी जसको बोलबाला रह्यो उसको समाजमा अधिकार रह्यो । अशिक्षित गरिबलाई परजीवि किरा जस्तै रगत चुसिरह्यो । यो घटनालाई हेर्ने हो भने ब्राहम्णहरु अग्रपंक्तिमा रहेको छ । समाजमा जति नीति नियम र संस्कार बनेको छ सब ब्राहम्णहरुको आफ्नो सुख भोगमा आधारित रहेको छ ।

वर्तमान समयमा धर्म संस्कृति र संस्कार भन्ने तीन शब्दको प्रभाव वा उदाहरणको आधारमा हेर्ने हो भने अग्रपंक्तिमा भारत र दोस्रोमा नेपाल आउँछ । अब हामी आँखा उठाएर हेरौं- कति हिंसा र विभेद छ यी दुबै देशमा जहाँ जहाँ धर्मको बोलबाला हुन्छ, त्यहाँ-त्यहाँ अशिक्षा र रुढिवादी हुन्छ । म त भन्छु यो धर्म र संस्कार सबभन्दा ठूलो शत्रु हुन्छ शिक्षाको । हरेक कोणबाट शिक्षालाई रोक्ने प्रयास गरेको हुन्छ । सबभन्दा ठूलो मर्कामा महिला जाति परेको छ । सृष्टिको सुरुवातदेखि महिलालाई हरेक धर्म र संस्कारको नाममा किल्चिएको छ । धर्मको आडमा शिक्षा ब्राम्हणसम्म मात्र सिमित रह्यो । इतिहास हेर्दा स्त्री जाति र शुद्र जातिबाट मीलौं टाढा राखिएको छ । शिक्षालाई शुद्र जाति महिला जातिलाई अपवित्र र मानिन्थ्यो जस्को परिणाम पितृसत्ताको बोलबाला र महिलाहरुलाई आजसम्म विभेद र हिंसाको भूमरीमा जीवन भौतारिएको छ ।

आज भन्दा करिब तीन वर्ष पहिलाको कुरा हो । भारतको मुम्बई सहरमा एउटा "श्रीमत भागवत गीता च्याम्पियन लिग" भन्ने प्रतियोगिता भएको थियो । त्यो प्रतियोगितामा करिब ५००० छात्रछात्रा प्रतियोगी थिए । १०० पूर्णाङ्कमा परीक्षामा विषयगत र वस्तुगत प्रश्न समावेश गरिएको थियो । जुन प्रतियोगितालाई मुम्बईको मात्र १२ सालकी फुच्चीले जितिन् । अचम्मको कुरा यो छ कि उनी एक मुस्लिम धर्मबाट थिइन् । त्यो विलक्षण भएकी फुच्चीको नाम मरियम आसिब सिद्दिकी थियो । एउटा मुस्लिम परिवारमा जन्मेकी नानी हिन्दु धर्मको महान धर्मग्रन्थ गीतामा कति आकर्षण, कति गहन अध्ययन गरिन् र प्रतियोगिता जितिन् । यस उदाहरणलाई हेर्दा यो त प्रष्ट भयो कि कुनै पनि धर्मले भेद गर्दैन । भेद त यो धर्मझण्डुवाहरुले गर्दछन् । यस घटनालाई हेर्दा त यो एउटा चम्तकार नै हो । जनमानसमा एउटा सन्देश हो कुनै भगवान वा धर्ममा भेद छैन । संसारको हरेक धर्म समान छ । हरेक धर्मको सन्देश एउटै छ । भगवान कुनै पनि धर्मको भक्तमा तेरो-मेरो गर्नु हुन्न ।

यदि त्यस्तो हुने भएको भए "श्रीमत भागवत गीता च्याम्पियन लिग" को खिताब मुस्लिम केटी मरियमले जित्ने थिइनन् । मरियम गीता लगायत कुरान, बाइबल लगायत अनेकौं धर्म ग्रन्थहरु पढेकी छिन् तर कुनै पनि धर्म ग्रन्थले भेद सिकाउँदैन । अचम्मको कुरा किताबसम्म हरेक ग्रन्थको आशय वा मूल सन्देश समान नै हुन्छ । जब त्यो पवित्र ग्रन्थ धर्मको रखवालाहरुको बीच आउँछ अनि ठिक उल्टो प्रतिक्रिया दिइहाल्छ । विभेद उत्पन्न भइहाल्छ । ती ग्रन्थहरुले जोडने कुरा गरे पनि त्यो ग्रन्थका ज्ञाताहरु कसरी बाँटने बुझ्न थाल्छन् । नकारात्मक अर्थ प्रसारित कसरी हुन थाल्छन् । धर्म के हो ? अनि सबभन्दा ठूलो धर्म के हो ? धर्म भनेको धारण गर्नु हो । यो पंगु समाजको रीत वा विपरित जुन हाम्रो इच्छाहरु छ त्यो सम्पूर्ण इच्छाहरुलाई स्वतन्त्र भावले धारणा गर्नु नै हाम्रो सबभन्दा पहिला र ठूलो धर्म हो ।

शिक्षा भनेको अन्तर्निहित रहेको प्रतिभालाई प्रस्फुटन गर्नु हो । चौतर्फी विकास गर्नु हाम्रो भित्रको अँध्यारोलाई मिटाई उज्यालो छर्नु हो । सहि गलतको फरक छुट्याउन सक्ने बनाउने, सत्मार्गमा हिंडाउने, जीवनलाई सार्थक बनाउने । हामी तल्लो कक्षादेखि यस्तै-यस्तै परिभाषा पढ्दै अएको छौं । तर अब यहाँ प्रश्न उठ्छ कि जुन शिक्षा हामी प्राप्त गऱ्यौं वा गर्दै आइरहेका छौं, के त्यो शिक्षाले हाम्रो चौतर्फी विकास गरायो त ? हाम्रो भित्रको अँध्यारो मेट्यो त ? होइन, भएन वा भयो भने के परिर्वतन भयो हाम्रो जीवनमा ? हामीले पाएको शिक्षाले समाजको समस्या निवारण भयो त ? यदि हाम्रो शिक्षा प्रभावकारी छ भने किन देशमा दिनहुँ हत्या हिंसा, दंगा अन्याय भइरहेको छ । लाखौं युवा बेरोजगार छ । सालै पिच्छे शिक्षा नीति नियम, पाठ्यक्रम परिवर्तन हुन्छ । जसमा करोडौं बजेट खर्च भइरहेको हुन्छ तर उपल्बधी भने शून्य छ । के हाम्रो भित्र मात्र अन्न खाने, मीठो पकवान पिउने अमृत र निकालने विष मात्र हो ? खाली बच्चा जन्माउने, समाजमा रुढी फैलाउँने, हिंसा गर्ने अरुको छोरी बहिनीलाई बलात्कार जस्तो अक्षम्य गल्ती गर्ने, राजनीतिको आड लिएर निर्दोष जनतालाई काट्ने, बाँट्ने र ढाँट्ने गुण छ ? यदि हाम्रो पाठ्यक्रमले यति मात्र हाम्रो भित्रको गुण प्रष्फुटन गर्छ भने, हाम्रो शिक्षा नीति र पाठ्यक्रमको कुनै औचित्य रहेन । शिक्षाको नाममा भएको करोडौंको बजेट सब निरर्थक हो । तसर्थ हालको शिक्षाको नीति नियममा परिवर्तन होस्, समयको माग अनुसार शिक्षाको धार बदलियोस् । नैतिक शिक्षा पनि समावेश होस् । हाम्रो देशमा पनि यस्ता धार्मिक शिक्षाको प्रतियोगिता होस् । जुन अति आवश्यक रहेको देखिन्छ ।

> विश्वमाझ चिनिने नेपाल हिन्दू राष्ट्र भएर पनि हामी हिन्दू भक्तहरु आफ्ना पवित्र ग्रन्थ पढ्दैनौं । कति त यस्ता पनि छन् जो गीता भन्ने नामको बारेमा पनि जान्दैन । मलाई यहाँसम्म लाग्छ कति मानिसहरु जीवन रहँदासम्म गीता हेर्न पनि भ्याउँदिन अनि मृत्युवरण हुन पुग्छ ।

विश्वमाझ चिनिने नेपाल हिन्दु राष्ट्र भएर पनि हामी हिन्दू भक्तहरु आफ्ना पवित्र ग्रन्थ पढ्दैनौं । कति त यस्ता पनि छन् जो गीता भन्ने नामको बारेमा पनि जान्दैन । मलाई यहाँसम्म लाग्छ कति मानिसहरु जीवन रहँदासम्म गीता हेर्न पनि भ्याउँदिन अनि मृत्युवरण हुन पुग्छ । दुःखको कुरा पूरै जीवन हिन्दू-हिन्दू कराउँछ, धर्मको आडमा कति निर्दोष आत्मालाई रुवाउँछ, आहत बनाउँछ तर असल जीवनमा टाढा टाढासम्म हिन्दू धर्मसँग कुनै सरोकार रहेको हुँदैन । त्यसकारण हाम्रो राष्ट्रमा पनि भारत जस्तै पाठ्यक्रम लागायत पाठ्यक्रम बाहिर, सरकारी तथा गैरसरकारी संस्थाहरुबाट पनि धार्मिक शिक्षाको प्रतियोगिता वा ज्ञान निखार्ने कार्यक्रम समय-समयमा गराउनु अत्यन्त आवश्यक पाटो देखिन्छ । किनकी वर्तमान समय यति व्यस्त भइसकेको छ कि कुनै मानिसलाई फुर्सत छैन, गीता पुरान जस्ता किताब पढोस् । धार्मिक ग्रन्थप्रति कति नास्तिक र निरसताको भावना आइसकेको छ । यसरी धर्मसँग सम्बन्धित प्रतियोगिता र कार्यक्रम भयो भने जित्ने बहानामा पनि कमसेकम आफ्नो जीवनमा एक पटक विद्यार्थीहरु पवित्र ग्रन्थको पाठ त गर्न सक्छ । के कस्तो छ एक चोटि हेर्ने मौका त पाउँछ । हामी भन्दा त लाखौं गुणा राम्रो मुस्लिम र क्रिश्चन धर्मावलम्बीहरु, उनीहरुको हरेकको घरमा कुरान र बाइबल हुन्छ र नित्य दिन पाठ गरेको हुन्छ । धर्मको बारेमा अनेकौं पोथी मानिसहरुले लेखेको छ, लेख्दैछ । तर पनि धर्मलाई दिएर दिनहुँ लड्दै छ । धर्मलाई लिएर कतै म छोटो र मीठो दुई शेर पढेको थिए :

ऐ पेड, ऐ शाखे, ऐ पत्ते, भी परेशान हो जाएं ।

अगर परिंदे भी हिन्दू और मुसलमान हो जाएं ॥

कति ठूलो सन्देश बोकेको छ यो माथिको दुई शेर । रुख, हाँगा, पात पनि हैरान भइहाल्छ यदि पंक्षीहरु पनि हिन्दु र मुस्लमान भयो भने । यो निमुखा रुखहरु कसरी न्याय गर्ने होला को-कसलाई आफ्नो हाँगामाथि बस्न दिन्छ ।

ना मस्जिदको जानते हैं, ना शिवालों को जानते हैं ।

जो भूखे पेट हैं, वो सिर्फ दो निवालों को जानते हैं ॥

हाम्रो समाजको बुद्धिजीवी, सम्पन्नहरुदेखि सडकको पेटीमा जीवन बिताइरहेका मानिसहरुलाई नियाल्नु कति सटिक उदाहरण हो । जो गरिब र भोको पेट छ उनीहरुलाई त्यो मस्जिद र शिवालय जानेर के अर्थ ? उनीहरुलाई त मात्र आफ्नो भुख र पेटको लागि मात्र दुई गाँसको मतलब हुन्छ । गरिब भोको पेट जान्दैन यो हिन्दुको पनि हो कि मुस्लिमको । तिनीहरुलाई धर्मको छुतभन्दा आफ्नो पेटको भोक ठूलो हुन्छ । यो मस्जिद र शिवालयलाई जान्ने बुझ्नेवाला हाम्रो समाजको जो सम्भ्रान्त र बुद्धिजीवीको काम हो । जसको पेट भरेको हुन्छ तिनीहरुलाई नै हो यो अनावश्यक जाति धर्मको कुरा याद आउने । धेरै बुद्धि भएको मानिसहरुले हो हाम्रो समाजमा अनेक रुढिवादीहरुको जडो जन्माउने । कस्तो अचम्मको कुरा सृष्टिको सर्वश्रेष्ठ चेतनशील प्राणी मान्छेलाई भनिन्छ तर मानिसकै व्यवहार निच हुन्छ । जति कुकर्म गर्ने हो त्यो मानव जाति नै हो ।

## चीनले झुठ बोल्योः कांग्रेस नेता शाही

काठमाडौं । नेपाली कांग्रेसका नेता जीवनबहादुर शाहीले नेपाली भूमि मिचेको विषयलाई छाँयामा पार्न चिनियाँ पक्ष लागि परेको बताएका छन् । नेपालको सीमा मिचेको भनेर झुटो खबर फैलाउ नेपाली कांग्रेससमेत मुछिएको भन्दै चिनियाँ मुख पत्र ग्लोबल टाइम्सले रिपोर्ट प्रकाशित गरेपछि नेता शाहीले विज्ञप्ति जारी गरेर ध्यानाकर्षण भएको जनाएका छन् । 'नेपाल र चीनबीच सीमा विवाद देखिएको हुम्लाको उत्तरी क्षेत्रको स्थलगत निरीक्षण पश्चात गरिएको सुक्ष्म अध्ययन एवं विश्लेषण र तथ्यका आधारमा नेपाली भूमि अतिक्रमण भएको निष्कर्षलाई छाँयामा पार्ने गरी आफ्नो मुख पत्र ग्लोबल टाइम्स पत्रिका मार्फत चीन सरकारले लगाएको सम्पूर्ण मिथ्या आरोपलाई खारेज गर्दछु, बुधबार विज्ञप्ति जारी गर्दै शाहीले भनेका छन्,'एक इञ्च पनि नेपाली भूमि नमिचेको प्रमाण पेस गर्न चीन सरकारलाई चुनौती दिन्छु ।' ग्लोबल टाइमस्ले चीनले सीमा मिचेको झूठो खबर फैलिनुमा नेपाली कांग्रेसको मुख्य हात रहेको दाबी गरेको छ । उक्त पत्रिकाले केही नेपाली विज्ञहरूलाई पनि उल्लेख गरेको छ । साथै, नेपाली कांग्रेसलाई प्रो-इन्डियन पार्टीको संज्ञा दिएको छ । चीनको मुखपत्र भनेर चिनिने ग्लोबल टाइम्सले रिपोर्टमा कांग्रेस नेता एवम् कर्णाली प्रदेशसभा सदस्य जीशाहीलाई मुख्य आरोप लगाएपछि उनले विज्ञप्ति जारी गर्दै चीनले नेपाली भूमि अतिक्रमण गरेको फेरि पनि दोहोऱ्याएका छन् । शाही नेतृत्वको टोलीले हुम्लामा चीनले सीमा मिचेको भन्ने स्थानको भ्रमण गरेर प्रतिवेदन नै पार्टी कार्यालयमा बुझाएको थियो ।

## तटबन्धन बनाउँदा पानीको बहाव नेपालतिर

काठमाडौं । चीनले नेपालसँगको सिमाना हिल्साको किट क्षेत्रमा कर्णाली नदी किनारका नेपालपट्टीका ढुङ्गा लगरे आफ्नोतर्फ तटबन्धन निर्माण गरेको छ । जसको कारण उक्त तटबन्धनले नदीको पानीको बहाव नेपाली भूभागतर्फ फर्केको छ । नेपाली पक्षको कहिल्यै पनि उपस्थिति नहुने किट क्षेत्रमा चीनले मनोमानी रुपमा नदीको कटानबाट आफ्नो भूभागको सुरक्षा तटबन्धन निर्माण गरेर नदीको बहाव नेपालतर्फ फर्काएको नाम्खा गाउँपालिकाका अध्यक्ष पेमा लामाले बताए । त्यो पनि कर्णाली नदी किनारको नेपाल पट्टीको ढुङ्गा लगेर उक्त तटबन्धन निर्माण गरिएको छ । यसबाट चीनको भूभाग कटानबाट सुरक्षित भएको छ भने नेपाली भूभाग कटानको जोखिममा परेको छ ।

यसरी अर्काको जमिनको ढुङ्गा लगेर आफ्नो जमिनलाई सुरक्षित बनाउनु तर अर्काकोलाई जे सुकै होस् मतलव नहुनु हेपाहा प्रवृत्ति भएको कर्णाली प्रदेशसभा प्रतिपक्ष दलका नेता जीवनबहादुर शाहीले बताए । उक्त क्षेत्रमा जान चीनतर्फबाट सडक सञ्जाल पुगेको छ भने नेपालतर्फबाट घोरेटो बाटो पनि राम्रो छैन । चीनले किटमा कहिले तटबन्धन निर्माण गरेको हो भन्ने पनि नेपाली पक्षलाई थाहा छैन । सीमा सुरक्षा पोष्ट हिल्साका प्रहरी आफू सीमा अनुगमन गर्न जाँदा नेपाली किनाराका ढुङ्गा उखेलेर लगि चिनियाँ क्षेत्रमा तटबन्धन गरेको देखिएको बताउँछन् । यसरी नदीको किनारामा तटबन्धन निर्माण गरेको क्षेत्र करिब पाँच सय मिटर भन्दा बढी रहेको छ । यस बारेमा नाम्खा गाउँपालिका पनि बेखवर जस्तै छ ।

## मधेश अपडेट

### 'प्रदेश परिवहन' बस सञ्चालन हुँदै



जनकपुरधाम । प्रदेश २ सरकारले प्रदेशभरि 'प्रदेश परिवहन' बस सञ्चालन गर्न लागेको छ । वीरगन्ज र राजविराजलाई अस्थायी राजधानी जनकपुरसँग जोड्न प्रदेश सरकारले सरकारी बस सञ्चालन गर्ने भएको छ । जनकपुरधामबाट पूर्वी शहर राजविराज र पश्चिमी शहर वीरगन्जमा बस सञ्चालन गर्न लागिएको प्रदेश २ को भौतिक पूर्वाधार विकास मन्त्रालयले जनाएको छ । भौतिक पूर्वाधार विकास मन्त्रालयले ५ वटा बस खरिद गरिसकेको छ । उनका अनुसार बस सञ्चालनसम्बनधी कार्यविधी तयार भइसकेको छ । चाँडै बस सेवा सुरु हुनेछ । कार्यविधीमा सर्वसाधारणसँग लिइने भाडा दर, चालकसहितका कर्मचारी नियुक्त गर्ने प्रकृया, बस संचालन हुने ठाउँ र कुदने समय पनि निर्धारण गरिएको छ । सरकारी बसको भाडा सार्वजनिक यातायातभन्दा कम हुने जनाइएको छ ।

### बाँकेमा जनमतको वडा अधिवेशन सम्पन्न

बाँके । नेपालगन्ज उपमहानगरपालिका वडा नं.१४ मा जनमत पार्टीको प्रथम वडा अधिवेशन सम्पन्न भएको छ । शनिबार पार्टीका संस्थापक केन्द्रीय सदस्य इरफान अहमद शेषको प्रमुख आतिथ्यतामा तथा नसिमुन शेषको अध्यक्षतामा वडा अधिवेशन सम्पन्न भएको हो । कार्यक्रममा अन्य नेताहरू जिल्ला अध्यक्ष रियाज अहमद शेष, विद्यार्थी जनमतका नेता तथा जिल्ला सदस्य रियाज अंसारी, जिल्ला सदस्य जाबिर हल्वाई, जिल्ला सदस्य नाजमा बागवान, नौसाद अंसारी, शैलेन्द्र कुमार कर्ण, राजू शेष, नसिमुन शेष, कुन्नी चमार, शीला रैदास, प्रहलाद यादव, जिल्ला सदस्य कलामुद्दीन शेष, राहुल शेष, शम्साद शेष, इसारत शाह, इसराईल शेष, अफरोज जहाँ शेष, जास्मिन शेष, मुस्तफा अंसारी, मुकिम शेष,अलि हुशेन अंसारी लगायतको उपस्थितमा कार्यक्रम सम्पन्न गरिएको हो। आजको भेलावाट सर्वसम्मतिले ११ सदस्यीय वडा समिति चयन गरिएको छ । भेलावाट चयन भएका समितिमा अध्यक्ष सलीम बागवान, उपाध्यक्ष पुनमदेबी कोरी, कोषाध्यक्ष समुन्द्री कोरी, सचिव इरसाद राई, सदस्यद्वय प्रमानन्द भाँट,दिल बहार अंसारी, सीता सिंह, गुलाम रसूल, सहिरुल निशा शाह, कासिम जोलाह, हजरत अली बागवान तथा मायावती बसखोर रहेका छन् । कार्यक्रममा बोल्दै इरफान अहमद शेषले अबको दिनमा मधेशको सम्पूर्ण नेतृत्व जनमतले नै गर्ने भनेका छन, मन्तब्य राख्दै नेता शेषले पूर्व मधेशी नेताहरू माथि खनिएका थिए ।

### नाका खुलाउन रौतहटमा प्रदर्शन

रौतहट । कोरोना महामारीका कारण लामो समयदेखि बन्द रहेको नेपाल-भारत सीमा नाका खुलाउन माग गर्दै रौतहटको गौरमा स्थानीयले प्रदर्शन गरेका छन् । रौतहटको मुख्य नाका गौर भन्सार अगाडिबाट नेपाल-भारत आवतजावत गर्न दिन र पहिलेजस्तै सीमा नाका सञ्चालन गर्न माग गर्दै स्थानीयले प्रदर्शन गरेका हुन् । चाडपर्वका बेला किनमेलका गर्न भारतीय बजारसम्म जान नपाएको प्रदर्शनकारीले बताएका छन् । बजार, कलकारखाना, विद्यालय र यातायात सबै संचालन भइसक्दा पनि सीमा नाका बन्द गर्नु उचित नहुने उनीहरुको भनाइ छ । गौर भन्सार बन्द भए पनि रौतहटकै लक्ष्मीपुर बेलबिछवा र पश्चिममा महादेवपट्टीबाट आवागमन केही हदसम्म सञ्चालन भइरहेको छ । तर भारतीय सुरक्षाकर्मीले मुख्य नाकाबाटै आवतजावत गर्न भन्दै अन्य नाकामा स्थानीयलाई रोक्न थालेको छ । एसएसबीले रोक लगाएपछि स्थानीयले गौर भन्सारको मुख्य नाका नै खुलाउन दबाब दिएका हुन् । चाडबाडका बेला किनमेलका लागि सीमावर्ती बजारहरुमा भीड लाग्ने गर्थ्यो । पहिलेजस्तै सामान्य रुपमा मुख्य नाका सञ्चालन गर्न राजनीतिक दलका प्रतिनिधिले प्रमुख जिल्ला अधिकारीलाई ज्ञापनपत्र समेत बुझाएका छन् ।

### चीनविरुद्ध पर्सामा ज्ञापनपत्र

वीरगन्ज । जमिअत उल्माए नेपालद्वारा जिल्ला प्रशासन कार्यालय पर्सामा चीनविरुद्ध ज्ञापनपत्र बुझाएको छ । चीनको उइगुरमा मुस्लिम समुदायमाथि दमन, शोषण र मानवअधिकार हनन तथा उल्लंघन भइरहेको विरुद्धमा बुधबारको दिनमा वीरगंजको छपकैया २ मा रहेको यतीम खाना (अनाथालय) देखि घन्टाघरसम्म शान्तिपूर्व विरोध रैली निकाली नगर परिक्रमा गरी जिल्ला प्रशासन कार्यालय पर्साका जिल्ला प्रमुख आसमान तामाङलाई ज्ञापनपत्र बुझाएको छ । जमिअत उल्माए नेपालको केन्द्रीय सहअध्यक्ष मौलाना अलि असगर मदनीको नेतृत्वमा चीन सरकार विरुद्ध नेपाल सरकारमार्फत चीनमा उइगुरका मुस्लिमहरुप्रति भइरहेको अत्याचार, मानवअधिकारको हनन् तथा उल्लंघन र शोषणको विरोध गरेको छ । विरोध कार्यक्रममा केन्द्रीय सचिव मौलाना अमिर हम्ज़ा, केन्द्रीय सदस्य मौलाना सबिर काश्मी, मुफ्ती जहुर, अहमद नोमानी र जिल्ला पर्सा जमिअत उलेमा नेपाल अध्यक्ष कारी नेक महम्मद, सचिव मौलाना रफिक, त्यसैगरी जिल्ला बारा जमिअत उलेमाए नेपालका अध्यक्ष मौलाना सुलेमान, मौलाना अब्दुल कादिर, विद्यार्थी संघ नेपाल) जिल्ला पर्साको अध्यक्ष कारी अतिउल्लाह, सचिव मोहम्मद रिजवान, जिल्ला बाराको अध्यक्ष सगीर काश्मी सचिव मोहम्मद जावेद लगायत बिभिन्न मुस्लिम समुदायका मुस्लिम अगुवाहरु को उपस्थिति रहेको केन्द्रीय सहअध्यक्ष मौलाना अलि असगर मदनीले बताए ।

### नवलपरासीमा १५० जना कांग्रेसमा प्रवेश

नवलपरासी । नेकपाबाट निर्वाचित वडा सदस्य विन्द्रावती राजभर सहित १५० जना विभिन्न पार्टी परित्याग गरि कांग्रेसमा प्रवेश गरेका छन् । पश्चिम नवलपरासीको सरावल गाउँपालिका वडा नं. ६ पुसौलिमा छठ पर्वको अवसरमा नेपाली कांग्रेसको शुभकामना आदानप्रदान तथा कार्यकर्ता भेटघाट कार्यक्रमा सरावल गाउँपालिका वडा नं. ३ ,५ ,६ र ७ का विभिन्न पार्टी परित्याग गरि १५० जना कांग्रेस प्रवेश गरेका हुन् । कांग्रेस केन्द्रीय सदस्य देवेन्द्रराज कँडेलबाट सदस्यता ग्रहण गरि उनीहरु कांग्रेसमा प्रवेश गरेका हुन् । त्यस अवसरमा बोल्दै कँडेलले नेपाली कांग्रेसको बिचार र सिद्धान्तलाई अङ्गालेर प्रवेश गरेका नेता कार्यकर्तालाई कांग्रेसले सधै सम्मान गर्ने अवसरहरुलाई समान रुपमा वितरण गर्ने बताए । सरावल गाउँपालिका वडा नं. ५ देखि ७ सम्म र पाल्हिनन्दन १ र केही वडामा डुबान समस्या रहेको हुनाले केन्द्रीयस्तरबाट आफुले पहल गरिरहेको बताउँदै कांग्रेसमा आबद्ध सबैले आफ्नो समस्या र समाजका समस्यामा हातेमालो गरेर अघी बढ्न सुझाब दिए । उनले नेपाली कांग्रेसका सबै वडास्तरका कार्यकर्तालाई सक्रियताका साथ लागेर कांग्रेस बलियो बनाउन आग्रह गरे।

### कृत्रिम पोखरीमा छठ मनाइने

विराटनगर । कोरोना भाइरसको उच्च जोखिममा रहेको विराटनगर महानगरपालिकावासीहरु यसपटक कृत्रिम पोखरीमा नै छठ पर्व मनाउने तयारीमा छन् । स्थानीय प्रशासनले जलाशयमा भीडभाड गर्न रोक लगाएपछि विराटनगर आसपासका छठ पर्वका ब्रतालुहरुले घर नजिकै कृत्रिम पोखरी निर्माण गर्न सुरु गरेका छन् । विगत वर्षहरुमा यस क्षेत्रका ब्रतालुले सुनसरी-मोरङ सिँचाइ आयोजनाको नहर, सिङ्घिया र बुढी केशलिया खोलाको किनारमा छठ पर्वको ब्रत गर्दै आएका थिए । यस वर्ष कोरोना भाइरस सङ्क्रमणको जोखिम देखाउँदै स्थानीय प्रशासनले नदी तथा खोलामा भीडभाड गर्न रोक लगाएपछि घरमा कृत्रिम जलाशय निर्माण गरी सूर्यको उपासनाको तयारी गरिएको हो ।

# यसरी मनाइन्छ छठ पर्व



वीरगन्ज । छठमा चढाइने ठेकुवा, पुडुकिया, पुरी र खाजा मिठाईलगायतका लोकप्रिय प्रसादहरु पूर्ण शुद्धता हुनुपर्ने हुँदा चुल्हो नै नयाँ बनाएर पकाउने पनि गरिन्छ ।

ब्रतालुहरुले आज नजिकैको जलाशय वा घरमा नै नुहाइ चोखिएपछि शुद्ध शाकाहारी भोजन ग्रहण गर्छन् । यो विधिलाई स्थानीय भाषामा 'नहा खा' वा 'नहाए खाए' भनिन्छ ।

पूर्णरुपले उपवास बसेका ब्रतालुले दोस्रो दिन बिहिबार साँझ लिपपोत गरिएको एक कोठामा केराको पात ओछ्याएर त्यसमाथि प्रसादको रुपमा खिर, पुरी, केरा र मुला राखी मौन पुजा गर्छन् ।

स्थानीयले यसलाई खरना वा रसिआओ रोटी भन्छन् । छठकै प्रयोजनकोलागि निर्मित माटोको एक छुट्टै चुलोमा मुख्य उपासक महिलाको नेतृत्वमा यी चढावा तयार पारिन्छ । यो पूजा सम्पन्न भएपछि ब्रतालुले आफू पनि प्रसाद खान्छन् ।

परिवारजन, छरछिमेक एवम् पाहुनालाई समेत बाँडछन् । लोक आस्थाको यो पर्वको तेस्रो दिन शुक्रबार बिहानदेखि गहुँ एवं चामलको शुद्ध पिठोबाट क्रमशः ठेकुवा, पुरी एवम् पुडुकिया बनाउँछन् ।

यो पर्वको महत्वपूर्ण दिन हो जसको ब्रतालुलगायत सबैले व्यग्र प्रतिक्षा गरिरहेका हुन्छन् । प्रसाद तयार पार्ने कार्यमा मुख्य उपासकलाई परिवारजन र छरछिमेकले सहयोग गरिरहेका हुन्छन् ।

प्रसाद एवम् पूजन सामग्री तयार भएपछि घरको आँगनलाई अपराह्न लिपपोत गरी एवम् जल छर्केर चोख्याइन्छ । नांग्लो र ढाकीलाई फिजाएर त्यसभित्र ठेकुवा, पुडुकिया, पुरी खाजा, गेडागुडी, मौसमी फलफुल एवम् तरकारी राखिन्छ ।

घरमै एकपटक पुजा गरेपछि ती सबै सामग्रीलाई ढाकी (दउरा) मा राखेर बाँधि माथितिर एउटा दियो बालिन्छ । ब्रतालुको अगुवाईमा परिवारजन ढाकी एवम् अन्य विविध पुजन सामग्री बोकी छठको लोक गीत गाउँदै आफूलाई पायक पर्ने पोखरी वा नदी किनार गई पुजा अर्चना गर्ने गरिन्छ ।

नदि किनार वा घाटलाई पनि केराको बोट, दियो एवम् बत्तीले घाटलाई झकिझकाउ पारिएको हुन्छ । पूर्व निर्धारित पुजन थलोमा पुगेपछि ती सम्पूर्ण पुजन सामग्रीलाई पुनः फिजाएर राखिन्छ । नांग्लो, ढाकी र वरिपरि दियो तथा धूप बालिन्छ । त्यसपछि मुख्य ब्रतालु अस्ताइरहेको सूर्यतर्फ मुख फर्काइ जलाशयमा उभिन्छन । सहयोगी एवम् परिवारजनले उनको हातमा पालैपालो नांग्लोसहितको पुजन सामग्री राख्दै अर्घय दिन्छन्। यो विधिको समापनपछि कतिपय ब्रतालु एवम् परिवारजन घाटमै बस्छन् भने कतिपय घर फर्कन्छन् ।

यसलाई सझिया (साँझको) घाट वा सझिया अर्घय भनिन्छ । यो साँझ घरदेखि घाटसम्म दिपावली मनाइन्छ । घाटमा कुस्ती, लोक नृत्य, नाटक मञ्चन एवम् विविध साँस्कृतिक कार्यक्रमको आयोजन हुन्छ । त्यसपछी छठ घाट वा घरमा कोशी पूजाको आयोजना गरिन्छ । कोशी पूजा प्रत्येक बर्तालुले गर्नुपर्दैन । भाकल गरेको बर्तालु कोशी पूजा गर्छन जहाँ छठ मान्ने अन्य बर्तालुहरुपनि आएर छठको गित गाउँछन्। कोशी पूजाको लागि उखुलाई एकआपसमा बाँधेर गोलो आकार बनाइन्छ र त्यसको छेउमा दियो बाल्ने गरिन्छ ।

चौंथो तथा अन्तिम दिन शनिबार बिहान ब्रतालुसहित सम्पूर्ण परिवार जलाशय किनारमा पुजन सामग्रीसहित भेला हुन्छन् । साँझकै विधिझैं बिहान उदाइरहेको सूर्यलाई सम्पूर्ण पुजन सामग्रीसहित त्यसमाथिबाट दूधरजलको अर्घय दिएपछि यो महापर्वको समापन हुन्छ ।

यसलाई भोरका घाट वा भोरका अर्घय भनिन्छ । यसपछि छठको लोक कथाको वाचन हुन्छ । समापनको अवसरमा समेत मुख्य ब्रतालु महिला र परिवारका अन्य महिला सदस्यले गीत गाउँदै एक अर्काको निधारमा सिन्दुरको टिका लाउँछन् ।

ब्रतालु एवं परिवारजनले पर्व समापनपछि बिहान घाटमा उपस्थिति दर्शनार्थीलाई गच्छेअनुरुपको प्रसाद बाड्दै अर्को वर्ष फेरी आउने बाचाकासाथ घर फर्कन्छन् । ३६ घण्टे निर्जल उपवासपछि घर फर्कि ब्रतालुले सादा भोजन ग्रहण गरेर उपवास तोडछन् ।

# भीडभाड नगरी राजधानीमा छठ मनाइने

काठमाडौं । कोरोना भाइरसको सङ्क्रमणका कारण यस वर्ष राजधानीमा छठ पर्व भीडभाड नगरी विधिमात्र पूरा गरेर मनाइने भएको छ । जाडो लागि सकेकाले भीडभाड गर्दा कोरोना महामारी फैलन सक्ने हुँदा सामान्य पूजा मात्र गर्न लागिएको हो । राजधानीमा कमलपोखरी, गुह्येश्वरी, नागपोखरी, गहनापोखरीलगायत स्थानमा विशेष साजसज्जा गरी कात्तिक शुक्ल षष्ठीका दिन अस्ताउँदो र सप्तमीका दिन बिहान उदाउँदो सूर्यलाई अर्घ दिई छठ पर्व मनाइन्छ । राजधानीका यी स्थानमा हजारौं मानिस जम्मा भएर छठ मनाउने गरिन्थ्यो । कमलपोखरीमा विगत १० वर्ष अघिदेखि छठ पूजा समाजको नेतृत्व गर्दै आएका राजेन्द्र सिंह जिल्ला प्रशासन कार्यालयले २५ जना मात्र उपस्थित भएर पर्वको विधि पूरा गर्न स्वीकृति दिएको बताउँछन् । प्रशासनको स्वीकृतिअनुसार विगत नौ वर्षदेखि व्रत बस्दै आएकालाई मात्र मङ्सिर ५ गते बेलुकी कमलपोखरीमा प्रवेश गराएर अस्ताउँदो सूर्यलाई अर्घ्य दिने वातावरण बनाइने उनले जानकारी दिए ।

विगत वर्षमा जस्तो व्रतालुलाई राति पोखरी परिसरमा बस्नसमेत नदिइने कमलपोखरी छठ पूजा समाजले जनाएको छ । दश वर्षअघिदेखि कमलपोखरीमा विशेष साजसज्जाका साथ रङ्गीचङ्गी बनाएर छठ पर्व मनाइन्थ्यो । यस वर्ष भने सजावट र विशेष समारोहको कुनै तयार भएको छैन । कमलपोखरी र गुह्येश्वरीको छठ कार्यक्रममा राष्ट्राध्यक्षका रुपमा राष्ट्रपति समेत जाने परम्परा बनेको थियो ।

काठमाडौं महानगरपालिका-१ का अध्यक्ष भरतलाल श्रेष्ठ पनि पर्वको भीडभाडमा दूरी कायम नहुने भएकाले विशेष समारोह नगरिने बताउँछन् । व्रतालुले घरमै बसेर सूर्यको आराधना गर्न सक्ने भएकाले भीडभाडमा नजान वडा कार्यालयले आह्वान गरेको छ । पशुपति क्षेत्रको गुह्येश्वरीमा विगत वर्षजस्तो छठ समारोह नहुने पशुपति क्षेत्र विकास कोषका कार्यकारी निर्देशक डा. घनश्याम खतिवडाले जानकारी दिए । राजधानीमा नागपोखरी, गहनापोखरी, वाग्मती, विष्णुमतीलगायत नदी किनारका विभिन्न स्थानमा छठ पूजा गर्न स्थानीय समिति गठन गरेर समारोह गर्ने गरिएको थियो । यस वर्ष त्यसो नगरी घरमै बसेर पर्व मनाउन प्रशासनले आह्वान गरेको छ ।

कात्तिक शुक्ल चतुर्थीदेखि छठको विधि शुरु हुन्छ । सूर्यदेवको आराधना, उपासना र पूजा गरी सप्तमीसम्म पर्व मनाइन्छ। चतुर्थीका दिन स्नान गरी चोखो खाएर बसिन्छ । यसदिनदेखि छठ पर्व नसकिएसम्म व्रतालुले माछा, मासु, लसुन, कोदो, फापर, मुसुरो, आदि नखाने विधि छ । चतुर्थीको कर्मलाई अरबाइन वा अरबा भनिन्छ। कात्तिक शुक्ल पञ्चमीका दिनमा निर्जल उपवास बस्ने गरिन्छ ।

# शिक्षक र स्वास्थ्यकर्मीले महिनौंदेखि तलब पाएनन्

जनकपुरधाम । धनुषाको मुखियापट्टी मुसहरनिया गाउँपालिकाका शिक्षक तथा स्वास्थ्यकर्मी महिनौंदेखि तलब पाउनबाट बञ्चित भएका छन् । गाउँपालिकाले बजेट ल्याउन नसक्दा त्यहाँ कार्यरत् शिक्षक तथा स्वास्थ्यकर्मीले सात महिनादेखि तलब पाउनबाट बञ्चित भएका हुन् ।

गाउँपालिकाले गाउँसभा सम्पन्न गरे पनि जनप्रतिनिधिको विवादका कारण बजेट कार्यान्वय हुन सकेको छैन । जनप्रतिनिधिबीच आन्तरिक विवादकै कारण चालु आर्थिक वर्षको पाँच महिना बिते पनि बजेट आउन नसकेको मुखियापट्टी मुसहरनियाँ गाउँपालिकाका प्रशासकीय अधिकृत सुबोधकुमार ठाकुरले बताए ।

'बजेट जनप्रतिनिधिहरूले बनाउने, गाउँसभामा जनप्रतिनिधि र बोर्ड सदस्यबीच कुरा मिल्न नसक्दा गाउँसभा सम्पन्न भए पनि बजेट आउन नसकेपछि समस्या उत्पन्न भएको हो,' प्रशासकीय अधिकृत ठाकुरले भने, 'जसकारण बजेट कार्यक्रम तयार हुन सकेको छैन र अख्तियारी आउन नसकेकाले शिक्षक तथा स्वास्थ्यकर्मीले महिनौंदेखिको तलब पाएका छैनन् ।'

शिक्षक तथा स्वास्थ्यकर्मीलगायत कर्मचारीले तलबका लागि ताकेता गर्न थालेपछि अध्यक्ष मनोज यादव र उपाध्यक्ष मीरादेवी महतो गाउँपालिकाको कार्यालयसमेत आउन छाडेका छन् । गाउँपालिका प्रमुख प्रशासकिय अधिकृत ठाकुरका अनुसार जनप्रतिनिधिबीच आन्तरिक किचलो समाधान नभएसम्म बजेट कार्यक्रम तयार हुने छाँटकाँट नरहेको र तलब सम्बन्धी समस्या तत्काल समाधान हुने सम्भावना समेत न्यून रहेको छ ।

मुखियापट्टी मुसहरनिया गाउँपालिकमा प्रा.वि. तथा मा.वि. गरी ११ वटा विद्यालयमा कार्यरत शिक्षक र कूल चार वटा स्वास्थ्य संस्थामा कार्यरत् स्वास्थ्यकर्मीले तलब पाउन सकेका छैनन् ।

आर्थिक वर्ष २०७६/०७७ को जेठ महिनादेखि सिएमए, अहेब र एचए गरी ३५ जना स्वास्थ्यकर्मीको तलब, दसैं पेश्की र क्वारेन्टाइनमा खटेकाको जोखिम भत्ता बाँकी छ । यता, शिक्षकतर्फ प्रा.वि. तहका १० वटा विद्यालयका शिक्षकले चालु आर्थिक वर्षको असारदेखि हालसम्मको तलब र मा.वि. तहका शिक्षकको आर्थिक वर्ष २०७६/०७७को वैशाख महिनादेखि हालसम्मको तलब बाँकी छ । मा.वि. तहमा ६ जना र प्रावि तहमा ८०, बालविकासतर्फ ८२ र कर्मचारीहरू १२ जना गरी १ सय ८० जनाले तलब पाउन सकेका छैनन् ।

गाउँपालिकामा कार्यरत् स्वास्थ्यकर्मी जयकुमार यादवले आफूहरूले बाँकी रहेको तलब माग गर्दै आए पनि प्रमुख प्रशासकीय अधिकृतले आफूलाई गाउँपालिका अध्यक्षले अख्तियारी नदिएका कारण भुक्तानी गर्न नमिल्ने भन्दै आएको बताए । 'दसैंजस्तो पर्वमा समेत हामीले तलब, पेश्की र जोखिम भत्ता पाएनौं,' उनले भने, 'घर परिवार कसरी धानिरहेका छौं त्यो हामीलाई मात्रै थाहा छ ।'

आर्थिक समस्या भएपछि बाध्य भएर जिल्ला प्रशासन कार्यालयमा ज्ञापनपत्र समेत बुझाए पनि सम्बन्धित निकायले अहिलेसम्म चासो नलिएको उनको भनाइ छ । स्वास्थ्यकर्मी र शिक्षकले बक्यौता तलबको माग गर्दै पछिल्लो साता जिल्ला प्रशासन कार्यालयमा ज्ञापन पत्र बुझाएका छन् ।

# प्रदेश २ मा मातृ मृत्युदर उच्च

जनकपुरधाम । प्रदेश २ मा पछिल्लो केही वर्षमा मातृ मृत्युदर सहरमा कम देखिए पनि ग्रामीण क्षेत्रमा अझ पनि यो समस्या कायमै रहेको देखिएको छ ।

पछिल्लो केही वर्षमा गर्भवती तथा सुत्केरी महिलाको मृत्युदर केही संख्यामा घटे पनि लक्ष्यअनुरुप उपलब्धी हासिल गर्न नसकेको सरकारी तथ्याङ्कले देखाएको छ । संख्यात्मक रुपमा मातृ मृत्युदर कम भए पनि गाउँघरमा अझ पनि अस्पताल नल्याउने परिपाटी कायमै रहेका कारण गर्भवती तथा मातृ मृत्युदर लक्ष्यअनुसार घट्न नसकेको प्रादेशिक अस्पताल जनकपुरधामका सूचना अधिकारी एवम् स्त्री तथा प्रसूति रोग विशेषज्ञ डा. रामनरेश पण्डित बताउँछन् ।

'सहरमा सुत्केरी वा गर्भवती महिलालाई चिकित्सकको निगरानीमा राखिन्छ, ग्रामीण क्षेत्रमा भने त्यस्तो हुन्न, उनीहरू बच्चा वा आमा बिरामी परेमात्रै अस्पताल आउने गर्दछन् । जसकारण गाउँमा मातृ मृत्युदर अहिले कम भएको छैन,' चिकित्सक पण्डितले भने, 'सुत्केरी हुने आमा र बच्चामा विभिन्न किसिमको संक्रमणको चपेटामा पर्छन्, अस्पताल ल्याउँदा ल्याउँदै ज्यान जाने गरिन्छ ।'

गर्भवती महिलालाई लक्षित गरी सुरक्षित मातृत्व कार्यक्रम अन्तर्गत न्यानो झोला वितरण, निःशुल्क चेकजाँच, सुत्केरी भत्ताको व्यवस्था गरिए पनि उक्त उपाय प्रभावकारी रुपमा काम गर्न नसकेको चिकित्सक पण्डितको भनाइ रहेको छ ।

डाक्टर पण्डितका अनुसार प्रतिमहिना ८ देखि १० वटा पोष्टपार्टम एक्लेम्पसियाका केस आउने गरेका छन् । जसअन्तर्गत चालु आर्थिक वर्षमा मात्रै प्रादेशिक अस्पताल जनकपुरमा उपचार गराउन आएका सुत्केरी महिलाहरूमध्ये पोष्टपार्टम एक्लेम्पसियाका कारण एक जनाको मृत्यु भएको तथ्याङ्कमा उल्लेख छ । यो संख्या गत आर्थिक वर्षमा भने शून्य रहेको डा. पण्डितले बताए ।

पण्डितका अनुसार भर्खरै सुत्केरी भएका महिलाको शरीरमा अचानक ब्लडप्रेसर बढ्नु, शरीरमा कम्पन हुनु, शरीर काम्नु लगायतका लक्षण पोस्टपार्टम एक्लेम्पसियाका लक्षण हुन् । मातृमृत्यु हुने कारणमध्ये प्रमुख कारणको रुपमा पोस्टपार्टम एक्लेम्पसियालाई पनि लिइन्छ । शरीरमा क्याल्सियमको कमी भएमा पोस्टपार्टम एक्लेम्पसिया हुने सम्भावना उच्च रहेको उनले बताए ।

यता, प्रदेश स्वास्थ्य निर्देशनालयको तथ्याङ्क अनुसार गत २०७६ साउनदेखि २०७७ असारसम्ममा प्रदेश २ मा सुरक्षित मातृत्व कार्यक्रम अन्तर्गत जिल्ला अस्पतालहरूमा प्रसूति जटिलता तथा एक्टोपिक गर्भावस्थाको ९२ वटा केस दर्ता भएका छन् । जसमध्ये सिराहामा १५, धनुषामा ३, महोत्तरीमा २ र पर्सामा ७२ वटा प्रसूति जटिलता तथा एक्टोपिक गर्भावस्थाको केस आएको निर्देशनालयका तथ्याङ्क अधिकृत सरोजकुमार यादव जानकारी दिए ।

त्यस्तै, ओब्स्टेट्रिक जटिलता एक्लेम्पसियाका २ सय ६१ वटा केस छन्। जसअनुसार सप्तरीमा ३६, सिरहामा १४, धनुषामा ४१, महोत्तरीमा १, बारामा २ र पर्सामा १ सय ६७ वटा केस छन् । त्यस्तै, यस प्रदेशमा सुरक्षित मातृत्व कार्यक्रम अन्तर्गत बस्टेट्रिक जटिलता एवम् गम्भीर तथा पूर्व एक्लेम्पसियाका २ सय ७१ वटा केस छन् ।

सप्तरीमा ७, सिरहामा २९, धनुषामा ८, महोत्तरीमा २, रौतहटमा २, बारामा १ र पर्सामा २ सय २२ वटा केस दर्ता भएको तथ्याङ्क अधिकृत यादवले जानकारी दिए ।

## संक्षिप्त समाचार

### एकै दिन ४४० सङ्क्रमित थपिए

विराटनगर । पछिल्लो २४ घण्टामा प्रदेश १ मा ४४० जनामा कोरोना भाइरसको सङ्क्रमण पुष्टि भएको छ । मोरङमा २२३, सुनसरीमा ८४, झापामा ६६, इलाममा १२, उदयपुरमा ११, सङ्खुवासभामा पाँच, पाँचथरमा चार, धनकुटामा दुई, ताप्लेजुङ, ओखलढुङ्गा र भोजपुरमा एक-एक र प्रदेश १ बाहिरका ३० जनामा सङ्क्रमण देखिएको प्रदेश १ सामाजिक विकास मन्त्रालयले जनाएको छ । मन्त्रालयका अनुसार यस अवधिमा विराटनगर महानगरपालिकामा १२४, सुन्दरहरैचामा ३२, उर्लाबारीमा नौ, बुढीगङ्गा र बेलबारीमा आठ-आठ, कटहरी र मिक्लाजुङमा छ-छ, रङ्गेली, रतुवामाई, धनपालथान र पथरीशनिश्चरेमा पाँच-पाँच, लेटाङमा चार, सुनवर्षीमा तीन, ग्रामथानमा दुई र स्थानीय तह नखुलेका एक जनामा सङ्क्रमण देखिएको बताइएको छ ।

### सामाजिक विकासमन्त्रीलाई कोरोना

कैलाली । सुदूरपश्चिम प्रदेशका सामाजिक विकास मन्त्री कृष्णराज सुवेदीलाई कोरोना सङ्क्रमण भएको छ । कोरोना कहर सुरु भएदेखि नै कोरोना भाइरसको सङ्क्रमण रोकथाम र नियन्त्रणका लागि अग्रपङ्तिमा खटेर काम गर्नुभएका उहाँलाई मङ्गलबार सङ्क्रमण पुष्टि भएको हो । कोरोना सङ्क्रमण पुष्टि भएपछि मन्त्री सुवेदी आफ्नै निवासको आइसोलेसनमा बसिरहनुभएको मन्त्रालयका स्वास्थ्य महाशाखा प्रमुख नरेन्द्रसिंह कार्कीले जानकारी दिए । मन्त्रीको निजी सचिवालयले दिएको जानकारी अनुसार उनको स्वास्थ्य अवस्थामा खासै समस्या छैन । सामान्य लक्षण भने देखा परेको छ । मन्त्रीलाई सामान्य रुघाखोकी र ज्वरो रहेको जनाइएको छ ।

### विभिन्न सामानसहित तीन चिनियाँ पक्राउ

काठमाडौं। त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट फ्लाइ दुबाईको उडानद्वारा दुबई जान लागेका तीन जना चिनियाँ नागरिकलाई प्रहरीले पक्राउ गरेको छ । लिआओ वेइझीलगायत ३ जना चिनियाँ नागरिकहरुलाई अबैध रुपमा लैजान लागेको ४५ सेट विभिन्न कम्पनीका मोबाईल, ४ सय ८३ पिस एनसेल सिमकार्ड, २० पिस स्मार्ट सिमकार्ड र ६ पिस कम्प्युटर मोनिटरसहित बिहीबार बेलुका प्रहरीले पक्राउ गरेको हो । सुरक्षा जाँचको क्रममा उनीहरुलाई उक्त सामानहरूसहित फेला पारी प्रहरीले पक्राउ गरेको हो । उनीहरूलाई बरामद सामान सहित थप अनुसन्धानको लागि महानगरीय अपराध महाशाखा पठाइएको छ ।

### श्रीमती र छोरीमाथि एसिड प्रहार गर्ने पक्राउ

धनुषा । श्रीमती र छोरीलाई एसिड प्रहार गरेको अभियोगमा जनकपुर उपमहानगरपालिका(२० देवपुरा रुपैठा बस्ने २४ वर्षीय संजिव साहलाई शनिबार बिहान प्रहरीले पक्राउ गरेको छ । सोही उपमहानगरपालिका(७ जानकीनगरस्थित माइतिघर बस्दै गरेकी २० वर्षीया श्रीमती आर्ती साह र उनकी छोरी ३ वर्षीया रिया साहलाई संजिवले एसिड प्रहार गरी भागेको भन्ने खबर प्राप्त हुनासाथ प्रहरी चौकी जनकपुरधामबाट खटिएको प्रहरीले संजिवलाई पक्राउ गरेको हो । घाइतेहरुको जानकी हेल्थ केयर जनकपुरमा उपचार भइरहेको छ ।

### चक्कु प्रहार गरी घाइते बनाउने पक्राउ

कैलाली । छिमेकी ३० वर्षीय प्रताब साउदलाई धारिलो हतियार चक्कु प्रहार गरी घाइते बनाएको अभियोगमा एक जना पक्राउ गरेका छन् । गोदावरी नगरपालिका-९ बस्ने ३० वर्षीय लोकराज न्यौपानेलाई सोमबार साँझ प्रहरीले पक्राउ गरेको छ । न्यौपानेले चक्कु प्रहार गर्दा साउद घाइते भएको भन्ने खबर प्राप्त हुनासाथ अस्थायी प्रहरी पोष्ट चौकीडाँडाबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो ।

### बाँकेमा हालसम्म कोरोनाबाट ७४ को मृत्यु

बाँके । बाँकेमा कोरोना भाइरस सङ्क्रमणका कारण हालसम्म ७४ जनाको मृत्यु भएको छ । बाँके जिल्लामा बसोबास गर्ने ३६ र बाहिरी जिल्लाबाट उपचारका क्रममा आई अस्पतालमा ज्यान गुमाएका ३८ गरी ७४ जनाको मृत्यु भएको जिल्ला स्वास्थ्य कार्यालय बाँकेका कोरोना स्रोत व्यक्ति नरेश श्रेष्ठले जानकारी दिए । उनका अनुसार मृत्यु हुनेमा बाँकेका १४ महिला र २२ पुरुष रहेका छन् भने जिल्ला बाहिरबाट उपचारका क्रममा आएका १० महिला र २८ पुरुष छन् । बाँकेमा लुम्बिनी प्रदेशका साथै कर्णाली र सुदूरपश्चिम प्रदेशका सङ्क्रमित बिरामीसमेत उपचारका लागि शिक्षण अस्पताल कोहलपुर र नेपालगञ्जस्थित भेरी अस्पतालमा प्रेषण हुने गरेकाले मृतकको सङ्ख्या बढ्दो रहेको छ । बाँकेका विभिन्न कोरोना विशेष अस्पतालमा भर्ना भएका १०७ बिरामीमध्ये ४७ जनाको अवस्था सिकिस्त रहेको छ । भेरी अस्पताल नेपालगञ्जमा ३५ र शिक्षण अस्पताल कोहलपुरमा १२ गरी ४७ कोरोना सङ्क्रमित बिरामीको अवस्था गम्भीर रहेको जिल्ला स्वास्थ्य कार्यालय बाँकेका कोरोना स्रोत व्यक्ति श्रेष्ठले जानकारी दिए ।

### १ सय २२ बिघा जग्गा फिर्ता

रौतहट । राष्ट्रिय वन क्षेत्रको १ सय २२ बिघा जग्गा व्यक्तिले आफ्नो नाममा दर्ता गरेको पाँच वर्षपछि दर्ता खारेज भएको छ । रौतहटको गुजरा नगरपालिका-९ (साबिक रंगपुर गाविस गाविस ५) मा रहेको वन क्षेत्रको १ सय २२ बिघा जग्गा फिर्ता भएको हो । गत कात्तिक २३ गते जिल्ला प्रशासन कार्यालय, नापी कार्यालय, मालपोत कार्यालय र डिभिजन वन कार्यालयको संयुक्त बैठकको निर्णयपछि मालपोत कार्यालयले यस्तो निर्णय गरेको हो । सो जग्गा २६ जा व्यक्तिको नाममा दर्ता भएको थियो । व्यक्तिको नाममा रहेको वनको जग्गाको स्रेस्ता बदर गरी १ सय २२ बिघा जग्गा सरकारको नाममा फिर्ता भएको रौतहटका प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवले जानकारी दिए । गुजरा खोल्सीदेखि पूर्व आवादी गाउँदेखि पश्चिम, बागमती सिँचाइको नगरदेखि दक्षिण, गुजरा खोल्सीदेखि उत्तरको वन क्षेत्रको सो जग्गा व्यक्तिको नाममा दर्ता भएको थियो ।

### आर्थिक अनियमितताविरुद्ध अख्तियारमा उजुरी

काठमाडौं । धनुषाको सवैला नगरपालिकामा 'आर्थिक अनियमितता भएको' भन्दै अख्तियारमा उजुरी परेको छ । सवैला नगरवासीले अख्तियारको कार्यालय बर्दिबास महोत्तरीमा उजुर गरेका हुन् । पटेर्वास्थित राधेगाछीबाट कमला छड्की सम्मको माटो ग्राभेल तथा ह्युम पाईपट जडान गर्ने परियोजनामा अनियमिता भएको उजुरकर्ताको दावी छ । नगर योजना अन्तर्गत आर्थिक वर्ष ०७५/७६ मा ३७ लाख विनियोजन भएको सो आयोजनाको त्यस वर्ष पुरा भएन् । गत वर्षको अपुरो योजना हुबहु आव ०७६/७७ मा नगरसभाबाट स्वीकृत गराइएको थियो ।'सो परियोजनाको लागी ठेक्कापट्टा तथा भुक्तानी गर्दा यथार्थ भन्दा अत्यन्तै फरक देखिइएको छ' आयोगमा परेको उजुरीमा भनिएको छ- 'काम नसक्दै रनिङ बिल मार्फत ६७ लाख निकालेर आर्थिक हिनामिना गरेको बारे छानविन गरिपाउँ ।'

### कोरोनाबाट एकको मृत्यु

रुपन्देही । बुटवलस्थित कोरोना विशेष अस्पतालमा बुधबार थप एकजनाको कोरोनाका कारण मृत्यु भएको छ । मृत्यु हुनेमा बुटवल उपमहानगरपालिका ७ का ४० वर्षीया पुरुष रहेको अस्पतालका सूचना अधिकारी डा. विष्णु गौतमले बताउनुभयो । सूचना अधिकारी गौतमका अनुसार गत कात्तिक २५ गते पीसीआर पोजिटिभ देखिएको थियो । उहाँलाई २६ गते अस्पतालमा भर्ना गरिएको थियो । उहाँमा मधुमेहको समस्या थियो ।

### 'एक व्यक्ति एक रुपियाँ' अभियान

भैरहवा । बुद्ध जन्मस्थल लुम्बिनीमा बौद्ध गुम्बा निर्माणका लागि 'एक व्यक्ति एक रुपियाँ अभियान थालिएको छ । लुम्बिनीमा निर्माणाधीन 'सेन्चुरी फर युनिभर्सल पिस' नामक गुम्बा निर्माणका लागि दक्षिण एसियाली क्षेत्रीय सहयोग सङ्गठन (सार्क)का महासचिव इसाली रुवान विराकुनले एक रुपियाँ दान दिएर अभियानको सुरुवात गरेका छन् ।

### दुर्घटनामा एकको मृत्यु

कैलाली । धनगढी उपमहानगरपालिका-३ पुरुवाल पेट्रोलपम्प नजिक सडकमा ना.५ ख ८९३२ नम्बरको बसले भे.९ प १५२२ नम्बरको मोटरसाइकललाई बुधबार बेलुका ठक्कर दिँदा मोटरसाइकलमा सवार बर्दिया ठाकुरबाबा नगरपालिका-२ बलादी बस्ने २१ वर्षीया तुल्सी पौडेलको मृत्यु भएको छ । दुर्घटनामा गम्भीर घाइते भएकी उनको नबजीवन अस्पताल धनगढीमा उपचारको क्रममा मृत्यु भएको हो । घाइते भएका मोटरसाइकल चालक सुर्खेत बीरेन्द्रनगर नगरपालिका(११ बस्ने २१ वर्षीय मदन ढकालको सोही अस्पतालमा उपचार भइरहेको छ । बस चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

# चिनियाँ दूतावासको पत्र र ग्लोबल टाइम्सको टिप्पणीप्रति कांग्रेसको प्रतिवाद

काठमाडौं । चीन सरकारको आधिकारिक दृष्टिकोणलाई प्रतिनिधित्व गर्ने ग्लोबल टाइम्सको नोभेम्बर १० मा प्रकाशित लेखप्रति नेपाली कांग्रेसको गम्भीर ध्यानाकर्षण भएको जनाएको छ । नेपाली कांग्रेसका बारेमा गरिएको टिप्पणीका साथै हुम्लामा नेपाली भूमिमाथि चीनले अतिक्रमणको अफवाह फैलाएको आरोप लगाइएको उक्त लेखप्रति कांग्रेसले औपचारीक रुपमै कडा प्रतिवाद गरेको छ । नेपाली कांग्रेसका केन्द्रीय सदस्य तथा हुम्लाबाट कर्णाली प्रदेश सभामा प्रतिनिधित्व गर्ने कर्णाली प्रदेशका विपक्षी दलका नेता जीवनबहादुर शाहीले सीमा अतिक्रमण सम्बन्धमा सार्वजनिक गर्नु भएको प्रतिवेदनलाई गलत र दुष्प्रचारको संज्ञा दिएपछि रुष्ट भएको कांग्रेसले ग्लोबल टाइम्सको आधारहीन र आपत्तिजनक टिप्पणीको नेपाली कांग्रेस निन्दा गरेको छ ।

चिनियाँ कम्युनिष्ट पार्टीको मुखपत्र समेत रहेको सो पत्रिकाले गरेको आपत्तिजनक टिप्पणीका बारेमा नेपाली कांग्रेसको केन्द्रीय समितिको निर्णयमा भनिएको छ, 'नेपालको राष्ट्रिय अखण्डता, सार्वभौमसत्ता र सुरक्षा हाम्रो सर्वोच्च स्वार्थ हो । नेपाली कांग्रेस छिमेकी देशहरु लगायत सबै मित्रराष्ट्रहरुसँग सार्वभौम बराबरीको आधारमा सम्बन्ध राख्ने कुरामा विश्वास गर्दछ । नेपाली कांग्रेस नेपाल बाहेक कुनै पनि देशको परस्त पार्टी हुन सक्दैन । नेपालको सार्वभौमिकता, राष्ट्रिय अखण्डता माथि कुनैपनि देशबाट हुने र हुन सक्ने अतिक्रमण र उल्लंघनको विपक्षमा नेपाली कांग्रेस सधैं अडिग छ र अडिग रहनेछ ।'

ग्लोबल टाइम्समा अफवाह लेखाएर चित्त नबुझाएको चीनले नेपालस्थित चिनिया दुतावासमार्फत नोभेम्वर १३ मा नेपाली कांग्रेस पार्टीलाई लेखेको पत्रमा जीवनबहादुर शाहीले सार्वजनिक गर्नुभएको प्रतिवेदनलाई आधारविहिन, झुठो, गैरजिम्मेदार र अमैत्रीपूर्ण भनिएकोपनि कांग्रेसले गम्भीर ध्यानाकर्षण भएको जनाएको छ। चिनियाँ दुतावासको पत्रप्रति निर्णय गर्दै कांग्रेसले भनेको छ, 'जहाँसम्म जीवनबहादुर शाहीको हुम्लामा सीमा अतिक्रमण भएको प्रतिवेदनको सन्दर्भ छ, उहाँले ७ वुँदे सार सहितको निष्कर्ष र ति निष्कर्षहरुलाई पुष्टि गर्ने १८ वुँदे प्रमाण र आधारहरु समेत प्रस्तुत गर्नु भएको छ । यस सम्बन्धमा शाहीले नेपाल सरकारलाई आफ्नो टोलीले निकालेको निष्कर्षका आधारमा नेपाल सरकारले गर्नुपर्ने कामका सम्बन्धमा ३ वुँदे सुझाव र सिफारिश पनि दिनु भएको छ र उहाँको प्रतिवेदन सीमा सुरक्षाको सरकारको जिम्मेवारीप्रति लक्षित छ ।'

कांग्रेसलाई आरोपित गर्ने दुतावासको पत्रको जवाफमा चीनलाई नै कांग्रेसले प्रतिप्रश्न समेत गरेको छ । कांग्रेसले भनेको छ, 'यदि चिनिया सरकारले भने जस्तै हुम्लामा नेपालको कुनै भूमि अतिक्रमण नभएको हो भने यसको निर्क्यौल दुई सरकार बीचको संयुक्त सीमा निर्धारण टोलीले स्थानीय सरोकारवालाहरुको भनाई र ऐतिहासिक भोगचलनको तथ्य सहित आएको तथ्य, सीमा स्तम्भहरुको अवस्था लगायतको प्राविधिक मूल्याङ्कनको आधारमा टुङ्गो लगाउन आपत्ति हुनु पर्ने कुनै कारण छैन । यसले नेपाली जनता माझ रहेको आशंका निवारण गर्न मद्दत गर्नेछ ।'

ऐतिहासिक तथ्यहरुलाई समेत समेटेर कांग्रेसले अगाडी भनेको छ, 'नेपाली कांग्रेस के स्पष्ट गर्न चाहन्छ भने सन् १९५९ मा नेपालका तत्कालीन प्रधानमन्त्री वीपी कोइरालाले सीमा सम्बन्धी जुन सम्झौता चीन सरकारसँग गर्नु भएको थियो, त्यसकै आधारलाई टेकेर दुई देश बीच एक अर्का बीच अहस्तक्षेप र एक अर्काको भू-भागलाई सम्मान गर्ने नीति पालन गर्दै आएको छ । आगामी दिनमा पनि पालना गर्नेछ । नेपाली कांग्रेस दुई देशको मैत्रीपूर्ण सम्बन्धलाई सत्तामा रहँदा र नरहँदा पनि सधै उच्च प्राथमिकतामा राख्दै आएको छ । नेपाली कांग्रेसका केन्द्रीय सदस्य जीवनबहादुर शाहीले सार्वजनिक गर्नु भएको प्रतिवेदन सम्बन्धमा काठमाडौंस्थित चिनिया राजदूतावासको आधारहिन आरोप लामो समयदेखि नेपाली कांग्रेस तथा चिनियाँ सरकार र जनता बीच रहेको मैत्रीपूर्ण सम्बन्धको महत्ता र गरिमा विपरीत भएको कुरामा सम्बन्धित पक्षको ध्यानाकृष्ट गर्दछ ।'

हुम्लामा नेपाली भू-भागमा अतिक्रमण भएको भन्ने समाचारहरु सार्वजनिक भएपछि नेपाल सरकारको हुम्लामा रहेको प्रमुख जिल्ला अधिकारी सहितको टोलीले त्यस सम्बन्धमा प्रतिवेदन दिनु पूर्व नै परराष्ट्र मन्त्रालयले कुनै अतिक्रमण नभएको विज्ञप्ति सार्वजनिक गरेको सम्बन्धमा नेपाली कांग्रेस पार्टीले तत्कालै सरकारको ध्यानाकर्षण गराएको स्मरण गराउँदै कांग्रेसले सोहि अन्यौलका बीच नेपाली कांग्रेसका केन्द्रीय सदस्य हुम्ला जिल्लाबाट कर्णाली प्रदेश सभाका सदस्य तथा विपक्षी दलका नेता जीवनबहादुर शाही सहितको टोलीले विस्तृत स्थलगत भ्रमण गरी त्यहाँ नेपाली भूमिमा अतिक्रमण भएको प्रतिवेदन दिएको बताएको छ। त्यसपछि पनि नेपाल सरकारले यस सम्बन्धमा कुनै छानविन गर्न पहल नगर्नु र अर्कोतर्फ चिनियाँ सरकारले हुम्लामा कुनै नेपाली भूमि नमिचिएको विज्ञप्ति आएको स्थितिले नेपाली जनतामा थप अन्यौलता छाएको जनाउँदै नेपाली कांग्रेसले सीमाको संवेदनशिल बिषयमा पनि गैर जिम्मेवार प्रवृत्ति देखाउने सरकारको निन्दा गरेको छ ।

# जलेश्वरमा जसपाको वृहत प्रदर्शन



महोत्तरी । जिल्लाको मटिहानी नगरपालिकाका नगरप्रमुखसहित विभिन्न कार्यकर्ताहरुमाथि स्थानीय प्रशासनले लगाएको झुठा मुद्दा खारेजीको माग गर्दै जनता समाजवादी पार्टी नेपालले बुधबार जलेश्वरमा वृहत प्रदर्शन गरेको छ । शिक्षा कार्यालयबाट निस्केको सो जुलुस खैरा चौक, महेन्द्र चोक, शंकर चोक हुँदै नगरपालिका चोकमा रहेको बजारमा गएर कोणसभामा सम्पन्न भएको थियो ।

नगरप्रमुख माथि लगाइएको मुद्दा खारेज गर, स्थानीय प्रशासन मुर्दावाद लगायतका नाराबाजी गर्दै गरिएको प्रदर्शनमा हजारौं जसपा नेता तथा कार्यकर्ताहरुको उपस्थिति रहेको थियो । प्रदर्शनका कारण जलेश्वर नगरपालिका भित्रमा ट्राफिक जाम समेत हुन पुगेको थियो । कार्तिक १० गते विजया दशमीको राति दुर्गा पुजाको मूर्ति भसानको (सेलाउने) क्रममा जिल्लाको मटिहानी नगरपालिकामा दुई पक्षीय विवादले राजनीतिक रुप लिएको छ । मटिहानी नगरपालिकाको वडा नं. ८ मा विजया दशमीको राति झडप हुँदा दुवैतर्फ गरि दर्जनभन्दा बढी घाइते भएका थिए ।

एकपक्षले मटिहानी नगरपालिकाका नगरप्रमुख हरिप्रसाद मण्डलको उपस्थितिमा झडप भएको भन्दै आएका छन् भने मेयर पक्षकाहरुले पूर्व नियोजित रुपमा नेकपा पक्षका नेता, कार्यकर्ताहरुले झडप गराई नगरप्रमुखलाई बदनाम गराउने कोशिश गरिरहेको जनाएको छ । सोही मुद्दामा दुवै पक्षबाट मुद्दा दर्ताको प्रयास गरिएको भएपनि नगरप्रमुख पक्षको मुद्दा दर्ता भएको छैन ।

सो घटनामा मटिहानीका नगरपालिकाको नगरप्रमुख, जिल्ला समन्वय समितिका सदस्य र एवं वडा अध्यक्षहरु माथि संघातिक आक्रमण भएकोमा उक्त घटनामा संलग्न व्यक्तिहरुलाई कारवाही गर्नुको साटो स्थानीय प्रशासनले नगरप्रमुख मण्डललगायत माथि मुद्दा दर्ता गरेको भन्दै जसपाले विरोध प्रदर्शन गरेका हुन् ।

सो प्रदर्शनमा जसपाका नेता राजकिशोर यादव, प्रतिनिधिसभा सदस्य डा.सुरेन्द्र यादव, प्रदेश नं. २ का सामाजिक विकास राज्यमन्त्री अभिराम शर्मा, प्रदेशसभा सदस्य रानी शर्मा तिवारीसहित मटिहानी, जलेश्वर, भंगहा, मनरासिश्वा नगरपालिकाका नगरप्रमुख तथा सोनमा, एकडारा गाउँपालिकाका अध्यक्ष तथा नेता कार्यकर्ताहरुको उपस्थिति रहेको थियो ।

कोणसभालाई सम्बोधन गर्दै जसपाका नेता राजकिशोर यादवले जसरी हामीहरुले विभेदको विरुद्धमा आन्दोलन गर्यो त्यसरी नै अब स्थानीय प्रशासनले लगाउने गरेको झुठा मुद्दाहरुको विरोधमा पनि उत्रिनु परेको बताए । काठमाडौंमा बसेको हाकिमहरुको इसारामा नचल्न स्थानीय प्रशासनसँग आग्रह गर्दै उनले त्यस्तो गरिए अझ आन्दोलन चर्काउने चेतावनी समेत दिए । कोण सभामा जलेश्वर नगरपालिकाको मेयर रामशंकर मिश्राले स्थानीय प्रशासनले मटिहानी घटनामा सत्यतथ्य नै नबुझिकन दबाबमा आएर दमन गर्ने मनसायले मटिहानी नगरपालिका नगरप्रमुख हरिप्रसाद मण्डलसहित उनका समर्थकहरु माथि मुद्दा दर्ता गर्ने कार्य गरेकाले तत्काल सो मुद्धा फिर्ता लिन माग गरे । यो भन्दा अगाडी मंगलबार साँझ जिल्लाको विभिन्न ठाउँमा यही घटनालाई लिएर मसाल जुलुस समेत प्रर्दशन गरेको थियो ।

## प्रधानसेनापति र राजदूतबीच भेटवार्ता

काठमाडौं । प्रधानसेनापति पूर्णचन्द्र थापा र नेपालका लागि भारतीय राजदूत विनय मोहन क्वात्राबीच बुधबार जङ्गी अड्डामा शिष्टाचार भेटवार्ता भएको छ । भेटका क्रममा प्रधान सेनापति थापा र राजदूत क्वात्राबीच दुई पक्षीय आपसी हित तथा पारस्परिक सम्बन्धका विषयमा छलफल भएको सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयले जनाएको छ । यस किसिमको नियमित भेटवार्ताले दुई देश बीचको आपसी सम्बन्धलाई सुमधुर एवं प्रगाढ बनाउन थप मद्दत पुग्ने विश्रुवास नेपाली सेनाले लिएको छ ।

## कम्युनिष्ट र कांग्रेसको वाइप्रोडक्ट हो जसपा : प्रभु साह

काठमाडौं । नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का नेता एवं पूर्वमन्त्री प्रभु साहले कम्युनिष्ट र कांग्रेस पार्टीको वाईप्रोडक्ट नै जसपा रहेको बताएका छन् ।

मंगलबार महोत्तरी जिल्ला मनरा शिसवा नगरपालिका(६, सरपल्लोमा आयोजित शुभकामना आदानप्रदान कार्यक्रमलाई सम्बोधन गर्दै नेता साहले कम्युनिष्ट र काँग्रेस पार्टीका कमसल ब्यक्तिहरूको झुण्डको रुपमा जसपा निर्माण भएको बताए ।

"नेकपा र कांग्रेसको वाईप्रोडक्ट जसपा हो ।वाईप्रोडक्ट जहिले दुर्गन्ध वा फोहोर मात्र फैलाउने गर्दछ" नेता साहले भने, 'प्रदेश २ मा जसपाकै सरकार छ, विकासको नाममा कमिशनको खेल मात्र गर्छ । आज तपाई हामी नांगै आँखाले हेरिरहेका छौ, प्रदेश-२ मा जसपाका कारण हत्या, आतंक, लुट तथा भ्रष्टाचार बढेको छ । आफु केही नगर्ने अरुलाई दोष मात्र देखाउने सरकार भ्रष्टाचारमा डिस्टेन्शन मार्क ल्याएको छ ।"

नेता साहले प्रदेश सरकार भ्रष्टाचारमा लिप्त भएको बताउँदै उनीहरुको कारण दुनियामा मधेसको इमेज नै खराब भएको बताए । हिजो मधेस गुमनाम थियो तर बदनाम थिएन । आज दुनियाको अगाड़ी मधेसको छवि ख़राब भई मधेस बदनाम भएको छ । ति कमसल व्यक्तिहरुको झुण्डले गर्दा नै यो स्थिति आएको उनले बताए ।

भ्रमको महल बनाएर खड़ा भएको जसपा अहिले समाज विकासको बाधकको रूपमा खड़ा छ । त्यसैले यस्ता कमसल व्यक्तिबाट सचेत रहन र उनीहरुको पछाडी नलाग्न उनले आग्रह गरेका छन् ।


नोवेल कोरोना भाइरस सामान्य रुघाखोकीभन्दा जटिल संक्रमण हो, हालसम्म यसको उपचारका लागि औषधि पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो ।

यसबाट बच्ने उपायहरु :

○ कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले वा पछि साबुन पानीले राम्रोसँग हात धुनु ।
○ अनावश्यक रुपमा घरबाहिर र भीडभाडमा नजाने ।
○ खोक्दा र हाछ्युँ गर्दा नाक र मुख कुहिनोले छोप्ने ।
○ कुनै पनि व्यक्तिसँग ३ फिटको दूरी कायम गर्ने ।
○ जंगली तथा घरपालुवा पशुपक्षीसँगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने ।
○ सकेसम्म पशुजन्य र अस्वस्थ्यकर मासु नखाने ।
○ ज्वरो, रुघा र खोकी तथा श्वास-प्रश्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने ।
○ कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्यकीय वस्तु, जम्माखोरी, कालोबजारी तथा लुकाई राखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने ।

लालकिशोर साह
मेयर
जनकपुरधाम उपमहानगरपालिका, धनुषा, प्रदेश २



विषादीको सुरक्षित प्रयोग गरौं र स्वस्थ रहौं

- जीवनाशक विषादीहरू नि:सन्देह जीवघाती हुन् । होसियारीसँग प्रयोग नगरिएमा मृत्युसम्म हुन सक्छ ।
- रासाययिक विषादी अन्तिम विकल्पको रूपमा लिनुपर्छ ।
- विषादी प्रयोग गर्ने सम्पूर्ण व्यक्तिलाई विषादीबारे विस्तृत जानकारी हुनुपर्छ ।
- व्यक्तिगत सुरक्षाका लागि आवश्यक पोसाक लगाएर मात्र विषादी छर्नुपर्छ ।
- लेवलमा भएका जानकारीहरू तथा निर्देशनहरूअनुसार कार्य गर्दा विषादीबाट हुने असरबाट बच्न सकिन्छ ।
- विषादी छर्ने औजार चुहिने हुनुहुँदैन ।
- विषादी मिसाउँदा वा छर्दा सकभर छालामा सम्पर्क हुन नदिन वा श्वास प्रक्रियाबाट शरीरभित्र जान नदिन प्रयोग गर्नुपर्छ ।
- विषादी मिसाउँदा वा छर्ने बेलामा खान, पिउन वा धुम्रपान गर्न निषेध गर्नुपर्छ ।
- छिमेकीलाई विषादी छरेको जानकारी दिनुपर्छ ।
- केटाकेटीहरूलाई विषादी चलाउन राखेको समयमा नजिक आउन दिनुहुँदैन ।
- विषादी अन्तिम प्रयोग र वाली भित्र्याउने समयावधि जानकारी राख्नुपर्छ ।
- लक्षित गरेका किराहरू तथा प्रयोग हुने बालीहरूबारे जानकारी राख्नुपर्छ ।
- विषादीको म्याद सकिने मिति तथा प्रयोग गर्ने मात्रासम्बन्धी जानकारी हुनुपर्छ ।
- धेरै हावा चलेको वा हुरी लागेको बेलामा विषादी छर्नुहुँदैन ।
- विषादी छरिसकेपछि बाँकी भएको विषादी भण्डारणमा वा सुरक्षित ठाउँमा पुऱ्याउनुपर्छ ।
- खाली विषादीको भाँडा ठीक ठाउँमा नष्ट गर्नुपर्छ ।
- विषादी छरिएको 'रेकर्ड' राख्नुपर्छ । जस्तै विषादीको नाम, मात्रा, छरेको मिति, बालीको अवस्था, छरेको बेलामा मौसम र अन्य विस्तृत जानकारी राख्नुपर्छ ।

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. २, धनुषा, नेपाल
सम्पर्क नं. : ०१५२२३५०
इमेल : malcprovince2@gmail.com



नोवेल कोरोना भाइरस सामान्य रुघाखोकीभन्दा जटिल संक्रमण हो, हालसम्म यसको उपचारका लागि औषधि पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो ।

यसबाट बच्ने उपायहरु :

○ कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले वा पछि साबुन पानीले राम्रोसँग हात धुनु ।
○ अनावश्यक रुपमा घरबाहिर र भीडभाडमा नजाने ।
○ खोक्दा र हाछ्युँ गर्दा नाक र मुख कुहिनोले छोप्ने ।
○ कुनै पनि व्यक्तिसँग ३ फिटको दूरी कायम गर्ने ।
○ जंगली तथा घरपालुवा पशुपक्षीसँगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने ।
○ सकेसम्म पशुजन्य र अस्वस्थ्यकर मासु नखाने ।
○ ज्वरो, रुघा र खोकी तथा श्वास-प्रश्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने ।
○ कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्यकीय वस्तु, जम्माखोरी, कालोबजारी तथा लुकाई राखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने ।



हरिप्रसाद मण्डल
मेयर
मटिहानी नगरपालिका, धनुषा, प्रदेश २

## विश्व परिवेश

# आफ्ना नागरिकको मानवअधिकार रक्षा गर्न आग्रह

लन्डन । बेलायतका प्रधानमन्त्री बोरिस जोनसनले पाकिस्तानको सरकारलाई आफ्ना नागरिकको मानवअधिकारको रक्षा गर्न आग्रह गरेका छन् । उनले बेलायतको संसदको बैठकमा बोल्ने क्रममा सो कुरा बताएका हुन् । उनले पाकिस्तान सरकारले आफ्ना नागरिकको लागि उनीहरुको आधारभूत अधिकारहरुको रक्षा गर्नुपर्छ भनेका थिए । संसदमा यहाँका एक सांसदले सोधको प्रश्नको जवाफ दिँदै उनले सो कुरा बताएका हुन् । सो प्रश्नको जवाफमा प्रधानमन्त्री बोरिस जोनसनले भनेका थिए-हामीले पाकिस्तानको सरकारलाई यो भन्न चाहन्छौं कि पाकिस्तानले आफ्ना नागरिकहरुको कम्तीमा पनि उनीहरुको आधारभूत अधिकारको रक्षा गर्नुपर्दछ । केही समय यतादेखि पाकिस्तानमा नागरिकहरुको अधिकार हनन् हुने गरेको र यस्तो कार्य भइरहेको भए पनि यहाँका सरकारी अधिकारीहरुले नै बेवास्ता गर्ने गरेको भन्दै त्यसको विरोध हुदै आएको थियो । यसै विषयमा बेलायतको संसदमा पनि यहाँका प्रधानमन्त्री जोनसनलाई पो प्रश्न गरिएको थियो । पाकिस्तानमा पछिल्ला केही समयमा यहाँका नागरिकहरुको गैरन्यायिक हत्या हुने गरेको आरोप लगाइएको छ । यस क्रममा विश्वका अरु देशले पनि मानवअधिकारको हनन् भएको भन्दै चासो लिने गरेका छन् । तर पाकिस्तानले भने यहाँ यस्ता कार्यमा संलग्नहरुमाथि कारबाही गरिएको बताउने गरेको पनि समाचारमा जनाइएको छ ।

## ट्रान्जिट आवास स्वीकृत

श्रीनगर । भारत सरकारले प्रधानमन्त्री विकास प्याकेज अन्तर्गत उपत्यकामा कश्मीरी आप्रवासी कामदारहरूको लागि छ ट्रान्जिट आवासको निर्माण कार्य स्वीकृत गरेको छ। आयोजनाको कूल लागत करिब २०१.६० करोड रुपैयाँ अनुमान गरिएको छ। सरकारी आदेश अनुसार प्रधानमन्त्रीको विकास प्याकेज अन्तर्गत उपत्यकाका विभिन्न ६ स्थानहरुमा काश्मिरी आप्रवासी कामदारहरूका लागि ट्रान्जिट आवास निर्माणका लागि प्रशासनले स्वीकृति दिएको हो। यी स्थानहरु अनन्तनाग जिल्लाको मारहमा(बिजबेहरा, गान्दरबल जिल्लाको वन्धमा-लार, बारामुल्ला जिल्लाको फतेहपोरा, शोपियान जिल्लाको अलौपोरा-किगम, बन्दीपोरा जिल्लाको ओडिना-सुम्बल र कुपवाड़ा जिल्लाको खुल्लङ्म बाग रहेका छन्। आदेशका अनुसार उचित दर विश्लेषण र बजार सर्वेक्षण स्थायी नियमहरु र प्रक्रियाहरु सुरु गरिएका छन्। कुल एक हजार ६८० युनिटहरु रहेका मध्ये बन्डिपोरामा ५७.६० करोड लागतमा ४८० युनिट, बारामुल्लामा ३३६ युनिटका लागि ४०.३२ करोड, २८८ कुपवाडामा ३४.५६ करोड, अनन्तनागमा २८८ युनिटका लागि ३४.५६ करोड र शोपियान र गान्देरबलमा १९२ युनिट २३.०४ करोड लागतमा निर्माण गरिने भएका छन्। यसैगरी कार्यको भौतिक र वित्तीय प्रगति प्रत्येक प्रारम्भिक महिनाको पाँचौं सम्ममा प्रारम्भिक बमोजिम प्रशासनिक विभागमा पठाइने छ। सन् २००८ मा केन्द्रले घोषित गरेको विशेष प्याकेज अन्तर्गत करीव चार हजार ५ सय कश्मीरी पण्डितलाई उपत्यकामा सरकारी रोजगारी प्रदान गरिएको थियो तर उनीहरूमध्ये धेरैले आवास बाँडफाँड गरिरहेका छन्।

## खोप उत्पादन गर्दै भारतीय कम्पनी

काठमाडौं । अक्सफोर्ड युनिभर्सिटी र एक्स्ट्राजेनेकाले निर्माण गरिरहेको कोरोना भाइरस (कोभिड-१९) विरुद्धको खोपको चार करोड डोज भारतीय कम्पनी सेरुम इन्स्टिच्युट अफ इन्डियाले उत्पादन गर्ने बताएको छ । कम्पनीले अब छिटै नै खोप निर्माणको काम सुरु गर्ने बताएको छ। यद्यपि त्यसका लागि कम्पनीले नियामकको अनुमति पाउन बाँकी छ। सेरुमका अनुसार भारतमा कम्पनीले एक्स्ट्राजेनेकाको खोपको अन्तिम चरणको परीक्षणका लागि एक हजार ६ सय सहभागी दर्ता गरिसकेको छ। त्यसका साथै यो कम्पनीले अहिले बनाउँदै गरेको नोभाभ्याक्स खोपको लागि पनि अन्तिम चरणको परीक्षणको अनुमति लिने प्रयास गरिने बताएको छ। सेरुमका अनुसार अक्सफोर्ड युनिभर्सिटीको सहयोगमा निर्माण भइरहेको एक्स्ट्राजेनेकाको कोरोना खोप भारतमा मानव परीक्षणमा सबैभन्दा अगाडि देखिएको खोप हो। कम्पनी र भारतीय मेडिकल रिसर्च परिषद् (आईसीएमआर)ले सकेसम्म छिटै यो खोप भारतमा उपलब्ध गराउने बताएका छन्। यद्यपि भारतीय कम्पनीले निर्माण गर्ने चार करोड खोपको प्रयोग भारतका लागि मात्र गरिने वा अन्य मुलुकमा पनि पठाइने हो भन्ने विषयमा भने सेरुम र आईसीएमआरका प्रतिनिधिहरुले कुनै प्रतिक्रिया दिएका छैनन्।

## महाराष्ट्रमा आठ महिनापछि मन्दिर खुल्यो

काठमाडौं। भारतको महाराष्ट्रमा आठ महिनापछि मन्दिर खुलेको छ। महाराष्ट्रमा सबै धार्मिक स्थल सोमबारदेखि खुलेको हो। कोरोना भाइरसको महामारीका कारण गत १८ मार्चदेखि महाराष्ट्रमा सबै मन्दिर बन्द रहेका थिए। मन्दिर खुल्ने विषयमा मुख्यमन्त्री उद्धव ठाकरे र राज्यपाल भगत सिंह काश्यारीबीच पत्र आदानप्रदानसमेत भएको छ। भारतमा कोरोना भाइरसको महामारी नरोकिए पनि मापदण्ड अपनाएर विभिन्न क्षेत्रहरु खोलिएको छ। भारतभर ८८ लाख १४ हजार ९०२ संक्रमित छन्। ८२ लाख ३ हजार ७३७ जना कोरोनामुक्त भएका छन् भने ४ लाख ७९ हजार ५३३ जना सक्रिय संक्रमित छन्।

## नितिशकुमार बने सातौं पटक मुख्यमन्त्री

बिहारको मुख्यमन्त्रीको रुपमा नितिशकुमारले शपथ ग्रहण गरेका छन् । राजभवनमा राज्यपाल फागू चौहानले उनलाई शपथ ग्रहण गराएका हुन् । नितिशकुमारसँगै १४ मन्त्रीहरुले समेत शपथ ग्रहण गरेका छन् । शपथ ग्रहण समारोहमा गृहमन्त्री अमित शाह र बीजेपी अध्यक्ष जेपी नड्डा पनि सहभागी थिए । कांग्रेस र आरजेडीले शपथ ग्रहण समारोहका बहिष्कार गरेका थिए । सत्ता साझेदारी भारतीय जनता पार्टीका तर्फबाट तारकिशोर प्रसाद र रेणुदेवीले मन्त्री पदको सपथ लिएका छन् । उनीहरु दुबैलाई उपमुख्यमन्त्री समते बनाउने सम्भावना रहेको बताइन्छ ।




## चीनविरुद्ध काठमाडौंमा प्रदर्शन

काठमाडौं । चीनको सिन्जियानमा रहेका उइगुर मुसलमानमाथि चीन सरकारले गरेको दमन र अत्याचार बन्द गर्नुपर्ने माग राख्दै काठमाडौंमा विरोध प्रदर्शन भएको छ ।

चीनले मुस्लिम धर्म संस्कृतिमाथि लगाएको प्रतिबन्ध फिर्ता गर्नुपर्ने, मुसलमानलाई रोजा बस्न या बुर्खा लगाउन दिनुपर्ने लगायतका माग राखी 'जमियत अलमा नेपाल' को रोहबरमा विरोध प्रदर्शन गरिएको हो ।

चीन सरकारले मस्जिद लगायत मुस्लिम धर्मको केन्द्रहरु भत्काउने कदम रोक्न, उइगर मुसलमानमाथि अत्याचार बन्द गर्न र मुस्लिम संस्कृतिको बन्द अभिलम्ब फिर्ता गर्न चीनलाई ध्यानाकर्षण गराउन विरोध प्रदर्शन गरेको अलमा नेपालका सल्लाहकार युनुस हमरले बताए ।

उनले चीनले हिरासतमा रहेका उइगुरहरुरु तत्काल रिहा गर्नुपर्ने पनि बताए । चीनले उइगर मुस्लिमहरूमाथि कैदीलाई जस्तो व्यवहार गरेको भन्दै विश्वभर आलोचना हुने गरेको छ । राष्ट्रसङ्घको एक समितिले सिन्जियाङमा करिब दश लाख उइगुर मुस्लिमहरूलाई चीनले थुनामा राखेको बताएको थियो । चिनियाँ प्रहरीले सिन्जियाङ प्रान्तमा लाखौं उइगुर मुस्लिमलाई पूर्णत निगरानीमा राख्ने गरेको अन्तर्राष्ट्रिय मानव अधिकारवादी संस्था ह्युमन राइट्स वाचको प्रतिवेदनमा उल्लेख छ । यसैको विरोधमा जमियत अलमा नेपालले उइगर मुस्लिमहरूको मानव अधिकार बहाली गर्नुपर्ने माग राख्दै प्रदर्शन गरेको हो ।

## काली नदीको पुल खुला गर्न माग

काठमाडौं । भारतको उत्तराखण्डस्थित पिथौरागढ जिल्लाका ब्यापारीहरुले नेपालसँग व्यापार पुनः सुचारु गर्न माग गर्दै सिमानामा रहेको पुल खोल्न माग गरेका छन् । काली नदीमा रहेको झोलुङ्गे पुले भारतको उत्तराखण्डको धार्चुला र नेपालको दार्चुला जिल्लालाई जोड्ने गर्छ । मार्च २५ मा नेपालले लकडाउनको घोषणा गरेलगत्तै सो पुल बन्द गरिएको छ । सो पुल मार्फत नेपाल आएर भारतीय व्यापारीहरुले गार्मेन्ट, गरगहना र अन्य सामाग्रीहरु बेच्ने गर्दछन् । लकडाउन हटे पनि कोरोनाको सम्भावित संक्रमणलाई दृष्टिगत गरेर बन्द गरिएको छ । अहिले सो पुल कुनै आपतकालीन प्रयोजनको लागि मात्र खुल्ने गरेको छ । भारतीय व्यापारीहरुले पुल खोल्न माग गर्दै पुलमा धर्ना दिन थालेका छन् । पुल बन्द हुँदा आफ्नो ब्यापार नराम्रोसँग प्रभावित भएको भारतीय व्यापारीहरुले बताएका छन् ।

## जिल्ला समाचार

## डा.साहले दिए नयाँ जीवन

सिरहा। जिल्लाको नरहाँ गाउँपालिका वडा नं. १ गौरहाकी उषाकुमारी सदालाई वर्षौंदेखि दाहिने खुट्टाको हाड बाहिर आएकोले दिनहुं पीडा खेप्दै अशक्त बनेकी किशोरीलाई हाडजोर्नी विशेषज्ञ डा.रामकेवल साहले सुनचाँदी घरमा ल्याउने धनतेरसकै दिन निःशुल्क उपचार गरी जीवनदान दिएका छन्। करिब ३ वर्ष अगाडि बाख्रा चराउन गएकी उषा साथीहरुसित खेल्दाखेल्दै सानो रुखबाट हामफाल्दा खुट्टामा मोच आएको थियो, त्यसको केही दिनमै मिर्चैयामा प्लास्टर पनि गरेका थिए। करिब एक महिनापछि प्लास्टर हटाई हिंडडुल गर्न थालेकी उषालाई करिब एक वर्ष पहिला आफै दाहिने खुट्टाको हाड अचानक बाहिर आउन थालेका थिए। दैनिक कार्य समेत गर्न नसकी दिनहुं छटपटाई छटपटाई दिन काटन बाध्य भएका थिए। दैनिक ज्यालादारी गरी गुजारा चलाइरहेकी उषाको घरमा आमाबुबासहित ३ जना रहेका छन्, एउटै दाई रहेको भएपनि आफ्नो परिवार लिएर छुट्टै बसेका र विगत ५ वर्षदेखि भारतको पंजाबमै छन्। ऐलानी ५ धुरमा सानो झुप्रोभित्र जीवनयापन गर्ने उषाको बुबाआमा बुढाबुढी भैइसकेको हुनाले पैसाको जोहो नै गर्न सक्ने अवस्था थिएन। स्थानीय निकाय र त्यहाँको जनप्रतिनिधिले उपचारमा पहल र सहयोग गर्ने दायित्व पुरा गर्न नसकेको हुनाले सामाजिक अभियन्ता तथा भोरको संस्थापक अध्यक्ष राजकुमार महतोले हाडजोर्नी विशेषज्ञ डा.रामकेवल साहसित जोड दिएकोले निःशुल्क रुपमा शल्यक्रियासहित सम्पूर्ण उपचार निःशुल्क रुपमा गरेका छन्। मरेको मान्छेलाई जिउदै रहेको भनी पैसा लिने धेरै डाक्टर र अस्पताल रहेको वीचमा जात, धर्म, रगंको भ्रमलाई चिरी परिवारबाट माथि उठी लाखौ खर्च लाग्ने शल्यक्रियासहित सम्पूर्ण उपचार निःशुल्क रुपमा गरी डाक्टर भगवानको दोस्रो रुप रहेको सावित गरेका छन्। दलित अगुवा सुनिल सदा, धनिर सदाले उषाको पीडा बाहिर ल्याएको थियो र त्यसको खानासहित अतिआवश्यक सामग्री खरिद गर्न जनकल्याण मुसहर एकता सेवा समाज र ऋषिवंश एकता सेवा समाजले पाँच हजार सहयोग गरेका छन्।

## पाँचदिने पत्रकारिता तालिम सम्पन्न

बाँके। मूल धर्म भुलेर गरिने पत्रकारिताले व्यावसायिक पत्रकारहरु समेतलाई बदनाम गर्न थालेको चिन्ता एक कार्यक्रममा सहभागीहरुले गरेका छन् । नेपालगंज उप-महानगरपालिकाका मेयर डा. धवल शम्शेर राणाको तलब भत्ताबाट युथ टुडे मिडिया नेटवर्क प्रालिले आयोजना गरेको पाँचदिने पत्रकारिता तालिमका सहभागीहरुले यस्तो धारणा राखेका हुन् । पत्रकारिता लोकतन्त्र र लोकतान्त्रिक व्यवस्थाको आधार हो नेपालगंज उप-महानगरपालिकाका नगर प्रमुख डा. धवल शम्शेर राणाले भने, मिडियाले सबैलाई मार्गदर्शन गर्ने भएकाले यसलाई चौथो अंग भनिएको हो । मिडिया कहिल्यै पनि पूर्वाग्रही बन्नु हुँदैन नगरप्रमुख राणाले भने, लोकतान्त्रीक विधिलाई स्वीकार गर्न नसकेर वा सहयोग नपाएका कारण भ्रामक समाचार बजाएर कसैलाई लखेट्नु हुँदैन । तालिमका प्रशिक्षक डक्ट प्रसाद धितालले लोकतन्त्रमा मात्रै पत्रकारीता सुरक्षित रहने बताए । नेपालगंज उप-महानगरपालिकाका मेयरले आफनो तलब भत्ता पत्रकारीता तालिमका लागि सहयोग गरेर राम्रो काम गरेको बताउदै एक वडामा एक पत्रकार तयार गर्ने गरी तालिम संचालन भएको यो पहिलो उदाहरण हो । कतिपय पत्रकारहरुले धर्म भूलेर काम गर्दा सिंगो पत्रकारीता क्षेत्र बदनाम भैरहेको बताउदै युथ टुडे मिडिया नेटवर्क प्रालिका संचालक एंव प्रधान सम्पादक आलम खानले, पत्रकार आचारसंहिताको पालना गरेर काम गर्नु पत्रकारको धर्म हो । उनले निपष्क्ष भएर पत्रकारीता गर्न सहभागिहरुलाई अनुरोध गर्दै आवश्यक परे युथ टुडेले प्रशिक्षार्थी पत्रकारहरुलाई अधिकारीकता प्रदान गर्न तयार गरेको जिकिर गरे । उनले एक वडा एक पत्रकार आफनो अभियान भएको बताउदै तालिममा सहभागी भएका सबै जनालाई पत्रकारीतामा आउन आग्रह गरे ।

## सीमा नाका खोल्न सर्लाहीवासीको माग

मलङ्गवा । नेपाल-भारत सीमा नाका खोल्न सर्लाहीवासीले माग गरेका छन् । कोरोना सङ्क्रमण नियन्त्रणका लागि लामो समयदेखि बन्द रहेको नेपाल-भारत सो नाकाका कारण दुवै देशका सीमावर्ती क्षेत्रका बासिन्दाले आफूहरु समस्यामा परेको भन्दै नाका नखोलिए आन्दोलन गर्ने चेतावनी दिएका हुन् । जिल्ला समन्वय समिति सर्लाहीमा बसेको सर्वपक्षीय बैठकले मंगलबारदेखि आन्दोलन गरिने निर्णय गरेको जनाइएको छ । जिल्ला समन्वय समितिका प्रमुख मेथुर चौधरीको अध्यक्षतामा भएको सर्वपक्षीय बैठकले मलङ्गवा गोरखकाली सोनवरसा (भारततर्फ) जाने बाटोमा मङ्सिर २ र ३ गते ११ बजेदेखि १ बजे सम्म धर्नामा बस्ने निर्णय गरेको छ । सर्वपक्षीय बैठकमा राजनीतिक दलका प्रतिनिधि, सङ्घीय सभा, प्रदेशसभाका सदस्य, पालिका प्रमुखलगायत विभिन्न क्षेत्रका व्यक्तिहरुको सहभागिता रहेको थियो । धर्नापश्चात पनि सीमा नाकाहरु खुल्ला नगरिए आन्दोलनका थप कार्यक्रम सञ्चालन गर्ने प्रमुख चौधरीद्वारा जारी विज्ञप्तिमा उल्लेख छ । सीमा नाका मङ्सिर १ गतेदेखि खुल्ने आशमा रहेका जनता कात्तिक ३० गते सरकारले थप एक महिना बन्द गर्ने निर्णय गरेपछि आक्रोसित बनेका हुन् ।

## तेस्रो चरणको तयारीमा प्रदेश सरकार

जनकपुरधाम । कोरोना महामारी नियन्त्रणका लागि प्रदेश सरकारले तेस्रो चरणको तैयारी शुरु गरेको छ । कोरोना महामारीको वर्तमान अवस्था, विगतमा भए गरेको कामकाजको समीक्षा र अगामी रणनीतिबारे छलफल गर्न बिहीबार मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयमा सम्पन्न प्रादेशिक कोरोना संकट व्यवस्थान समिति (पिसिसिएमसी)को बैठकले कोरोना महामारी विरुद्ध तेस्रो चरणको तयारीमा पुगिसकेको निष्कर्ष निकालेको छ । महामारी विरुद्धको तेस्रो चरणको तयारी स्वरुप पचास हजार भिटिएम र रिएजेन्ट खरिद गरिसकेको, पिसिआर ल्याब संचालन गर्न बाँकी रहेको चार जिल्लामा यसै सातादेखि ल्याब संचालनमा ल्याउन सम्पूर्ण तयारी पुरा भैसकेको समाजिक विकास मन्त्रालय आपूर्ति महाशाखाका निर्देशक डा. प्रमोद यादवले जानकारी गराएका छन् । तेस्रो चरणका लागि महत्वपूर्ण रहेको अस्पतालमा आधारित उपचार प्रणालीलाई थप सुदृढ बनाउन प्रदेश भरिका ६ वटा अस्पतालमा २५ बेडका दरले जम्मा १५० बेडको उच्च निर्भरता कक्ष (एच डि यु) निर्माण गर्ने निर्णय समेत गरेको छ । यसका साथै प्रदेश सरकारको आर्थिक सहयोगमा विभिन्न अस्पतालहरुले खरिद गरेको भेन्टिलेटरहरुलाई अतिशीघ्र संचालनमा ल्याउन आवश्यक दक्ष जनशक्ति व्यवस्थापन गर्ने निर्णय समेत गरेको छ । मुख्यमन्त्री मो.लालबाबु राउत गद्दीको अध्यक्षतामा सम्पन्न बैठकले निकट भविष्यमा आउन लागेको कोरोना विरुद्धको भ्याक्सिनलाई व्यवस्थापन गर्न तीन सदस्यीय भ्याक्सिन व्यवस्थापन समिति गठन समेत गरेको छ । संक्रामक रोग विशेषज्ञ एवं विज्ञ समूहका सदस्य डा. गरिबनाथ ठाकुरको संयोजकत्वमा गठित उक्त समितिमा आपूर्ति महाशाखाका निर्देशक डा. प्रमोद यादव र स्वास्थ्य निर्देशनालयका निर्देशक विजय झालाई राखिएको छ ।

## आगलागीबाट लाखौंको क्षति

कपिलवस्तु । मायादेवी गाउँपालिका-४ चाकरचौडा बस्ने दिनेश कुमार कलवारको बालाजी अटो पार्ट एण्ड सर्भिस सेन्टरमा विद्युत सर्ट भई शनिबार राति आगलागी हुँदा करिब १२ लाख रुपैयाँ बराबरको धनमाल जलेर नष्ट भएको छ । स्थानीय बासिन्दा तथा दमकलको सहयोगमा आगलागी नियन्त्रणमा लिनुका साथै यस सम्बन्धमा स्थानीय प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

## जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

मोरङ । २३ वर्षीया महिलालाई जबरजस्ती करणी गरेको अभियोगमा जहदा गाउँपालिका-५ बस्ने २४ वर्षीय बिशाल सोनार ठाकुरलाई मंगलबार प्रहरीले पक्राउ गरेको हो । गत साउन १ गते साँझ ती महिलालाई ललाई फकाई प्रलोभनमा पारी जबरजस्ती करणी गरी फरार रहेका ठाकुरलाई १ नम्बर प्रदेश प्रहरी कार्यालय रानी, विराटनगरबाट खटिएको प्रहरीले रंगेली नगरपालिका(७ मधुवनीबाट पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीबाट थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय मोरङले जनाएको छ ।

## लागूऔषधसहित दुई जना पक्राउ

कपिलवस्तु । कृष्णनगर नगरपालिका-८ बहादुरगंजबाट नियन्त्रित लागूऔषध १ सय ५ ट्याब्लेट नाइट्राभेट र १ सय २० क्याप्सुल ट्रेमोल सहित २ जनालाई शनिबार राति प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरुमा रुपन्देही बुटवल उपमहानगरपालिका-४ घर भएका ३२ वर्षीय सुरज श्रेष्ठ र दाङ घोराही उपमहानगरपालिका-१४ जानकी टोल बस्ने ३६ वर्षीय कृष्ण बहादुर थापा रहेका छन् । ईलाका प्रहरी कार्यालय बहादुरगंजबाट खटिएको प्रहरीले उनीहरुलाई उक्त परिमाणको लागूऔषध सहित फेला पारी पक्राउ गरेको हो ।

## पटाका बरामद

कपिलवस्तु । यसोधरा गाउँपालिका-३ बसन्तपुरस्थित सडकबाट करिब ४ हजार ५ सय रुपैयाँ मूल्य बराबरको विभिन्न किसिमका १ झोला पटाका शुक्रबार बिहान प्रहरीले बरामद गरेको छ । प्रहरी चौकी रंगपुरबाट खटीएको प्रहरीलाई देख्नासाथ भारतबाट नेपालतर्फ अबैध रुपमा ल्याउँदै गरेको उक्त पटाका सोही ठाउँमा छोडेर मानिस फरार भएपछि प्रहरीले बरामद गरेको हो ।

# नेपाल-भारत मन्त्रीस्तरीय बैठक हुने



काठमाडौं । सीमा विवादपछि उत्पन्न गतिरोध अन्त्यका लागि नेपाल-भारतबीच विभिन्न संयन्त्रको बैठक बस्ने तयारी भएको छ । त्यसका लागि काठमाडौं र नयाँदिल्ली आन्तरिक तयारीमा जुटेका छन् । दुवै मुलुकका परराष्ट्र मन्त्रालयका अधिकारीहरूले नेपाल-भारत संवादहीनताका कारण रोकिएको मन्त्रीस्तरीय र सचिवस्तरीय बैठकको तयारी गरिरहेका छन् ।

भारतले नेपालसँगको सम्बन्ध थप कसिलो बनाउन भारतीय राजनीतिमा प्रभाव राख्ने मन्त्रीलाई नेपाल भ्रमण गराउनेसमेत तयारी भइरहेको छ । नेपालसँग बिग्रिएको सम्बन्ध सुधार्न भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको चाहनामा छिट्टै विश्वासिला र प्रभावशाली मन्त्रीलाई नेपाल भ्रमण गराउने तयारी भएको छ । त्यस्तो प्रकारको उच्चस्तरीय राजनीतिक भ्रमण उपयुक्त समयमा छिट्टै गराउने तयारी भएको जनाइएको छ । त्यसअघि हुने सचिव र मन्त्रीस्तरीय बैठकले उक्त उच्चस्तरीय राजनीतिक भ्रमणको वातावरण बनाउने छ । पुस ४ गते विवाह पञ्चमीका दिन प्रधानमन्त्री केपी शर्मा ओली र भारतीय समकक्षी नरेन्द्र मोदीले भर्चुअल रूपमा जनकपुर-जयनगर रेल सेवाको औपचारिक शुभारम्भ गर्ने तयारी भएको छ ।

मंसिर ११ र १२ (नोभेम्बर) मा काठमाडौंमा हुने भनिएको सचिवस्तरीय बैठकलगत्तै डिसेम्बरका लागि मन्त्रीस्तरीय बैठकको तयारी भएको छ । काठमाडौंमा हुने सचिवस्तरीय बैठकका लागि भारतीय विदेश सचिव हर्षवर्धन श्रृंगला आउने भएका छन् । डिसेम्बरमा हुने भनिएको मन्त्रीस्तरीय बैठक भारतको नयाँदिल्लीमा हुने तयारी भइरहेको छ । मन्त्रीस्तरीय बैठकमा सहभागी हुन परराष्ट्रमन्त्री प्रदीप ज्ञवाली भारत जानेछन् । दुवै मुलुकका परराष्ट्र मन्त्रालयका अधिकारीहरूले नेपाल-भारत विभिन्न संयन्त्रका बैठकको तयारी भइरहे पनि सचिवस्तरीय र मन्त्रीस्तरीय बैठकको आधिकारिक मिति सार्वजनिक गरेका छैनन् ।

साउन ३१ गते भारतीय स्वतन्त्रता दिवसका अवसरमा प्रधानमन्त्री ओलीले भारतीय प्रधानमन्त्री मोदीलाई टेलिफोनबाट दिएको शुभकामना सन्देशपछि औपचारिक संवाद सुरु भएको हो । प्रधानमन्त्रीको त्यही टेलिफोनले नेपाल-भारतबीच लामो संवादहीनताको अवस्था अन्त्य गराइदिएको थियो ।

## भारतका पाँच सयभन्दा बढी खेल संस्थाहरूलाई विशेष प्याकेज

नयाँदिल्ली । भारतमा खेल प्रशिक्षण गराउने नीजि संस्थाहरुलाई सरकारले विशेष राहत प्याकेजको घोषणा गरेको छ । युवा तथा खेलुकुँद मन्त्री किरण रिजिजुले झण्डै पाँच सय ओटा खेल प्रशिक्षण संस्थाहरुलाई राहत दिन लागिएको जानकारी दिए ।

"खेलो इन्डिया" अभियान अन्तर्गत उनीहरुलाई सहयोग गर्ने निर्णय भएको मन्त्री रिरिजुले जानकारी दिए । उनीहरुलाई फरक फरक खेलकुदका फरक फरक गतिविधि तथा कार्यक्रमहरुका लागि दिन लागिएको पनि उनले स्पष्ट पारे ।

विषेश गरेर उनीहरुले दिदै आएको नतिजा, संभावित नजिता, प्रशिक्षकहरुको स्तर, उपलब्धता, खेल्ने ठाउँको अवस्था, भौतिक संरचना, खेल सम्बन्धी अन्य सुविधाहरु, कर्मचारीहरुलगायतका कुरालाई हेरेर सहयोग गर्ने मापदण्ड बनाइएको पनि मन्त्रालयले जनाएको छ । खेलकुदको विकास गर्नु सरकारको महत्वपूर्ण काम अन्तर्गत पर्दछ, त्यसका लागि नीति क्षेत्रका संस्थाहरुले पनि धेरै योगदान गरेका छन्, त्यसैले उनीहरुलाई सहयोग गर्न लागिएको हो, मन्त्री रिजिजुले भने ।

देशका दुर्गम क्षेत्रमा पनि खेलकुदको विकास तथा विस्तार गर्नु पर्ने र त्यहाँ रहेका खेल प्रतिभाहरुलाई पहिचान गरी विकास गर्नु पर्ने कुरामा पनि उनले जोड दिए ।

## बाराक ओबामाको भारत, महाभारत र रामायणसँग विशेष सम्बन्ध

वासिङटन । अमेरिकी पूर्वराष्ट्रपति बाराक ओबामाले भारतलाई विशेष स्थानका रुपमा लिने गरेको बताएका छन् । ओबामाले बाल्यकालका केही वर्ष इन्डोनेसियामा रहँदा हिन्दू पौराणिक रामायण र महाभारत सुनेर बिताएको स्मरण गरेका छन् । ओबामाको हालै प्रकाशित संस्मरणमा यस्तो कुरा उल्लेख गरेका हुन् ।

'भारतले विश्वको ६ भागको एक भाग जनसंख्या ओगटेको छ । दुई हजार आदिवासी समूह र सात सय भन्दा धेरै भाषा बोलिन्छ,' ओबामाले आफ्नो नयाँ पुस्तक 'अ प्रोमिस्ड ल्याण्ड'मा भारतसँगको सम्बन्धबारे लेखेका छन् ।

ओबामाले पुस्तकमा भारतका नेता तत्कालिन प्रधानमन्त्री मनमोहन सिंह, सोनिया गान्धी र राहुल गान्धीबारे पनि टिप्पणी गरेका छन् । उनले २०१० मा राष्ट्रपतिको रुपमा गरेको भ्रमण भन्दा पहिले कहिल्यै भारत नपुगेको पनि उनले उल्लेख गरेका छन् । तर उनले भनेका छन्, 'तर यो देश मेरो कल्पनामा सधैं विशेष स्थानको रुपमा रह्यो ।'

ओबामाले लेखेका छन्, 'यस्तो पनि हुनसक्छ कि, सायद मैले जीवनको एक हिस्सा इन्डोनेसियामा रहँदा रामायण र महाभारतका हिन्दू कथाहरु सुनेर बिताएँ, अथवा, पूर्वीय धर्महरुप्रति मेरो रुची भएकाले पनि हुनसक्छ, अथवा कलेजका भारतीय र पाकिस्तानी साथीहरुका कारणले पनि हुनसक्छ, जसले मलाई दाल र किमा पकाउन सिकाए । र बलिउड मुभीमा आकर्षित गराए ।' ओबामाले २००८ को चुनावी अभियानदेखि कार्यकालको अन्त्य २०१६ सम्मको स्मरण आफ्नो पुस्तकमा समेटेका छन् ।

# दूतावासले मनायो पाँचौं आयुर्वेद दिवस



काठमाडौं । पाँचौं आयुर्वेद दिवस (धनवंतरी जयंती) को अवसरमा भारतीय दूतावासद्वारा आयुर्वेद क्याम्पस, ईन्स्टिच्युट अफ मेडिसिन, त्रिभुवन विश्वविद्यालयको सहयोगमा "कोविड-१९ को लागि आयुर्वेद" शिर्षकमा एक वेबिनारका साथै एक अन्तर्राष्ट्रिय निबंध प्रतियोगिता आयोजित गरेको थियो । वेबिनारमा भारत, नेपाल र अन्य देशहरूबाट करिब २०० सहभागीहरू उपस्थित थिए । प्यानलिस्टहरुमा भारत र नेपालका ६ प्रख्यात वक्तार आयुर्वेद अभ्यासकहरु थिए जसले आफ्नो विचारहरु र विशेषज्ञता साझा गरेका छन् । यस अवसरमा नेपालका लागि भारतीय राजदूत विनय मोहन क्वात्राले आयुर्वेदका फाइदाहरू र बढ्दो लोकप्रियताबारे प्रकाश पार्ने एक भिडियो सन्देश दिएका थिए । कार्यक्रममा सहभागिता जनाएकी मिशन उपप्रमुख नामग्या सी खम्पाले भारत र नेपालको घर-घरमा पाइन्ने बेसारलगायत आयुर्वेदिक उत्पादनको बढ्दो खपतको बारेमा चर्चा गरिन् । कार्यक्रममा त्रिभुवन विश्वविद्यालयका रेक्टर प्रोफेसर डा. शिवलाल भुसाल र विश्वविद्यालयका अन्य प्रमुख शिक्षाविद्हरू पनि उपस्थित थिए । कार्यक्रमको दौरान अन्तर्राष्ट्रिय निबन्ध प्रतियोगिताका विजेताहरूको पनि घोषणा गरिएको थियो ।

## भारत, जापान, अमेरिका र अस्ट्रेलियाले संयुक्त सैन्य अभ्यास गर्दै

काठमाडौं । चीनसँगको विवादबीच मंगलबार क्वाड समूहमा आवद्ध भारत, जापान, अमेरिका र अस्ट्रेलियाले संयुक्त सैन्य अभ्यास गर्ने भएका छन् । हिन्दुस्तान टाइम्सका अनुसार अरब सागरको मालाबर तट नजिकै यी राष्ट्रका नौसेनाले संयुक्त सैन्य अभ्यास गर्न लागेका हुन् । चीन र यी चारै देशबीच विवाद भइरहँदा सैन्य अभ्यास हुन लागेको हो । शुक्रबारसम्म हुन लागेको युद्ध अभ्यासमा अमेरिका र भारतका विमानवाहक युद्धपोत पनि समावेश हुनेछन् । चीन र यी चार देशबीच हाल सम्बन्ध राम्रो छैन । भारत र चीन प्रत्यक्ष रुपमा सीमा विवादमा होमिएका छन् । त्यस्तै दक्षिण चीन सागरको दाबी गर्ने चीनको अमेरिका, जापान र अस्ट्रेलियाले आलोचना गरिरहेका छन् । क्वाड समूहलाई चीनले आफूविरुद्धको मोर्चाको रुपमा व्याख्या गरेको छ । दक्षिण चीन सागरको दाबीकर्ता नभएकाले चीनले यी देशलाई हस्तक्षेप नगर्न चेतावनी दिइरहँदा यी देशले भने चीनले अन्तर्राष्ट्रिय अदालतको फैसला मान्नुपर्ने बताएको छ । अन्तर्राष्ट्रिय अदालतले दक्षिण चीन सागरमा चीनको दाबी अवैधानिक भनेको छ । चीनसँग अन्य केही देशले पनि दक्षिण चीन सागर आफ्नो भएको बताउँदै आएका छन् ।

## चीन र भारतलाई रूसको सुझाव : द्वन्द्वले क्षेत्रीय अस्थिरता ल्याउँछ

मस्को । रुसले चीन र भारतको सीमा तनाब बढ्दै जाँदा उत्पन्न हुने वैश्विक अशान्ति र अप्रत्याशिलताले यूरेसिया क्षेत्रमा क्षेत्रीय अस्थिरता बढ्ने बताएको छ । साथै उक्त विभाजनलाई अरुले आफ्नो भूराजनीतिक स्वार्थमा दुरुपयोग गर्नसक्ने सुझाव दिएको छ । अनलाइन मिडियालाई ब्रिफिङको क्रममा मिसनका लागि रसियन उपप्रमुख रोमन बबुश्किनले यस्तो सुझाव दिएका हुन् । दुई एसियाली शक्तिको तनाबले गर्दा दुबैलाई हानी गर्ने भएकाले रचनात्मक संवाद आवस्यक रहेको रोमनको सुझाव छ । 'सांघाइ कोअपरेशन अर्गनाइजेशन' र 'ब्रीक्स'को सदस्य राष्ट्रको हैसियतमा रुसी अधिकारीले दुबै देशलाई सम्मानित संवाद नै प्रमुख उपाय भएको सुझाव दिएका हुन् ।

# आर्थिक समाचार

## ग्लोबल आइएमई बैंकको नयाँ शाखा

काठमाडौं । ग्लोबल आइएमई बैंक लिमिटेडले बिहिबारदेखि तनहूँ जिल्लाको शुक्लागण्डकी नगरपालिका वडा नं. ४ को दुलेगौडामा नयाँ शाखा सञ्चालनमा ल्याएको छ । नयाँ शाखा सञ्चालनमा आएसँगै बैंकको शाखा कार्यालयहरुको संख्या २६३ पुगेको छ । सबै क्षेत्र र वर्गसम्म बैंकिङ्ग सेवाको पहुँच पुऱ्याउने उद्देश्यले ग्लोबल आइएमई बैंकले विभिन्न स्थानमा शाखा, एक्सटेन्सन काउण्टर तथा शाखारहित बैंकिङ्ग सेवा मार्फत आफ्ना ग्राहकहरु माझ सेवा प्रदान गर्दै आइरहेको छ । ग्लोबल आइएमई बैंकले ७२ वटा जिल्लामा फैलिएको २६३ शाखा सञ्जाल सहित २३८ एटिएम, ४५ एक्सटेन्सन काउण्टर तथा राजश्व संकलन काउण्टर, २३१ शाखा रहित बैंकिङ्ग सेवा र ३ अन्तर्राष्ट्रिय प्रतिनिधि/सर्म्पक कार्यालय मार्फत आफ्ना २१ लाख भन्दा बढि ग्राहकहरु माझ सेवा प्रदान गर्दै आइरहेको छ ।

## सनराइजको बैंकको सेवा विस्तार

काठमाडौं । सनराइज बैंकले बागलुङमा १३९औं शाखा सञ्चालनमा ल्याएको छ । बैंकले गण्डकी प्रदेशको बागलुङ नगरपालिका वडा नं २ मा शाखा खोलेको हो । यस्तै बैंकले बाँकेको बैजनाथ गाउँपालिका-७ बनकटुवामा ५२ औं शाखारहित बैंकिङ्ग सेवाको सुरुवात गरेको छ । सो शाखारहित बैंकिङ्ग सेवाको उद्घाटन कार्यक्रममा प्रमुख अतिथिमा बैजनाथ वडा नं ७ का कार्यकारी वडा अध्यक्ष गोपाल थारुको उपस्थिति रहेको थियो । बैंकको शाखारहित बैंकिङ्ग सेवा प्रतिनिधि नरेन्द्रकुमार चौधरीलाई पोइन्ट अफ सेल मेसिन हस्तान्तरण गरी सञ्चालनमा ल्याएको हो । उक्त सेवाबाट ग्राहकले निक्षेप सकंलन, रकम भुक्तानी, रकम स्थानान्तरण, बिल भुक्तानी जस्ता सेवाहरु लिन सकिने जनाएको छ ।

## सानिमाको साधारणसभा सम्पन्न

काठमाडौं । सानिमा बैंक लिमिटेडले शुक्रबार आफ्नो १६औं वार्षिक साधारणसभा सम्पन्न गरेको छ । विश्वभर फैलिएको कोभिड १९का कारण सरकारले तोकेको सीमा भित्र सेयरधनी उपस्थित भएका थिए भने बाँकी सेयरधनी भर्चुअल माध्यमबाट सहभागी भएको बैंकद्वारा जारी विज्ञप्तिमा उल्लेख छ । बैंकले गत आर्थिक वर्षमा १ अर्ब ७८ करोड रुपैयाँ खुद मुनाफा गरेको थियो । बैंकका अध्यक्ष विनयकुमार श्रेष्ठको अध्यक्षतामा भएको उक्त सभाले सञ्चालक समितिले प्रस्ताव गरेअनुसार हालको चुक्ता पुँजीको १० प्रतिशत बोनस सेयर र ३.६० प्रतिशत नगद लाभांश प्रदान गर्ने प्रस्ताव पारित गरेको छ ।

## भारी मतान्तरले विजयी हुनेछौं

काठमाडौं । नेपाल उद्योग वाणिज्य महासंघको आसन्न निर्वाचनमा जिल्ला तथा नगर अध्यक्षहरुले वरिष्ठ उपाध्यक्षका उम्मेदवार चन्द्रप्रसाद ढकाल टीमलाई ८० प्रतिशतभन्दा बढी मत दिएर विजयी गराउने प्रतिवद्धता जाहेर गरेका छन् । महासंघको आसन्न विर्नाचनको क्रममा जिल्ला दौडाहामा रहेका वरिष्ठ उपाध्यक्षका उम्मेदवार ढकाल, जिल्ला नगरतर्फका उपाध्यक्षका उम्मेदवार गुणनिधी तिवारी तथा केन्द्रीय सदस्यहरुलाई प्रत्यक्ष रुपमा भेटगरी जिल्ला नगर अध्यक्षहरुले उक्त टीमलाई ८० प्रतिशतभन्दा बढी मत दिलाएर विजयी गराउने प्रतिवद्धता जाहेर गरेका हुन् । जिल्ला अध्यक्षहरुले भेटघाटको क्रममा महासंघको नेतृत्व गर्न स्टेकहोल्डर चाहिने र त्यसका लागि एक मात्र विकल्प चन्द्र ढकाल रहेको समेत बताएका थिए । 'वास्तविक रुपमा व्यवसाय गरेका सफल व्यवसायीले मात्रै महासंघको नेतृत्व सम्हाल्न सक्छ,' भेटघाटका क्रममा जिल्ला अध्यक्षहरुले भने, 'चन्द्र ढकाल बागलुङमा जन्मेर सानादेखि ठूला व्यवसायसम्म सफल रुपमा संचालन गरेको र सरकारदेखि विदेशी दातृ निकायसम्म पनि उत्तिकै पहुँच भएकाले ढकाल महासंघमा अहिले निर्विकल्प उम्मेदवार हुन ।' नेपालको सुदूरपश्चितको धनगढीबाट सुरु गरेर १ नम्बर प्रदेशको धनकुटासम्म पुगेको ढकाल टीमलाई सबैजसो जिल्ला अध्यक्षले प्रत्यक्षरुपमा भेटगरी भारी मतले चुनाव जिताउन आफुहरु लागिपर्ने बताएका थिए । चुनावी अभियानको क्रममा कात्तिक २० गते धनगढी पुग्दा ढकाल प्यानललाई स्वागत गर्दै सुदूरपश्चिम प्रदेशका सबैजसो जिल्ला अध्यक्षले एउटै स्वतरमा भने 'हामीले डेढ दशकपछि साना मझौला तथा जिल्लाका उद्योगी व्यवसायीका समस्या सम्बोधन गर्न सक्ने व्यक्ति पाएका छौं त्यसैले आसन्न निर्वाचनमा वरिष्ठ उपाध्यक्षका उम्मेदवार चन्द्रप्रसाद ढकाल र जिल्ला नगरतर्फका उपाध्यक्ष गुणनिधी तिवारीलाई जिताउनुको विकल्प छैन ।'

## सीमाको...

लागि चैत ११ देखि नाकामा आउजाउ असहज छ । त्यहीबेलादेखि बिहेबारीलगायत अन्य सामाजिक कार्यहरू प्रभावित भएका छन् । वारिपारि विवाह भएका छोरीबेटीहरूले पनि चाडपर्वका समयमा आउजाउ गर्न पाएका छैनन् ।

**नेपालीलाई सास्ती**

पारिको बजारमा यताभन्दा सस्तोमा सामान किन्न अभ्यस्त बनेका सीमावर्ती क्षेत्रका नेपालीलाई मर्का परेको छ । जीविकोपार्जनका लागि रासन खरिददेखि पेसा व्यवसायसम्मका लागि दुईतर्फी आउजाउ गरिरहने मानिसलाई नियमित कामकाज रोकिँदा समस्या भएको हो । स्थानीहरुकाअनुसार पारिका मान्छे यता आउन रोकिँदा नेपालको बजार र व्यवसाय पनि सुकेको छ । चाडबाडका बेला मानिसले थप पीडा महसुस गरेका छन् ।

सीमा खुलाउनुपर्ने मागमा राजनीतिक दल, सीमा क्षेत्रका पालिका प्रमुख र सांसदहरू एकमत देखिएका छन् । सर्लाहीमा जिल्ला समन्वय समितिका संयोजक मेथुर चौधरीको संयोजकत्वमा सीमा खुलाका लागि दबाब दिन सर्वदलीय संघर्ष समिति बनाइएको छ ।

औपचारिक नाका बन्द भइरहँदा सवारीसाधनबाट मानिसको ओहोरदोहोर हुन सकेको छैन । अत्यावश्यक कामले वारिपारि गर्नेहरू कष्टप्रद यात्रा गरिरहेका छन् । जनता समाजवादी पार्टीका प्रदेशसभा सदस्य अशोककुमार यादवले महिनौं सीमा बन्द गरेर सरकारले सीमावर्ती क्षेत्रका बासिन्दाबीच फाटो ल्याउने काम गरेको बताए । वारिका बजार पूर्णरूपमा खुलेका छन्, पारि पहिलेदेखि नै खुला छन् । सीमापारि बिहारमा भर्खरै चुनावसमेत भएको छ । दशगजा क्षेत्रमा मात्रै नेपालका तर्फबाट गरिएको लकडाउनले कोरोना संक्रमण नियन्त्रण हुने विश्वास राख्नु गलत भएको कांग्रेसका प्रदेशसभा सदस्य उपेन्द्र कुशवाहाले बताए ।

सीमा बन्दले सम्बन्ध र परम्परा मात्र हैन, यस क्षेत्रका नागरिकलाई औषधि उपचार गराउन पनि निकै समस्या परिरहेको छ । भारतीय बजार नजिक पर्ने गरेकाले सीमा क्षेत्रका नागरिकका लागि औषधि उपचारसहित किनमेल गर्न भारतीय बजार रोजाइमा पर्दै आएको थियो । अर्कोतर्फ भन्सारको बाटो बन्द हुँदा तस्करीले प्रश्रय पाएको छ । विद्यालय तथा कलेज पढ्ने उमेरका युवा तस्करीमा जोडिन थालेका छन् । पढाइ रोकिएर घर आएका कतिपय युवा वारिका व्यापारीका लागि सामान ल्याइदिने, औषधि ढुवानीमा संलग्न हुने जस्ता काममा सक्रिय भएका छन् ।

## गौर.गौर...

जेल हाल्नुको विकल्प नरहेको नेता साहले बताए ।

'दुई काण्डका कारण रौतहटको नाममा ठूलो कलंक लागेको छ । एउटा बम काण्ड र अर्को गौर काण्ड । बम काण्डको छिनोफानो त भैसक्यो तर गौर हत्याकाण्डको पीडितले न्याय पाउन बाँकी छ । रौतहटमाथिको कलंक हटाउन गौर हत्याकाण्डको अनुसन्धान हुनु जरुरी छ । यसमा जोसुकै व्यक्ति दोषी देखिन्छ भने त्यसलाई दण्डित गर्नुपर्छ ।' नेता साहले भने, 'यहाँ जाहेरी दर्ता भएको छ, तत्काल न्यायाधीशको नेतृत्वमा गठित आयोगले प्रतिवेदन दिइसकेको छ। त्यसैले यस्तो अमानवीय र विभत्स हत्याकाण्डका दोषीलाई उन्मुक्ति दिएर कानुनी शासन बहाली हुँदैन। गौर हत्याकाण्डबारे आँखा चिम्लेर बस्न सकिँदैन। यस घटनाका दोषीलाई कानुनी दायरामा ल्याउनुपर्छ, पीडित पक्षले न्याय पाउनुपर्छ ।'

नेता साहले थपे, 'तर आज यति दिन बितिसक्दा पनि न्यायको लागि गुहार्नुपर्ने र दोषीलाई लाई कारवाही नहुने अवस्था आउनु दु:खद छ ।'

'हामी ती वीर सहिदहरुको पीडित पीडित परिवारलाई विश्वस्त पार्न चाहन्छौं कि हत्याराहरु अब छिटै जेलभित्र हुनेछन् । अब गौर हत्याकाण्डको अपराधीलाई सजाय दिन विलम्ब हुनुहुँदैन । म सम्बन्धित पक्षको गम्भीर ध्यानाकर्षण गराउन चाहन्छु ।' नेता साहले भने ।

२०६३ साल चैत्र ७ गते रौतहटको गौरस्थित राईसमिलमा तत्कालीन नेकपा माओवादीका २७ जना कार्यकर्ताको हत्या गरिएको थियो । हाल जसपाका अध्यक्ष रहेका तत्कालीन मधेशी जनअधिकार फोरमका केन्द्रिय अध्यक्ष उपेन्द्र यादवको योजना उक्त हत्याकाण्ड भएको भन्दै जिल्ला प्रहरी कार्यालय रौतहटमा जाहेरी दर्ता भएको छ । तर मुद्दा अहिले विचाराधीन अवस्थामा रहेकोले न्यायका लागि पीडितहरु गुहार्दै आएका छन् ।

कार्यक्रममा प्रदेश सासंद कुन्दन कुश्वाहा, संविधानसभा सदस्य अबदुल कलाम आजाद, कटहरीया नगरपालिकाका मेयर सियाराम कुश्वाहा, नेकपा प्रदेश कमिटी सदस्यहरु त्रिभुवन साह, मनोज यादव, जयचन्द्र पटेललगायतका नेताहरुको उपस्तिथि रहेको थियो ।

## छठ...

गर्छन् । यस अवसरमा व्रतालु महिलाले श्रद्धापूर्वक गाउने गर्छिन् -

*हातबा मे फूलवा के डलिया, छठ पूजन जाय ।*

*छठी मैया होइब सहाय, छठ पूजन जाय ॥*

हातमा फूलको डालो लिएर छठी मैयाको पूजाका लागि गइरहेका छौं, छठी माता हामीमाथि विशेष कृपा बनाइराख्नु होला । निर्धारित जलाशयमा पुगेर परिकारहरू जलाशयको किनारमा राख्नुअघि त्यस ठाउँ र पूजा सामग्रीलाई व्रतीले पाँचपटक साष्टाङ्ग दण्डवत गर्छन् । त्यस ठाउँलाई पवित्र पार्न परिवारका सदस्यले पहिले नै तान्त्रिक पद्धतिअनुरूप 'अरिपन चित्र' कोरेका हुन्छन् । त्यसपछि व्रतीले सन्ध्याकालीन अर्थात् अस्ताउन लागेको सूर्यलाई प्रसादस्वरुप अर्घ दिन पानीमा पसेर सूर्य अस्ताउन्जेलसम्म आराधना गर्ने गर्छन् । यस क्रममा व्रतीले दुवै हत्केलामा 'पिठार' र सिन्दूरलगाएर अक्षता फूल हालेर अन्य अर्घ सामग्री पालोपालो गरी अस्ताचलगामी सूर्यलाई अर्पण गरेर डिलमा आउने गर्छन् । पर्वको चौथो दिन अर्थात् अन्तिम दिनलाई पारन अर्थात् पार्वण भनिन्छ । यस दिन बिहान उषाकालमा व्रत लिनेहरू पुन: जलाशयमा पुगी अघिल्लो दिन गरेको क्रम दोहोऱ्याई प्रात:कालीन सूर्यलाई अर्घ दिई पर्वको समापन गरिन्छ । अर्घ सम्पन्न भएपछि सूर्य पुराण श्रवण गर्ने चलन छ । व्रतीले छठ व्रतको कथा सुन्छन् र सुनाउँछन् । यस पर्वमा यथासम्भव टुप्पोमा पात भएको चारवटा उखुलाई गाडेर त्यसभित्र पूजा गर्ने चलन पनि रहेको छ । प्रात:कालीन अर्घमा दीप मालाले सजिएका जलाशयमा अपूर्वको अनुभूति पनि प्राप्त हुन्छ । महाभारतका अनुसार द्रोपदीसहित पाण्डवहरू अज्ञातवासमा रहँदा उक्त गुप्तवास सफल होस् भनी सूर्यदेवलाई आराधना गरेका थिए । उक्त समयमा पाण्डवहरू मिथिलाको विराट राजाका क्षेत्रमा बास बसेको उल्लेख छ । लोककथन बमोजिम सोही समयदेखि छठ मनाउने परम्पराको थालनी भएको हो । सूर्य पुराणअनुसार सर्वप्रथम अत्रिमुनिकी पत्नी अनुसुयाले छठ व्रत गरेकी थिइन् । फलस्वरूप उनले अटल सौभाग्य र पतिप्रेम प्राप्त गरिन् र त्यही बेलादेखि 'छठ पर्व' मनाउने परम्पराको सुरुवात भएको तथ्य उल्लेख छ ।

संसारका सम्पूर्ण भौतिक विकास सूर्यमाथि नै आधारित छन् । तिनको शक्तिबिना रुख, बिरुवा, वनस्पति, प्राणी, जीवजन्तु कसैको पनि अस्तित्व रहन सक्दैन । सूर्य किरणको चिकित्सा माथि कैयौं चिकित्सकले ग्रन्थ लेखेको पाइन्छ । सूर्यको किरणवाट कैयौं असाध्य तथा अक्षय रोगको आश्चर्यजनक उपचारसमेत खोजिएको छ । साम्व पुराणमा आफ्नै पिता श्रीकृष्ण तथा महर्षि दुर्वासाको सरापद्वारा कुष्ठरोगबाट पीडित साम्व सूर्यको आराधनाको फलस्वरूप रोग मुक्त हुन गएको भन्ने चर्चा छ । छठ पर्वमा व्रत गरे दु:ख र दरिद्रताबाट मुक्ति पाइन्छ भन्ने जनविश्वास छ । यसमा झुप्पा-झुप्पा फलहरू चढाउँदा सूर्य देउता प्रशन्न भई व्रतीका कुटुम्बसहित सबै सन्तानको भलो हुन्छ भन्ने मान्यता छ । यस पर्वमा जो व्रत बस्न सक्दैन उसले अर्को व्रत गर्नेबाट व्रत गराउने गर्छन् । आर्थिक अभावमा भिक्षा मागेरै भए पनि यो पर्व मानिसहरू मनाउने गर्छन् ।




## कसैले उक्साए जवाफ दिन भारत सक्षम छ : मोदी

नयाँदिल्ली । भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले यदि कसैले भारतलाई उक्साए त्यसको कडा जवाफ दिने बताएका छन् । उक्साएपछि कडा जवाफ दिन भारत सक्षम रहेको पनि उनले बताएका छन्। मोदी सेनाका जवानसँग दीपावली मनाउन जैसलमेरको लोङ्गेवाला पुगेका थिए । सेनाका जवानलाई बधाई दिएपछि मोदीले चीनतर्फ इसारा गर्दै भने, 'आज पूरा विश्व विस्तारवादी शक्तिलाई लिएर चिन्तित छ । यो एक प्रकारले मानसिक विकृति हो र यसले १८ औं शताब्दीको सोचलाई दर्शाउँछ ।' उनले अघि भने, 'भारत अरुको कुरा सुन्ने र आफ्नो कुरा सम्झाउने नीतिमा विश्वास गर्छ तर यदि कसैले उक्साउँछ भने प्रचण्ड जवाफ दिन सक्षम छ ।' भारत र चीनबीच सीमा विवाद जारी रहेको बेला मोदीको यो सन्देश आएको हो ।

**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, कार्यकारी सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ०१-५७०६१४२, ५७०६१४१, फ्याक्स : ०१-५७०६१४१,
Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं